सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ असार २०८०, शुक्रबार (14 July 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ९२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ ९८ प्रकारका औषधि निःशुल्क वितरण गर्न ढुकुटीबाट बर्सेनि डेढ अर्ब खर्च

तर, राजधानीकै स्वास्थ्य संस्थामा आइरन चक्कीसमेत पाइँदैन

डब्लुएचओ भन्छ– उपचारमा हुने व्यक्तिगत खर्चका कारण प्रत्येक वर्ष पाँच लाख ७४ हजार २९४ नेपाली गरिबीको रेखामुनि धकेलिन्छन्

मञ्जु टेलर / नयाँ पत्रिका

काठमाडौंको गौशालामा बस्ने ४२ वर्षीया अनिशा मगर रातिको समयमा ज्वरो आउने र दुब्लाउँदै जाने समस्या भएपछि काठमाडौं- ८ स्थित रामघाट प्राथमिक स्वास्थ्य केन्द्र पुगिन्। क्षयरोगको शंका भएकाले एक्सरेलगायत परीक्षण गरेर थप उपचारका लागि उनी स्वास्थ्य केन्द्र पुगेकी थिइन्।

स्वास्थ्य जाँचपछि उनलाई चिकित्सकले ज्वरोको औषधिसँगै अन्य औषधि लेखिदिए। उनका लागि चिकित्सकले लेखिदिएका औषधि स्वास्थ्य केन्द्रको भित्तामा झुन्ड्याइएको निःशुल्क औषधिको सूचीमै थियो। तर, केन्द्रमा औषधि भने थिएन। उनले गुनासो गरिन्, 'अघिल्लोपटक आउँदा पनि खोकीको औषधि बाहिरबाट किन्नुपऱ्यो। सबै औषधि किन्नुपर्ने भए निःशुल्क पाउँछ भनेर किन भन्नु ?'

■ आधारभूत स्वास्थ्य केन्द्र (स्वास्थ्य चौकी)मा ९८ मध्ये ९१ प्रकारका र प्राथमिक स्वास्थ्य केन्द्र तथा प्रादेशिक अस्पतालमा ९८ प्रकारकै औषधि निःशुल्क पाइने व्यवस्था छ।

■ सरकारले तोकेका ९८ प्रकारका निःशुल्क औषधिको सूची पृष्ठ ११

'रामघाट प्राथमिक स्वास्थ्य केन्द्रले दिने गरेका निःशुल्क औषधिको सूची भित्तामा टाँसे पनि महानगरले समयमा उपलब्ध नगराउँदा सधैं अभाव हुने गरेको छ,' केन्द्रकी प्रशासनिक प्रमुख रञ्जना शाहले भनिन्, 'महानगरले साउनसम्ममा औषधि पठाउने भनेको छ। अहिले प्रदेशले पठाएका केही औषधि मात्र उपलब्ध छन्। हाल २५-३० प्रकारका निःशुल्क औषधि मात्रै छन्।'

रामघाट स्वास्थ्य केन्द्रमा मात्रै होइन, काठमाडौं- ७ स्थित सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा पनि बढीमा ४० प्रकारका निःशुल्क औषधि मात्र उपलब्ध छन्। केन्द्रकी प्रमुख सुवासिनी कर्माचार्यले भनिन्, 'हामीकहाँ आउने अधिकांश बिरामी प्रेसर, सुगर, रेबिज र टिबीका तथा नियमित चेकजाँचमा रहेका गर्भवती हुन्छन्। तर, यी समस्याकै उपचारमा आवश्यक औषधि उपलब्ध छैनन्।' आवश्यकताअनुसार हरेक तीनदेखि ६ महिनामा महानगरसँग औषधिको माग गर्ने भए पनि न्यून मात्रै आउँदा समस्या भएको उनले बताइन्। क्याल्सियम, भिटामिन, आइरन चक्कीलगायत अत्यावश्यक सप्लिमेन्टकै लागि बाहिर फार्मेसीमा पठाउनुपरेको उनले सुनाइन्।


आधारभूत स्वास्थ्य संस्थामा मात्रै होइन, प्रादेशिक अस्पतालमा समेत निःशुल्क औषधि उपलब्ध छैनन्। औषधि उपलब्ध गराइदिन प्रदेश सरकारसँग पटक-पटक माग गर्दै आए पनि वर्षमा एकपटक मात्रै औषधि दिएको बताउँछन्- ललितपुरस्थित बज्रबाराही चापागाउँ अस्पतालका फार्मेसी प्रमुख हिरा कार्की। 'यो असारमा ३० प्रकारका औषधि दिइएको छ, यसअघि पोहोर असारमा आएको थियो,' उनले भने, 'अघिल्लो असारमा उपलब्ध भएको औषधि गत माघमै सकिएपछि एक वर्षको

» पृष्ठ ११ मा क्रमशः



काठमाडौं महानगर- ८ स्थित रामघाट प्राथमिक स्वास्थ्य केन्द्रको भित्तामा निःशुल्क पाइने औषधिको सूची टाँसिएको छ। तर, केन्द्रमा २५-३० प्रकारका औषधि मात्र उपलब्ध छन्। स्वास्थ्य जाँचका लागि पुग्ने बिरामीले ज्वरोको औषधिसमेत पाउँदैनन्।

■ पछिल्ला पाँच वर्षमा निःशुल्क औषधिका लागि कति भयो निकासा ?



■ औषधिमा हुने खर्चले बढाउँदै छ गरिबी

स्वास्थ्य उपचारमा महँगो खर्चका कारण नेपालमा वार्षिक पाँच लाख ७४ हजारभन्दा बढी नागरिक गरिबीको रेखामुनि गइरहेको अध्ययनले देखाएको छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को दक्षिण-पूर्व एसिया क्षेत्रमा सर्वव्यापी स्वास्थ्य पहुँच र स्वास्थ्यसम्बन्धी दिगो विकास लक्ष्यको प्रगतिसम्बन्धी प्रतिवेदन, २०२२ ले नेपालमा स्वास्थ्य उपचारमा हुने व्यक्तिगत खर्चका कारण प्रत्येक वर्ष पाँच लाख ७४ हजार दुई सय ९४ नागरिक गरिबीको रेखामुनि धकेलिनुपरेको देखाएको हो। विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको प्रतिवेदनअनुसार प्रत्येक वर्ष स्वास्थ्य उपचारका लागि ३० लाख जनसंख्याले आर्थिक समस्या भोग्दै आएका छन् भने १०.७ प्रतिशत नागरिकले उपचारका लागि आफ्नो आयस्रोतको १० प्रतिशत रकम स्वास्थ्यमा खर्च गर्नुपर्ने अवस्था रहेको प्रतिवेदनले उल्लेख गरेको छ।

स्वास्थ्य मन्त्रालयको १० वर्षीय वितरण नीतिमा समावेश गरिएको तथ्यांकअनुसार नेपालमा स्वास्थ्यमा ५७.२ प्रतिशत व्यक्तिगत खर्च हुँदै आएको छ। जसमध्ये पनि ७५ प्रतिशत खर्च औषधिजन्य वस्तुमा मात्र खर्च भइरहेको छ। उपचार र विशेष गरी औषधिजन्य वस्तुमा सरकारको सहयोग न्यून हुँदा आमनागरिक गरिबीतिर धकेलिएको अध्ययनले देखाएका छन्। सरकारले व्यक्तिगत खर्चको दर घटाउन भन्दै उपयुक्त सामाजिक स्वास्थ्य सुरक्षाका उपायमार्फत स्वास्थ्य बिमा, विपन्न नागरिक स्वास्थ्य उपचार, निःशुल्क औषधिलगायत आधारभूत स्वास्थ्य सेवा सञ्चालनमा ल्याएको छ। तर, सञ्चालनमा रहेका सामाजिक सुरक्षाअन्तर्गतका कार्यक्रमसमेत प्रभावकारी हुन सकेका छैनन्।

पाकिस्तान 'ए'सँग खेल्दै नेपाल



इमर्जिङ टिम्स एसिया कपमा अन्तर्राष्ट्रिय क्रिकेटका अनुभवी खेलाडी मोहमद ह्यारिस, अर्सद इक्बाल, कामरान गुलाम र मोहमद वासिम सम्मिलित पाकिस्तानविरुद्ध नेपालले आज खेल्दै

● **रोहितकुमार पौडेल**, कप्तान, नेपाल



इमर्जिङ कपमा हरेक खेल जित्नकै लागि खेल्छौं, सबैले त्यही मानसिकता राखेका छन्, यो एउटा अवसर हो। यसै कारण प्रत्येक खेलमा कडा मिहिनेत हुनेछ।

(विस्तृत पृष्ठ १२)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सात राजदूत र नयाँ परराष्ट्रसचिव नियुक्तिको तयारी

नयाँ पत्रिका

सरकारले विदेशस्थित सात कूटनीतिक नियोगमा राजदूत नियुक्तिका लागि सिफारिस गर्ने तयारी गरेको छ। मन्त्रिपरिषद्को आगामी बैठकबाट राजदूतसँगै नयाँ परराष्ट्रसचिव नियुक्ति प्रक्रिया अघि बढाउने सरकारी तयारी छ।

हाल पाँच दूतावास र दुईवटा संयुक्त राष्ट्रसंघीय नियोग नेतृत्वविहीन छन्। न्युयोर्क र जेनेभास्थित राष्ट्रसंघीय स्थायी नियोग तथा युएई, क्यानडा, कुवेत, थाइल्यान्ड र फ्रान्समा कार्यकाल सकिएर राजदूतहरू स्वदेश फर्किसकेका छन्।

न्युयोर्क र जेनेभास्थित राष्ट्रसंघीय स्थायी नियोग तथा युएई, क्यानडा, कुवेत, थाइल्यान्ड र फ्रान्समा राजदूत रिक्त

न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघीय स्थायी प्रतिनिधि अमृतबहादुर राई, जेनेभास्थित संयुक्त राष्ट्रसंघीय स्थायी प्रतिनिधि मणिप्रसाद भट्टराई, युनाइटेड अरब इमिरेट्सका लागि राजदूत कृष्णप्रसाद ढकाल, क्यानडाका भृगु दुंगाना, कुवेतका दुर्गाप्रसाद भण्डारी र फ्रान्सका लागि राजदूत दीपक अधिकारीको कार्यकाल सकिएको छ। कार्यकाल सकिएर स्वदेश फर्केका सबै परराष्ट्रका सहसचिव हुन्। अब सातै स्थानमा परराष्ट्रका सहसचिवहरूको नियुक्तिका लागि सरकारले सिफारिस गर्न लागेको छ।

'हामी सघन छलफलमा छौं। राजदूत नियुक्ति सिफारिस यथाशीघ्र हुन्छ,' परराष्ट्रमन्त्री एनपी साउदले नयाँ पत्रिकासँग भने, 'सकेसम्म चाँडो निर्णय गर्ने गरी छलफल भइरहेको छ।' राजदूत एवं स्थायी प्रतिनिधि नियुक्तिसम्बन्धी निर्देशिकाअनुसार कार्यकाल सकिन तीन महिना बाँकी हुँदै सरकारले नयाँ राजदूत सिफारिस गर्नुपर्ने हुन्छ। तर, कार्यकाल

» पृष्ठ ११ मा क्रमशः



बाढीले सताउन थालेपछि धान फल्ने खेत बाँझै छाड्दै किसान

■ कैलालीमा हरेक वर्ष कम्तीमा पाँच सय हेक्टरको धानमा बाढीले क्षति गर्छ



कैलारी गाउँपालिका- ७ बसन्ताका किसान सुन्दरप्रसाद चौधरीले बाँझो राखेको खेत। कृषि ज्ञान केन्द्र कैलालीका अनुसार कैलालीमा ६९ हजार चार सय हेक्टरमा बर्खे धानखेती हुन्छ। तर, त्यसमध्ये पाँच सय हेक्टर खेतको धानमा हरेक वर्ष बर्खामा आउने बाढीले क्षति गर्छ। 'बाढी आए करिब पाँच सय हेक्टरमा ८० प्रतिशतसम्म क्षति हुन्छ,' कृषि ज्ञान केन्द्र प्रमुख प्रमुख खगेन्द्रप्रसाद शर्माले भने, 'त्यसमध्ये केही क्षेत्रमा किसानले रोपाइँ गर्छन्, केही बाँझै छोड्छन्।'

■ २५ वर्षअघि राप्ती नदीले लगेको खेत त फर्कियो, तर धान रोप्न पाइएन



२५ वर्षपहिले राप्ती नदीले कटान गरी बगर बनाएको बाँकेको डुडुवा गाउँपालिका- १ पिप्रहवाका सोहनलाल यादवको एक बिघा जमिन अहिले खेतीयोग्य भएको छ। तर, असार सकिन लाग्दा पनि उनले रोपाइँ गर्ने कि नगर्ने भनेर निश्चित गरिसकेका छैनन्। उनले गत वर्ष खेतमा रोपाइँ गरे, बाली राम्रै थियो। तर, पाकेको धानबाली भित्र्याउन पाएनन्। असोज अन्तिमतिर राप्तीमा आएको बाढीले धान बगायो। उनलाई ४६ हजार घाटा लाग्यो। 'रोपाइँ गरे पनि भित्र्याउन पाइन्छ कि पाइँदैन,' उनले भने, 'त्यसैले बाँझै छाडेको छु।'

■ धनगढीबाट **तेजराज भट्ट** र बाँकेबाट **विश्वराज पछ्लडङ्गया**

कैलालीको कैलारी गाउँपालिका- ७ बसन्ताका किसान सुन्दरप्रसाद चौधरीले पौने तीन बिघा खेतमध्ये डेढ बिघामा मात्र रोपाइँ गरेका छन्। बाँझै छाडेको बाँकी पनि खेत नै हो, धान फल्छ। तर, हरेक बर्खामा कटैनी खोलामा आउने बाढीले धानबाली बगाउने/डुबानमा पार्ने भएकाले उनले आधा खेतमा मात्र रोपाइँ गरेका हुन्।

'खोलामा हरेक वर्ष आउने बाढीले १०-१२ कट्ठामा पटान (बालुवा भरिएको) छ,' चौधरीले भने, 'रोपेको डेढ बिघाको धान पनि भित्र्याउन

» पृष्ठ ११ मा क्रमशः

मानव तस्करीको आरोपमा चिनियाँ नागरिक पक्राउ

काठमाडौं/ थाइल्यान्डमा लगेर रोजगारीमा लगाउने भन्दै झुक्याएर म्यानमार, लाओसलगायत देशमा मानव तस्करी गर्दै आएका एक चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। मानव बेचबिखन अनुसन्धान ब्युरोले चिनियाँ नागरिक लियाङ जुनलाई बुधबार पक्राउ गरेको हो।

लियाङले धेरै नेपालीलाई थाइल्यान्ड हुँदै म्यानमार लगेर बन्धक बनाई अवैध काममा लगाएको ब्युरोका एसएसपी जीवनकुमार श्रेष्ठले बताए। म्यानमार पठाएका एक व्यक्तिको जाहेरीका आधारमा प्रहरीले उनलाई पक्राउ गरेको हो। उनी पाँच वर्षदेखि नेपालमा बस्दै आएको प्रहरीले जनाएको छ।

लियाङसहितको समूहले एक नेपालीलाई ९ साउन ०७९ मा थाइल्यान्ड हुँदै म्यानमार पठाएको थियो। त्यहाँ बन्धक बनाएर अवैध काम (अनलाइन स्क्यामिङ)मा लगाएपछि पीडित भागेर अर्को महिना नेपाल आएका थिए। धेरैजना नेपाली अहिले पनि म्यानमारमा बन्धक अवस्थामा रहेर चिनियाँले सञ्चालन गरेको 'अनलाइन ठगी' धन्धामा रहेको पीडितको भनाइ छ। 'थाइल्यान्डमा टाइपिङसम्बन्धी काम लगाउने भनेर लैजान र त्यहाँबाट बसमा म्यानमारमा पुऱ्याइने रहेछ,' एसएसपी श्रेष्ठ भन्छन्, 'त्यहाँ पुगेका अन्य व्यक्तिले पनि उद्धारका लागि हारगुहार गरेका छन्।' म्यानमार पुगेपछि मोबाइलसमेत राख्न नदिने र दैनिक २० घन्टासम्म चिनियाँ गिरोहले अनलाइन ठगीमा लगाउने गरेको छ। नेपाल फर्कन खोज्नेलाई लाखौं फिरौती माग्ने गरेको एसएसपी श्रेष्ठ बताउँछन्। कतिपय व्यक्ति त फिरौती बुझाएरसमेत नेपाल फर्किएका छन्। त्यसरी बन्धक बनाइएको ठाउँमा म्यानमार सरकारको पनि पूर्ण नियन्त्रण नभएकाले उद्धारमा कठिनाइ भएको स्रोतको भनाइ छ। केही भने भागेर नेपाल आएका छन्।

मानव तस्करीको गिरोहमा अन्य चिनियाँसमेत रहेको प्रहरीले जनाएको छ। उनीहरूले चिनियाँ दोभाषेमार्फत नेपालीलाई सम्पर्क गरी म्यानमार लैजाँदै आएका छन्। एक वर्षअघि पनि ब्युरोले यस्तै धन्दामा संलग्न दुई चिनियाँ नागरिकलाई पक्राउ गरेको थियो।

इक्यान चुनावमा स्वतन्त्र उम्मेदवार र प्यानलबीच प्रतिस्पर्धा

काठमाडौं/ नेपाल शैक्षिक परामर्श संघ (इक्यान)को आगामी शनिबार हुने निर्वाचनका लागि दुई समूह र स्वतन्त्र उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको छ। संघको नयाँ नेतृत्वका निम्ति पूर्वअध्यक्ष, नयाँ उम्मेदवारको प्यानलसहित स्वतन्त्रबीच प्रतिस्पर्धा हुन लागेको हो।

संघका पूर्वअध्यक्ष विष्णुहरि पाण्डे यसपटक पनि दोहोरिने चाहनासहित उम्मेदवार बनेका छन् भने कृष्णहरि केसी, शेषराज भट्टराई र देवीदास भट्टराई पनि अध्यक्ष बन्ने दाउमा छन्। विष्णुहरि र शेषराज प्यानलसहित छन् भने देवीदास र कृष्णहरि स्वतन्त्र उम्मेदवार हुन्। इक्यानको यसपटकको चुनावमा चार सय ६८ जना प्रतिनिधिले मतदान गर्दै छन्। विष्णुहरिको समूहबाट उपाध्यक्षमा भुवनबहादुर क्षेत्री, लक्ष्मण पौडेल र प्रकाश श्रेष्ठको उम्मेदवारी छ भने महासचिवमा वासुदेव दाहाल, सचिवद्वयमा शिवप्रसाद त्रिपाठी, फिलिपकुमार डाँगी क्षेत्री, कोषाध्यक्षमा विनोदकुमार सुवेदी र सहकोषाध्यक्षमा हेमराज सिग्देल छन्।

यस्तै, वर्तमान उपाध्यक्ष शेषराज भट्टराई समूहमा उपाध्यक्षमा दयाराम थापा, गीता सिवाकोटी, श्रीराम पौडेल, महासचिवमा, दीपकराज भुसाल, सचिवमा रत्नबहादुर भट्टराई र भवनाथ हुमागाईं छन्। कोषाध्यक्षमा आशिष कार्की, सहकोषाध्यक्षमा विकल्पराज पौडेल छन्।

चन्द्रागिरि नगरपालिका र खानेपानी उपभोक्ता समितिबीचको विवाद झन् बढ्दै

विवादित ऐन खारेज गर्न उपभोक्ता समितिको माग, सर्वसम्मतिले पास भएको ऐन खारेज नहुने नगरपालिकाको भनाइ



■ **राजेन्द्र अर्याल**
अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ

विवादित ऐन खारेजीको माग सम्बोधन नगरी नगरपालिका अगाडि बढे देशभरका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह, समिति र महासंघका तहगत संरचनाहरू देशव्यापी रूपमा आन्दोलनमा उत्रन्छन्। प्रतिगामी ऐन संशोधन होइन, खारेज नै गर्नुपर्छ।



■ **कृष्णप्रसाद खड्गी**
प्रवक्ता, चन्द्रागिरि नगरपालिका

जनताको मागअनुसार ऐन ल्याएका हौं। नगरसभाले सर्वसम्मतिले पारित गरेको छ। दुई-तीन महिनाभित्र कार्यविधि बनाउँछौं। त्यसपछि कार्यान्वयनमा जान्छौं। उहाँहरूलाई पनि जनताको सेवा गर्न मन छ भने वडामातहत आएको समितिमा आए हुन्छ।



शान्ति तामाङ/नयाँ पत्रिका

चन्द्रागिरि नगरपालिकाले एकीकृत खानेपानी तथा सरसफाइ व्यस्थापन ऐन, ०८० जारी गरेपछि नगरपालिका र खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाबीच उत्पन्न विवाद झन् चर्केको छ। ऐनले उपभोक्ता आबद्ध संस्थाहरूको स्वायत्तता समाप्त पार्नुका साथै उनीहरूले सञ्चालन गर्दै आएको खानेपानी वितरण प्रणाली खारेज हुने, खानेपानी वितरणमा नगरपालिकाको मात्रै स्वामित्व हुने, उपभोक्ता संस्थाको चल-अचल सम्पत्ति स्वतः नगरपालिकाको हुने व्यवस्था गरेपछि उनीहरूले विरोध गरेका हुन्।

उपभोक्ताहरूले ऐन खारेज गर्नुपर्ने मागसहित आन्दोलन चार्काएका छन्। खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, नेपालले नगरपालिकाभित्र रहेका उपभोक्ता संस्था र समितिको अधिकार संरक्षणका लागि उनीहरूको समन्वयमा आन्दोलन गरेको जनाएको छ। उनीहरू जारी ऐन खारेजीको माग गर्दै सर्वोच्च अदालत पनि पुगेका छन्। नगरपालिकालाई विपक्ष बनाएर उपभाक्ता समितिहरूले बुधबार सर्वोच्चमा रिट दायर गरेका छन्। 'नगरपालिकाले उपभोक्ता संस्था तथा समितिको माग र आन्दोलनलाई बेवास्ता गरेको छ। यस्तै, संविधान एवं संघीय कानुनसँग पनि नगर ऐन बाझिएको छ। उक्त कानुनलाई प्रारम्भदेखि नै अमान्य र बदर घोषित गर्न सर्वोच्च जान बाध्य भएका हौं,' महासंघका अध्यक्ष राजेन्द्र अर्याललले भने। ७ असारमा बसेको नगरसभाले ऐन पारित गरेको थियो।

■ संविधान र संघीय कानुनसँग बाझिएको आरोप

नगरपालिकाको जारी गरेको उक्त ऐन संविधान र संघीय कानुनसँग बाझिएको उपभोक्ता समितिहरूको दाबी छ। ऐनमा गरिएको व्यवस्था नेपालको संविधानको धारा १७ (२)(घ), २५, ३०, ३५(४), ४४, ५६(६) एवं अनुसूची ५, ८ र ९, जलस्रोत ऐन २०४९ को दफा ३, ४, ५ र ६ तथा खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा ४(२), ९(२)(ग) र ९(३)सँग बाझिनुका साथै संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४(३) (४) र ५ विपरीत भएको उपभोक्ता महासंघको आरोप छ। खानेपानीमा जनताको पहुँच सुनिश्चितताका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई अधिकार सम्पन्न एवं स्वायत्त बनाउने र यसका लागि उपभोक्ता संस्थालाई आवश्यक अनुदान, सहुलियत र सेवा-सुविधा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरी निर्वाचित जनप्रतिनिधिले संविधानको, संघीय कानुनविपरीत कानुनी बनाई खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको स्वायत्तता समाप्त पार्न खोजेको अर्याललले आरोप लगाए।

■ देशव्यापी आन्दोलन गर्ने चेतावनी

महासंघले आफ्ना मागको सम्बोधन नगरी बेवास्ता गर्दै अगाडि बढेमा देशभरका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह, समिति र महासंघको तहगत संरचनाहरू देशव्यापी रूपमा आन्दोलनमा उत्रने चेतावनी दिएको छ। 'प्रतिगामी ऐन संशोधन गर्न लायक छैन। खारेज नै गर्नुपर्छ,' अर्याललले भने, 'हाम्रो माग पूरा नभए देशव्यापी आन्दोलन गर्छौं,' अर्याललले भने। नगरपालिकाभित्र ३६ वटा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था र समिति छन् भने देशभर ४५ हजार यस्ता संघ-संस्था छन्।

■ ऐन फिर्ता नहुने नगरपालिकाको भनाइ

नगरपालिकाले भने महासंघले भनेअनुसार ऐन फिर्ता वा संशोधन नहुने प्रस्ट पारेको छ। जनताको मागअनुसार ऐन बनेकाले फिर्ता नहुने नगरपालिकाको भनाइ छ। 'जनताको मागअनुसार ऐन ल्याएका हौं। नगरसभाले सर्वसम्मतिले पारित गरेका हौं,' नगरपालिकाका प्रवक्ता कृष्णप्रसाद खड्गीले भने, 'दुई-तीन महिनाभित्र कार्यविधि बनाउँछौं। त्यसपछि कार्यान्वयनमा जान्छौं। उहाँहरूलाई पनि जनताको सेवा गर्न मन छ भने वडामातहत आएको समितिमा आउन भनेका छौं।' नगरपालिकाभित्र खानेपानी वितरण एकै प्रकृतिको नहुँदा विभिन्न समस्या आएका कारण ऐनमार्फत सम्बोधन गर्न खोजिएको उनको भनाइ छ।

२५ शय्यासम्मका अस्पतालले महानगरबाट अनिवार्य अनुमति लिनुपर्ने

काठमाडौं/ २५ शय्यासम्मका अस्पतालले काठमाडौं महानगरबाट अनिवार्य अनुमति लिनुपर्ने भएको छ। महानगरअन्तर्गत विधायन समितिका संयोजक मचाराजा महर्जनले मंगलबार १३औं नगरसभाको चौथो बैठकमा पेस गरेको जनस्वास्थ्य सेवा विधेयक, ०८० को दफा २६ को उपदफा २ मा यस्तो व्यवस्था उल्लेख गरिएको छ। २५ शय्याको अस्पतालबाहेक स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, होमियोपेथी क्लिनिक र यस्तै प्रकारका क्लिनिक, पोलिक्लिनिक, डेन्टल क्लिनिक र विशेषज्ञ क्लिनिकले पनि महानगरबाट अनुमति लिनुपर्नेछ। औषधि पसल, फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अक्युप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योगध्यान तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू, जेरियाट्रिक परामर्श केन्द्र, प्रयोगशाला (डी र ई) वर्गको, आरोग्य केन्द्रलगायत स्वास्थ्य संघ-संस्थाले समेत महानगरबाट अनिवार्य अनुमति लिनुपर्ने विधेयकमा उल्लेख छ।

विधेयकको दफा ३ को उपदफा २ मा १० वटा आधारभूत सेवा भने निःशुल्क लिन सकिने उल्लेख छ। जसअन्तर्गत खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्यसेवा निःशुल्क पाउन सकिनेछ। सरुवा रोगसम्बन्धी सेवा, नसर्ने रोग तथा शारीरिक विकलांगतासम्बन्धी सेवा, मानसिक रोगसम्बन्धी सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य, सामान्य आकस्मिक अस्वस्थताको सेवा पनि महानगरबाट निःशुल्क लिन सकिनेछ।

■ विद्यालयवरपर जंकफुड बेच्ने कारबाही


महानगरपालिकाले विद्यालयवरपर जंकफुड बेचबिखन गरे कारबाही गर्ने भएको छ। महानगरले बनाएको विधेयकको दफा ४२ को उपदफा ६ मा जंकफुडलगायत मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्री-वितरण, प्रचार-प्रसार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंकफुडको बिक्री-वितरण वा प्रचारप्रसार गर्ने व्यक्ति वा संस्थालाई कानुनबमोजिम कारबाही हुनेछ। 'विद्यालय, स्वास्थ्य संस्थालगायत महानगरपालिकाले सूचना प्रकाशित गरेर चार किल्ला तोकेका स्थान र सोवरपर जंकफुड, मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्री-वितरण, प्रचार र उपभोग निषेधित गर्न सक्नेछ,' विधेयकमा भनिएको छ, 'उपदफा ६ बमोजिमका निषेधित क्षेत्रमा जंकफुड, मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्री-वितरण, प्रचारप्रसार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंकफुडको बिक्री-वितरण वा प्रचारप्रसार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई कानुनबमोजिम कारबाही हुनेछ।'

अचल सम्पती (धितो) लिलाम बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०३/२५

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिल बमोजिमका सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनुभएकोमा उक्त ऋण रकम नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं अन्य दे-दस्तुर समय भित्र नतिरी, नबुझाई यस संस्था संग गर्नु भएको शर्त सम्झौता उल्लंघन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडी ३५ दिने, १५ दिने र ७ दिने स्थानिय तथा राष्ट्रिय पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण साँवा, व्याज साथै अन्य दे-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मिति सम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हाल सम्मको साँवा व्याज समेतको रकम दाखिला गर्नु होला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६औं दिन धितो जे, जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलाम बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मुल्यांकन रकम भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई संस्थाले कम मुल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७६, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरीलिन सकिनेछ।

तपसिल

क्र.सं.	ऋणी सदस्यको तिन पुस्ते विवरण	फोटो	धितो विवरण	धन जमानत दिनेको विवरण	फोटो
१.	गोविन्द सुवेदीको बुहारी ओम प्रसाद गौतमको छोरी लक्ष्मी प्रसाद सुवेदीको श्रीमती कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने **चुनमाया सुवेदी** (ना.प्र.नं. १२२५२८)		**चुनमाया दाहाल र चुनमाया सुवेदी**को संयुक्त नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.वि.स. वडा नं. ४ सीट नं. ०९३०८७७ कित्ता नं. ४९९ क्षेत्रफल ०-७-२-० (रोपनी) र ग्यारजाती गा.वि.स. वडा नं. ४ सीट नं. ०९३०८७७ कित्ता नं. ५०० क्षेत्रफल ०-१५-२-० (रोपनी) को जग्गा।	अग्निधर दाहालको बुहारी भानुभक्त अधिकारीको छोरी लीलाधर दाहालको श्रीमती कास्की जिल्ला ढिकुरपोखरी गा.वि.स वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. १८ बस्ने **चुनमाया दाहाल** (ना.प्र.नं. ३२६०१) कर्णखर सुवेदीको नाति गोविन्द सुवेदीको छोरा कास्की जिल्ला कास्कीकोट गा.वि.स. वडा नं ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ०८ बस्ने **लक्ष्मी प्रसाद सुवेदी** (ना.प्र.नं. ४६-०१-७३-०३९१२)	 
२.	नर बहादुर थापाको बुहारी लक्ष्मण थापाको छोरी राम बहादुर थापाको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने **तारा थापा** (ना.प्र.नं. ४६-०१-७०-००८८९)		**तारा थापा**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको जामुने गा.वि.स. वडा नं. ९ सीट नं.९क कित्ता नं. २८५ को क्षेत्रफल २-०-०-० को जग्गा।	बल बहादुर थापाको नाति नर बहादुर थापाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने **राम बहादुर थापा** (ना.प्र.नं. १०१२९७) नर बहादुर थापाको नाति राम बहादुर थापाको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २५ बस्ने **अर्जुन थापा** (ना.प्र.नं. ४६-०१-७४-०८९८८)	 

लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनसो को भोलिपल्ट यस संस्थामा बुझाउनु पर्नेछ।
२) लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम भएको ३५ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिनेछ।
३) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलिपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
४) तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
५) लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
६) लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
७) सूचना प्रकाशित भएको ३६औं दिन संस्थाको प्रधान कार्यालयमा दिनको ठिक ३:०० बजे लिलाम बढाबढ हुनेछ।
८) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले व्यहोर्नु पर्नेछ।
९) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा ऋण नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा यस संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ।
१०) संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण ऋण असुल उपर नभएमा ऋणी तथा जमानीको नाममा रहेको अन्य चलअचल सम्पत्तिबाट समेत असुल उपर गरिने छ।
११) अन्य शर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य विषयहरुमा सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालय
पोखरा-१०, बुद्धचोक, कास्की
फोन नं. : ०६१-५८८८३३

नेपाल सरकार
संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाण्डौ, फोनं. ४५८५२५७

बोलपत्र स्वीकृत सम्बन्धी आशयपत्र

यस समितिबाट मिति २०८०/३/६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा देहायका पर्यटकहरूको लागि श-सुल्क टिकट र ब्रोसीयर छपाई कार्य गर्नको लागि बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये बोलपत्र मूल्याँकन उपसमितिले तपशिलको बोलपत्र स्वीकृत गरी २०८०/०३/२५ गतेको मूल्यांकन समितिको सिफारिशमा यस समितिको मिति २०८०/३/२८ को बोर्ड बैठकले स्वीकृत गरी निर्णय गरिएको हुँदा सोको प्रयोजनार्थ सम्बन्धी सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र.स.	ठेक्का नं.	कामको विवरण	कबोल अंक (मु.अ.क) समेत	बोलपत्रदाता फर्मको नाम, ठेगाना
१.	५/०७९/८०	विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध महास्तूपा परिसरमा अवलोकन गर्न आउने पर्यटकहरूको लागि श-सुल्क टिकट र ब्रोसीयर छपाई	१४,९४,९९०/-	सुजल अफसेट प्रेस बागबजार, काठमाण्डौ

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, नेपालगञ्ज

खरिद सम्झौता अन्त्य गरिएको सूचना ।

सूचना प्रकाशित मिति २०८०/०३/२५

प्रस्तुत विषयमा यस डिभिजन अन्तर्गतका तपसिल बमोजिमका निमार्ण व्यवसायीहरुले तल उल्लेखित ठेक्काहरुको निर्माण कार्य समयमै सम्पन्न नगरेकोले यस डिभिजनबाट पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत अटेर गरे पश्चात निर्माण कार्य सम्पन्न गर्ने अत्यन्तै जरुरी सूचना मिति २०७९/१०/२५ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गर्दा समेत काम सम्पन्न नगरेकोले यस डिभिजनको मिति २०८०/०३/२७ को निर्णय बमोजिम ठेक्का सम्झौताको शर्त एवं सार्वजनिक खरिद ऐन २०६३ (संशोधित सहित) को दफा ५९(२) को खण्ड (क), दफा ५९ को (७) र (८) अनुसार ठेक्का सम्झौता अन्त्य गरि सोही ऐनको दफा ६३(१) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	ठेक्का नं.	ठेक्का विवरण	निर्माण व्यवसायीको नाम
1	DRONGJ/337310113/077/78-20	Recurrent Maintenance Work (Maintenance of blacktop road, overlay & protection work) Nepalgunj-Gulariya Road (Mankhola Gulariya Section)	M/s Dhital Builders, Naubasta Banke
2	DRONGJ/337310113/077/78- 21	Recurrent Maintenance Work MRM (Mankhola-Karnali), Amreni Thakurdwara and Bansgadhi-Mainapokhar, Bardiya	M/s Dhital Builders, Naubasta Banke
3	RDNGJ/33710113/078/79-33	Traffic Safety Work on Ratna Rajmarg, Kohalpur Harre Section.	M/s Prasad Construction, Kohalpur Banke

डिभिजन प्रमुख

त्रिवि उपकुलपति, रेक्टर र रजिस्ट्रार कार्यालयमा २० दिनदेखि ताला

केही विद्यार्थी नेताका आडमा त्रिविको सात रोपनी जग्गामा सित्तैमा व्यवसाय गर्ने स्थानीय र व्यापारीको दाउ



शिवहरि घिमिरे/नयाँ पत्रिका

विद्यार्थी राजनीतिको चंगुलबाट मुक्त हुन खोजेको त्रिभुवन विश्वविद्यालयमा एकपछि अर्को अवरोध थपिएका छन्। पछिल्लो समय प्रशासनिक र शैक्षिक कार्यमा गति लिँदै गर्दा त्रिविमा फेरि जग्गा भाडासम्बन्धी विवाद आइलागेको हो।

त्रिवि परिसरको जग्गामा अवैध रूपमा टहरा निर्माण गरी व्यापार व्यवसाय गर्दै आएकालाई हटाउन खोज्दा त्रिविमा ताला लगाइएको छ। विद्यार्थी संगठनका नेता र लामो समयदेखि त्रिविको जग्गा हडपेर टहरामा व्यवसाय गर्दै आएका कीर्तिपुरकै स्थानीयले उपकुलपति, रेक्टर र रजिस्ट्रार कार्यालयमा तालाबन्दी गरेका हुन्। उनीहरूको तालाबन्दीपछि त्रिवि अस्तव्यस्त बनेको छ। प्रशासनिक कामकाजमा समेत असर परेको छ।



■ धर्मकान्त बास्कोटा, उपकुलपति, त्रिवि

थिति बसाल्न खोजेको, तर दिएनन्। उनीहरूले आफूलाई विनाटेन्डर जग्गा गरिखान दिनुपर्ने भनेका छन्, तर यो जग्गा विश्वविद्यालयको हो, राज्यको जग्गा उनीहरूलाई दिन सकिँदैन, हामीले त्यसरी टहरा बनाएकालाई हटाउँछौं। यसबारे प्रधानमन्त्री र गृहमन्त्रीसँग सहयोग मागेका छौं।

त्रिवि उपकुलपति धर्मकान्त बास्कोटाले लामो समयदेखि त्रिविको जग्गामा अनधिकृत रूपमा व्यापार गर्दै आएकालाई हटाउन खोज्दा यस्तो समस्या आइलागेको बताए। त्रिविको जग्गा सित्तैमा प्रयोग गर्दै आएकाले तालाबन्दी गरेर कामकाजमा अवरोध गरेको उनको भनाइ छ। त्रिवि क्षेत्रमा झन्डै १५-२० वटा टहरा निर्माण गरिएका छन्। त्यसमा कतै क्यान्टिन, कतै पुस्तक तथा फलफूल पसल सञ्चालनमा छन्। यी टहरा निर्माणका लागि प्रशासनसँग सम्झौता भएको छैन। विद्यार्थी राजनीतिको आडमा राखिएको अवैध टहरा र पसल हटाउन त्रिविले ७ जेठमा सूचनासमेत जारी गरेको थियो। तर, टहरा बनाएर व्यापार गर्दै आएकाले त्यसको भोलिपल्टदेखि नै तालाबन्दी गरे। त्रिविले यसलाई हटाएर टेन्डर प्रक्रियाबाट क्यान्टिनलगायत पुस्तक पसल सञ्चालन गर्ने तयारी गरेको थियो। तर, त्यसमा अवरोध भएपछि कामकाज नै ठप्प हुने अवस्था आएको बास्कोटाको भनाइ छ। 'थिति बसाल्न खोजेको, तर दिएनन्,' उनले भने, 'उनीहरूले आफूलाई विनाटेन्डर जग्गा गरिखान दिनुपर्ने भनेका छन्, तर यो जग्गा विश्वविद्यालयको हो, राज्यको जग्गा उनीहरूलाई दिन सकिँदैन, हामीले त्यसरी टहरा बनाएकालाई हटाउँछौं।'

त्रिविले यस क्षेत्रमा रहेका टहरा र पसल हटाउने सूचना पाएलगत्तै स्थानीय र विद्यार्थी नेतालगायतले ताला लगाएका थिए। त्यसयता तालाबन्दी गर्नेहरू क्याम्पस प्रशासनकहाँ पुगेका छैनन्। सात रोपनीभन्दा बढी क्षेत्रफलमा टहरा निर्माण भएका छन्। यसलाई हटाएर व्यवस्थित क्यान्टिन, पार्क र आरामस्थलसमेत बनाउने त्रिविको योजना छ। तर, स्थानीय र विद्यार्थी नेताले अवरोध गर्दै आएकाले योजना अनिश्चित बनेको छ। 'विद्यार्थी नेताहरूको मिलेमतोमा यो ठाउँमा लामो समयदेखि टहरा निर्माण भइरहेका छन्, त्यसलाई भत्काउन खोज्दा हामीमाथि खनिए,' बास्कोटाले भने, 'ताला लगाएपछि बाहिरै बसेर काम गरिरहेको छु।' विभिन्न विद्यार्थी नेता, टहरामा पसल राख्दै आएका व्यापारी र कीर्तिपुरका स्थानीयले ताला लगाएका हुन्। त्रिवि उपकुलपति कार्यालयले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई यसबारे जानकारी गराइसकेको छ। अवरोधका कारण यसअघि १२ असारमा भएको त्रिवि वार्षिकोत्सव कार्यक्रम स्मृति भवनमा गरिएको थियो।

भक्तपुर क्याम्पस प्रमुखको कुर्सी र नेम प्लेट २२ जेठदेखि रूखमा

क्याम्पस प्रमुख नियुक्तिको विषयलाई लिएर भक्तपुर बहुमुखी क्याम्पसमा २२ जेठदेखि उत्पन्न भएको विवाद अझै समाधान भएको छैन। विद्यार्थी नेताहरूले क्याम्पस प्रमुखको कुर्सी र नेम प्लेट रूखमै झुन्ड्याएका छन्। निमित्त क्याम्पस प्रमुख सहप्राध्यापक सुदर्शना शाक्य र क्याम्पस प्रमुखका रूपमा नवनियुक्त सहप्राध्यापक कविता लुइँटेलबीचको विवादले २२ जेठयता क्याम्पसमा तनाव भएको छ।

तत्कालीन क्याम्पस प्रमुख डा. कृष्णप्रसाद पोखरेलले ३० चैतमा अनिवार्य अवकाश पाएपछि त्रिविले वरिष्ठताका आधारमा ३ वैशाखमा सहायक क्याम्पस प्रमुख शाक्यलाई निमित्त क्याम्पस प्रमुखको जिम्मेवारी दिएको थियो। स्थायी रूपमा क्याम्पस प्रमुख नतोक्दासम्म शाक्यलाई क्याम्पस चलाउने जिम्मेवारी थियो। १६ जेठमा त्रिविको कार्यकारी परिषद्ले सोही क्याम्पसकै सहप्राध्यापक लुइँटेललाई क्याम्पस प्रमुखका रूपमा नियुक्ति गरेको थियो। २१ जेठदेखि लुइँटेल कार्यभार सम्हालन पुगिन्। खास विवाद त्यसपछि भएको हो।

परिषद्ले नियुक्तिपछि लुइँटेल कार्यभार सम्हाल पुगेकै दिनदेखि विद्यार्थी संगठनहरूले विरोध गर्न थाले। लुइँटेल नियुक्त भएको झन्डै डेढ महिनाअघि निमित्तको जिम्मेवारी पाएकी शाक्यले क्याम्पसका कागजात प्रशासनमा बुझाएकी थिइन्। आफूलाई जानकारी नै नदिई क्याम्पस प्रमुख आएको भन्दै उनले विरोध जनाएकी थिइन्। नियुक्ति पाएर क्याम्पस प्रमुखको हैसियतमा पुगेकी सहप्राध्यापक लुँइटेल कार्यालयका कागजात निमित्त प्रमुख शाक्यले जिम्मा नलगाएको भन्दै आक्रोशित बनिन्। लुइँटेल एमालेनिकट हुन् भने निमित्त क्याम्पस प्रमुखका रूपमा डेढ महिना जिम्मेवारी पाएकी शाक्य कांग्रेसनिकट मानिन्छिन्। निमित्त प्रमुख शाक्य र प्रमुखको जिम्मेवारी पाएकी लुइँटेलबीचको विवाद विद्यार्थी संगठनसम्म पुग्यो। विद्यार्थी संगठनहरू पार्टीगत रूपमा विभाजित भएर विवादमा उत्रन थाले। नेपाल विद्यार्थी संघका विद्यार्थीले २२ जेठमा क्याम्पस प्रमुख बस्ने कुर्सी, नेम प्लेट रूखमा टाँगिदिए। त्यसपछि लुइँटेलको कार्यकक्षमा ताला नै लगाइदिए। निमित्त क्याम्पस प्रमुखलाई काम गर्न निकै छोटो समय दिएको, विनम्रपूर्वक बिदाइ नगरेको र आफूभन्दा जुरियरलाई नियुक्ति गरिएको भन्दै शाक्य पक्षले विरोध गरिरहेका छन्। नियमअनुसार स्थायी रूपमा नियुक्ति भएर आइसकेपछि निमित्त प्रमुखको जिम्मेवारी सकिन्छ र ऊ पुरानै जिम्मेवारी रहनुपर्छ। तर, नवनियुक्त क्याम्पस प्रमुख लुइँटेलले आफूले नियुक्तिपत्र लिएर कार्यकक्षमा आउँदा सहज वातावरण नभएको र दुर्व्यवहार भएको बताइन्। 'कानुनी रूपमा नियुक्तिपत्र लिएर एकी थिएँ, तर २१ जेठमा क्याम्पस पुग्दा निमित्त प्रमुखले फाइलहरू प्रशासनमा बुझाएर निस्किनुभयो,' उनले भनिन्, 'त्यसपछि मलाई प्रशासन प्रमुखले पदस्थापन गराउनुभयो, उहाँले फाइल मलाई हस्तान्तरण गरेर जानुपर्ने थियो, तर उहाँले अपमान गर्नुपऱ्यो।'



लुइँटेल २१ जेठको २ बजेसम्म प्रमुखको कुर्सीमा बसेका वेला शाक्यले विद्यार्थी संगठनसहित आएर धम्क्याउँदै तालाबन्दी गर्ने बताएकी थिइन्। त्यसपछि नेविसंघका नेता-कार्यकर्ताले कुर्सी रूखमा झुन्ड्याएर राखेका थिए। 'नियुक्त पाएपछि काम गर्न पाएकी छैन, कानुनी रूपमा आइसकेपछि निमित्त प्रमुखले सहज रूपमा ठाउँ छाड्नुपर्ने थियो, तर त्यो हुन सकेन,' लुइँटेलले भनिन्, 'यो ममाथिको अपमान हो।' सामान्य विषयमा विवाद भएपछि क्याम्पस सञ्चालनमा समेत अवरोध भएको छ। हाल क्याम्पस प्रशासनसमेत बन्द छ।

साना तथा मझौला व्यापार सम्वृद्धिको आधार, सोच अनुसार रोजे बैंक सपना हुन्छ साकार।
EVEREST SME LOAN
एभरेष्ट बैंक

राउतलाई २४ घन्टाभित्र उपस्थित गराउन सर्वोच्चको आदेश

काठमाडौं/ सर्वोच्च अदालतले ललितानिवास प्रकरणमा पक्राउ परेका सञ्चारसचिव कृष्णबहादुर राउतलाई २४ घन्टाभित्र उपस्थित गराउन आदेश दिएको छ। सर्वोच्चको एक न्यायाधीशको इजलासले यस विषयमा लिखित जवाफसमेत माग गरेको छ। न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासबाट कृष्णबहादुर राउतको हकमा उषा कार्की रहेको रिटमाथि बिहीबार यस्तो फैसला आएको हो। 'मागबमोजिमको आदेश जारी हुनुनपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक २४ घन्टाभित्र बन्दीसहित महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू,' आदेशमा भनिएको छ। सचिव राउतले आफूले गर्दै नगरेको कामका लागि केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको दाबीसहित रिहा गर्ने आदेश माग्दै सर्वोच्च पुगेका थिए। बुधबार उनले रिट दर्ता गराएकोमा बिहीबार यस्तो आदेश आएको हो।

सिआइबीको टोलीले सूचना तथा सञ्चार मन्त्रालयका सचिव राउतलाई २४ असारमा अनुसन्धानका लागि नियन्त्रणमा लिएको थियो भने भोलिपल्ट अदालतमा म्याद थपका लागि उपस्थित गराएको थियो। जसपछि काठमाडौं जिल्ला अदालतले उनलाई पाँच दिन थुनामा राख्न अदालतले अनुमति दिएको हो। सिआइबीले उनीमाथि सरकारी छाप किर्ते र संगठित अपराधको कसुरमा अनुसन्धान गरिरहेको छ। सचिव राउत म्याद थप गर्ने काठमाडौं जिल्ला अदालतको आदेश गैरकानुनी रहेको दाबीसहित सर्वोच्च पुगेका हुन्।

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु आज आउँदै

काठमाडौं/ दक्षिण तथा मध्य एसिया हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु शुक्रबार काठमाडौं आउँदै छन्। उनले शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायत मन्त्रीहरूसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ। उनी अमेरिकी विदेश मन्त्रालयमा दक्षिण एसियाली मामिलाका सबैभन्दा उच्च तहका कूटनीतिज्ञ हुन्।

हाल बंगलादेश रहेका उनी शुक्रबार अपराह्न आइपुग्न लागेका हुन्। अमेरिकी उपविदेशमन्त्री उजरा जिया र सहायक विदेशमन्त्री लुले भारत भ्रमण गरेका थिए। एक दिनका लागि आउन लागेका उनले दूतावासका कर्मचारीसँग पनि छलफल गर्ने कार्यक्रम रहेको अमेरिकी दूतावासले जनाएको छ। 'उहाँले अमेरिकन चेम्बर अफ कमर्सको एक सदस्य संस्थासँग भेटघाट गर्नुहुनेछ र नेपालीहरूलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्षम बनाउने दिशामा अनुपम सीप प्रदान गर्न उहाँहरूले गरेका प्रयासबारे पनि बुझ्नुहुनेछ,' दूतावासको विज्ञप्तिमा उल्लेख छ।

प्रहरी कर्मचारीसँग बयान लिँदै छानबिन समिति

लहान/ मधेस प्रदेश प्रहरी कार्यालयले जिल्ला प्रहरी कार्यालय सिराहामा प्रहरी जवान अनु रायलाई हात बाँधेर यातना दिइएको घटनाको अनुसन्धान तीव्र बनाएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्रराज पाण्डेका अनुसार छानबिन समितिले बिहीबार साँझसम्म प्रहरी जवान राय, ड्युटीमा रहेका प्रहरी, वरिपरि रहेका प्रहरीहरूसँग बयान लिइसकेको छ।

'छानबिन समितिले आवश्यक ठानेका प्रहरी कर्मचारीसँग बयान लिइरहेको छ,' उनले भने, 'यातना पाएका भनिएका प्रहरी जवान पनि छानबिन समितिसँगै छन्।' जिल्ला प्रहरी कार्यालय परिसरमा २५ असारमा प्रहरी जवान रायलाई पछाडिबाट हात बाँधेर यातना दिएको भिडियो बुधबार सार्वजनिक भएपछि मधेस प्रदेश प्रहरी कार्यालयले प्रहरी नायब उपरीक्षक ज्ञानकुमार महतोको संयोजकत्वमा पाँच सदस्यीय छानबिन टोली गठन गरेको हो। २७ वर्षीय राय जिल्ला प्रहरी कार्यालयमा कार्यरत छन्।

GLOBAL COLLEGE

GLOBAL COLLEGE OF MANAGEMENT

The First Choice in +2 Management

Global College of Management (GCM) aims to be a globally reputed learning center recognized for academic excellence in teaching and research in business and management studies.

GCM is best known for :

- Best teachers, best students, & best learning environment
- Series of extra & co-curricular activities for holistic development of students
- Research and practical learning exposures for skill development
- Constantly achieving outstanding results
- Excellent track records of GCM graduates in further study and job placement in and outside Nepal

Admissions Open to Grade XI Management

Second Entrance Date:
2nd Shrawan 2080 - Tuesday (18th July 2023)

GLOBAL COLLEGE OF MANAGEMENT
Kathmandu-31 Devkota Sadak
Baneshwor
+977-1-4590021, 5970316
info@globalcollege.edu.np
web.globalcollege.edu.np

An Excellent Center for Management Studies

GLOBAL SCHOOL OF SCIENCE

An Exclusive Center of +2 Science

Under the corporate ownership of Global College, Global School of Science is an exclusive center of +2 Science committed to preparing doctors, engineers, pilots, and future scientists who shall graduate well-equipped with robust foundations of Physics, Chemistry and Biology Science.

Aspirant SEE graduates are invited to experience:

- High-tech and state-of-the-art infrastructure and global standards of academic facilities
- Combination of best students, best teachers, and benchmark learning environment for Science
- Engineering and medical preparation classes helping students excel in IOE & IOM entrances
- Regular tutorial classes dedicated for all students to achieve 100% results
- Practical learning embedded with experiments practiced in the high-tech supported modern laboratories
- Outstanding results and academic achievements

Admissions Open to Grade XI SCIENCE

First Entrance Date:
31th Aashad 2080 - Sunday
(16th July 2023)



GLOBAL SCHOOL OF SCIENCE
Kathmandu-31 Devkota Sadak
Baneshwor
+977-1-4580135, 5970317
science.@globalcollege.edu.np
sci.globalcollege.edu.np

हामी स्थायित्वको पक्षमा छौं : लामिछाने

काठमाडौं/ सरकार हेरफेरको चर्चा र आन्तरिक दौडधुप चलिरहेका वेला संसद्को चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीले आफू स्थायित्वको पक्षमा रहेको अर्थपूर्ण अभिव्यक्ति दिएको छ। बिहीबार संसदीय मामिला पत्रकारहरूसँग कुरा गर्दै पार्टी सभापति रवि लामिछानेले आफूहरू सरकारमा सहभागी हुने दौडमा नरहेको पनि स्पष्ट पारेका छन्।

'हामी स्थायित्वका पक्षमा छौं। जनतामा सरकार आज नै ढल्ला कि भोलि नै ढल्ला कि, गठबन्धन परिवर्तन भइहाल्ला कि भन्ने वातावरण नबनोस् भन्ने हामी चाहन्छौं। जिम्मेवार राजनीतिक दलले चाहने पनि त्यो नै हो,' उनले भने, 'उपनिर्वाचनपछि प्रधानमन्त्रीले सरकारमा सहभागिताका लागि प्रस्ताव राख्नुभएकै हो, तर हामीले जाने इच्छा गरेनौं। सरकारमा जाने च्याप्टर अहिले बन्द छ। हामी संगठन र दस्ताबेज निर्माणमा छौं।'

लामिछानेले प्रतिपक्षमा रास्वपालाई एमालेको पिछलग्गु भनेकोमा पनि आपत्ति जनाए। 'पहिला सरकारमा जाँदा हामीलाई माओवादीको पछि लाग्यो, प्रचण्डको पछि लाग्यो भनियो। तर, हाम्रा निर्णय हेर्नुभयो भने यति स्वतन्त्र रूपमा निर्णय गरेको दल नै कम पाइन्छ। गत पुस १० को निर्णयअनुसार उपसभामुख हाम्रो दलबाट हुने भन्ने थियो, त्योअनुसार हामी गयौं। सरकारमा बस्न सकुन्जेल बस्यौं। जब त्यो सहमति टुट्यो, त्यसमा बसिरहनुपर्ने आवश्यकता भएन,' उनले भने, 'त्यसपछि प्रतिपक्षमा एमाले ठूलो दल भएकाले हामी एमालेको पछि लाग्यो भन्ने भाष्य निर्माण गर्न खोजिएको छ। हामी एमालेको पछि लाग्ने होइन, जनताको मुद्दाको पछि लाग्ने हो। प्रतिपक्षी बेन्चमा सँगै छौं, तर सबै मुद्दा एक छैनन्।'

उपराष्ट्रपतिको निर्वाचनमा जनमतलाई मत दिएर रास्वपाले अरू दलभन्दा फरक निर्णय गरेको उदाहरणसमेत उनले सुनाए। 'संविधानको मर्मअनुसार उपराष्ट्रपति महिला हुनुपर्छ भन्ने कुरालाई मध्यनजर गरेर जनमतलाई भोट हाल्यौं। अहिले पनि प्रतिपक्षमा मुद्दा होलान्, तर सबै एउटै हुन सक्दैन। जस्तो सांसद विकास कोषको नाम जे दिए पनि हाम्रो आफ्नै अडान छ। एमालेको अडान के हो त ?' लामिछानेको प्रश्न थियो।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका
ऋणी तथा जमानीकर्तालाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना
प्रकाशित मिति : २०८०/०३/२९ (नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरूले प्राप्त गर्नुभएको व्यक्तिगत कर्जा, घर कर्जा, क्रेडिट कार्ड कर्जा तथा बैंकिङ सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईंहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत : यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको बानेश्वर, काठमाण्डौ स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्यौंट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँईहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	ऋणीको नाम,थर र वतन	कर्जाको प्रकार/ धितोको विवरण
१.	**ऋणी:** श्री परिचन शाहको नातीनी, श्री चिरन्जीव शाहको छोरी कृष्ण बहादुर के.सीको बुहारी, गेहेन्द्र बहादुर के.सी.को श्रीमती बाँके जिल्ला, नेपालगञ्ज वडा नं. १६, मुक्तीपुर स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज वडा नं. १० शिद्धार्थटोल बस्ने वर्ष ४३ की **श्री रजनी शाह के.सी.** (ना.प्र.न. ३९६९५१६३ धनुषा, जारी मिति २०५५/०२/०८, जि.प्र.का. बाँके)	**घर कर्जा** धितोको विवरण: श्री रजनी शाह के.सीको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेका बाँके नेपालगञ्ज- १३ स्थित कित्ता नं. १३८ क्षे.फ.३५८।०० व.मी.घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
२.	**ऋणी:** श्री जोगिन्दर ठाकुरको नाती, श्री लक्ष्मी ठाकुरको छोरा मोरङ जिल्ला, कटहरी वडा नं. ६, स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने वर्ष ३४ को **श्री किसन सोनी ठाकुर** (ना.प्र.न.७/५७१३ मोरङ, जारी मिति २०६३/०३/३०, जि.प्र.का. मोरङ) **सहऋणी:** श्री शखीलाल ठाकुरको नातीनी, श्री सुन्दरलाल ठाकुरको छोरी, श्री जोगिन्दर ठाकुरको बुहारी, श्री लक्ष्मी ठाकुरको श्रीमती मोरङ जिल्ला, कटहरी वडा नं. ६, स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने वर्ष ५१ की **श्री रेखादेवी ठाकुर** (ना.प्र.न. ७६९६ मोरङ, जारी मिति २०६२/०७/०४, जि.प्र.का. मोरङ)	**घर कर्जा** धितोको विवरण: श्री रेखादेवी ठाकुरको नाममा मालपोत कार्यालय मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेका मोरङ ,कटहरी-६ स्थित कित्ता नं. ४२३ क्षे.फ.२२४।३३ व.मी.घर/ जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
३.	**ऋणी:** श्री मान बहादुर थापा मगरको नाती, श्री मोहन बहादुर थापा मगरको छोरा सिराहा जिल्ला, धनगढीमाई वडा नं.२, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.१ लाजिम्पाट बस्ने वर्ष २६ को **श्री कृष्ण थापा मगर** (ना.प्र.न. १५-०१-७१-०१३४२,जारी मिति २०७१/०२/२३, जि.प्र.का. सिराहा)	व्यक्तिगत कर्जा
४.	**ऋणी:** श्री राजाराम उपाध्यायको नाती, श्री राम सुभम उपाध्यायको छोरा रूपन्देही जिल्ला, माझगावा वडा नं.१, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ४१ को **श्री अच्युत राज उपाध्याय** (ना.प्र.न. ४१०४, जारी मिति २०५९/०२/२३, जि.प्र.का. रूपन्देही)	व्यक्तिगत कर्जा
५.	**ऋणी:** श्री शम्भु प्रसाद रौनियारको नातीनी, श्री शंकर प्रसाद रौनियारको छोरी,विक्रम श्रेष्ठको श्रिमती, पर्सा जिल्ला, विरगंज वडा नं. ८, स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला किर्तीपुर वडा नं. २ बस्ने वर्ष ३६ की **श्री सुमित्रा रौनियार** (ना.प्र.न. ३४१०२२/११४६ मोरङ, जारी मिति २०६४/०३/१८, जि.प्र.का. पर्सा)	व्यक्तिगत कर्जा
६.	**ऋणी:** श्री पदम बहादुर पाठकको नाती, श्री राम बहादुर पाठकको छोरा सर्लाही जिल्ला, परवानीपुर वडा नं.४, स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ४ बस्ने वर्ष ४२ को **श्री प्रेम बहादुर पाठक** (ना.प्र.न. ६९८२०२०७,जारी मिति २०५६/११/०८, जि.प्र.का. सर्लाही)	व्यक्तिगत कर्जा
७.	**ऋणी:** श्री प्रेम प्रसाद श्रेष्ठको नाती, श्री राम चन्द्र श्रेष्ठको छोरा सुनसरी जिल्ला, महेन्द्रनगर वडा नं.१, स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला बुढानिलकण्ठ वडा नं. ४ बस्ने वर्ष ३९ को **श्री हरी बहादुर श्रेष्ठ** (ना.प्र.न. ११२९८४,जारी मिति २०६३/०५/११, जि.प्र.का. सुनसरी)	व्यक्तिगत कर्जा
८.	**ऋणी:** श्री सुरविर योन्जनको नाती, श्री मनोहर योन्जनको छोरा मकवानपुर जिल्ला, हेटौडा वडा नं.२, स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा.वडा नं. ४ बस्ने वर्ष ३९ को **श्री विमर्ष योन्जन** (ना.प्र.न. ३१३०२३/४१९क,जारी मिति २०६३/१०/२०, जि.प्र.का. मकवानपुर)	व्यक्तिगत कर्जा
९.	**ऋणी:** श्री जय बहादुर गुरूङको नाती, श्री हस्त बहादुर गुरूङको छोरा सिन्धुली जिल्ला, तिनकन्या वडा नं.९, स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा.वडा नं. ३१ बस्ने वर्ष ४१ को **श्री यादव गुरूङ** (ना.प्र.न. १२९/१७००८,जारी मिति २०५७/०३/१४, जि.प्र.का. सिन्धुली)	व्यक्तिगत कर्जा
१०.	**ऋणी:** श्री चक्र बहादुर खत्रीको नाती, श्री कृष्ण बहादुर खत्रीको छोरा रामेछाप जिल्ला, साँघुटार वडा नं.४, स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा.वडा नं. ३४ बस्ने वर्ष ३५ को **श्री उत्तम बहादुर खत्री** (ना.प्र.न. ७७४६६,जारी मिति २०६३/०२/०८, जि.प्र.का. रामेछाप)	व्यक्तिगत कर्जा
११.	**ऋणी:** : श्री लेकनाथ अधिकारीको नातीनी, श्री यमुना प्रसाद अधिकारीको छोरी,नर प्रसाद भट्टराईको श्रीमती, चितवन जिल्ला, शारदानगर वडा नं.२, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर वडा नं. २३ बस्ने वर्ष ४१ की **श्री सुनिता भट्टराई** (ना.प्र.न. ३५७१७३/०५८,जारी मिति २०५८/०५/१०, जि.प्र.का. चितवन)	व्यक्तिगत कर्जा
१२.	**ऋणी:** श्री मान बहादुर श्रेष्ठको नाती, श्री नबिन्द्र श्रेष्ठको छोरा सुनसरी जिल्ला, धरान वडा नं.८, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३४ बस्ने वर्ष ५० को **श्री डिल्लि राम श्रेष्ठ** (ना.प्र.न. १०५२६/१३५२६,जारी मिति २०४७/०१/१९, जि.प्र.का. सुनसरी)	व्यक्तिगत कर्जा
१३.	**ऋणी:** श्री भैर सिंह सुनारको नाती, श्री भरत सुनारको छोरा कञ्चनपुर जिल्ला, चाँदनी वडा नं.८, स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा.वडा नं. १ नारायणहिटी बस्ने वर्ष ३४ को **श्री सुकदेव सुनार** (ना.प्र.न. ७५३००४/७८१,जारी मिति २०६३/१०/१२, जि.प्र.का. कञ्चनपुर)	व्यक्तिगत कर्जा
१४.	**ऋणी:** श्री दल बहादुर गुरूङको छोरा झापा जिल्ला, तोपगाछी वडा नं ४, स्थायी ठेगाना भई हाल ऐ.ऐ.बस्ने वर्ष ६० को **श्री चुडा कुमार गुरूङ** (ना.प्र.न. ९७७३१६७८,जारी मिति २०३७/०५/०६, जि.प्र.का. झापा)	व्यक्तिगत कर्जा
१५	**ऋणी:** श्री नारायण प्रसाद भट्टराईको नाती, श्री रमेश प्रसाद भट्टराईको छोरा मोरङ्ग जिल्ला, विराटनगर वडा नं. २, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला कागेश्वरी मनहरा वडा नं. ८ बस्ने वर्ष ४४ को **श्री रविन्द्र भट्टराई** (ना.प्र.न. ३६४४५,जारी मिति २०५५/०३/२५, जि.प्र.का. मोरङ्ग)	व्यक्तिगत कर्जा
१६.	**ऋणी:** श्री धावा घ्याम्छो लामाको नाती, श्री चन्द्र सागर लामाको छोरा काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.१५, स्वयम्भू स्थायी ठेगाना भई हाल ऐ. ऐ.बस्ने वर्ष ५५ को **श्री रेशम लामा** (ना.प्र.न. २७१०६०/११८८६८,जारी मिति २०७०/०४/२४, जि.प्र.का. काठमाण्डौ)	व्यक्तिगत तथा क्रेडिट कार्ड कर्जा

पार्टीका उपाध्यक्षहरूसँग लगातार छलफलमा ओली

कार्यविभाजन कार्यान्वयन र राष्ट्रिय राजनीति केन्द्रित परामर्श

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले दशौं महाधिवेशनपछि पहिलोपटक उपाध्यक्षहरूसँग दुई दिन लगातार अलग्गै परामर्श गरेका छन्। पार्टीको आन्तरिक समस्या र राष्ट्रिय राजनीतिबारे बैठकमा हुने औपचारिक छलफल मात्र पर्याप्त नभएको उपाध्यक्षहरूको गुनासो सम्बोधन गर्दै ओलीले दशौं महाधिवेशनपछि पहिलोपटक उनीहरूसँग छलफल गरेका हुन्।

उपाध्यक्षहरूसँगको परामर्शपछि ओलीले शनिबार सचिवालय बैठक बोलाएका छन्। उपाध्यक्षहरूको सुझावलाई समेत ध्यान दिँदै सचिवालयको बैठक राखेर छलफलको एजेन्डा ल्याउने ओलीको तयारी छ। 'सचिवालयमा औपचारिक छलफल भएर मात्र पुग्दैन, अनौपचारिक छलफल गर्ने परिपाटी बसाल्नुस्, राष्ट्रिय राजनीतिक परिस्थिति जटिल छ, पार्टीलाई मजबुत बनाएर लैजान सबैखाले आन्तरिक समस्या समाधान हुनुपर्छ, त्यसकारण अनौपचारिक छलफल आवश्यक छ भन्दै आएका थियौं,' उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले नयाँ पत्रिकासँग भनिन्, 'हाम्रो आग्रहलाई स्विकारेर अध्यक्षले दुई दिन छलफल गरेर सुझाव लिनुभयो, समग्रमा गम्भीरतापूर्वक कुराकानी भएको छ।'

शाक्यले अहिलेको राष्ट्रिय राजनीतिक परिस्थितिका साथै पार्टीलाई थप बलियो बनाएर अर्को चुनावका लागि अहिल्यैदेखि केन्द्रित गर्ने, मिसन ग्रासरुटपछि गरिएको पार्टीको आन्तरिक कार्यविभाजनलाई थप व्यवस्थित गर्ने विषयमा छलफल केन्द्रित रहेको पनि जानकारी दिइन्। छलफलमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहित उपाध्यक्षहरू शाक्य, सुवास नेम्वाङ, विष्णु पौडेल, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, रामबहादुर थापा बादल र महासचिव शंकर पोखरेल सहभागी थिए। उनीहरूले पालैपालो आ-आफ्ना जिम्मेवारीबारे रिपोर्टिङ गर्नुका साथै पार्टीको आन्तरिक विषय र राष्ट्रिय राजनीतिबारे अध्यक्षलाई सुझाव दिएका थिए।

'हामीले आ-आफ्नातर्फबाट रिपोर्टिङ र सुझाव राख्यौं, अध्यक्षले गम्भीरतापूर्वक सुन्नुभयो र उहाँले पनि पछिल्लो परिस्थितिबारे ब्रिफिङ गर्दै राष्ट्रियतालाई कमजोर तुल्याउने र एमालेविरुद्ध भइरहेको प्रहारलाई सबै मिलेर चिर्दै पार्टीलाई अगाडि बढाउनुपर्ने विषय राख्नुभो,' शाक्यले भनिन्।

छलफलले गत ३० वैशाखमा सम्पन्न केन्द्रीय कमिटी बैठकले गरेको पदाधिकारीसहित तीन सय ६० केन्द्रीय सदस्यको कार्यविभाजन कार्यान्वयनको अवस्थाको प्रारम्भिक समीक्षा गरेको थियो। खासगरी केन्द्रीय कमिटीमा रहेका कतिपय प्रतिनिधिसभाका सांसद र मेयरहरूलाई फरक जिल्लाको कार्यक्षेत्रमा खटाउँदा गम्भीरतापूर्वक कुराकानी भएको छ

अष्टलक्ष्मी शाक्य, उपाध्यक्ष



राष्ट्रिय राजनीतिक परिस्थिति जटिल छ, पार्टीलाई मजबुत बनाएर लैजान सबैखाले आन्तरिक समस्या समाधान हुनुपर्छ, सचिवालयमा औपचारिक छलफल भएर मात्र पुग्दैन, त्यसकारण अनौपचारिक छलफल गर्ने परिपाटी बसाल्नुस् भन्दै आएका थियौं, हाम्रो आग्रहलाई स्विकारेर अध्यक्षले दुई दिन छलफल गरेर सुझाव लिनुभयो, समग्रमा गम्भीरतापूर्वक कुराकानी भएको छ

उनीहरू नियमित रूपमा खटिन नसकेकाले सोचेअनुसार पार्टी काम अगाडि बढ्न नसकेको विषयलाई उपाध्यक्षहरूले समस्याका रूपमा उठान गरेका थिए। तर, मिसन ग्रासरुटले गरेको अध्ययन र आन्तरिक समस्या समाधानका लागि केन्द्रीय सदस्यहरूलाई पूर्ववत् जिम्मेवारीबाट फरक भूगोलमा खटाउने निर्णय सही भएकाले कार्यान्वयन गरेरै अगाडि बढ्ने निष्कर्ष बैठकले निकालेको छ।

'केही सांसद र मेयरहरूलाई फरक भूगोलमा खटाउँदा समय व्यवस्थापन र जवाफदेहीका हिसाबले समस्या परेको यथार्थ कुरा हो, तर अरूको हकमा त कुनै समस्या छैन, उनीहरू तोकिएको कार्यक्षेत्रमा जानैपर्छ,' बैठकपछि एक उपाध्यक्षले निष्कर्ष सुनाउँदै भने, 'केन्द्रीय नेतृत्व भइसकेपछि सधैंभरि आफ्नै जिल्ला, पालिका र वडामै केन्द्रित हुन खोज्ने कुरा उपयुक्त र सुहाउने कुरा पनि भएन, उनीहरूले सिंगै देश बुझ्नुपर्ने हुन्छ अनि मात्र नेतृत्व पनि विकास हुन्छ भन्ने नै निष्कर्ष रह्यो।'

बजेट अधिवेशनका कारण लगातार संसद् चलेकाले सांसद रहेका कतिपय केन्द्रीय सदस्य तोकिएको कार्यक्षेत्रमा गएर बैठक, भेला राख्ने काममा समस्या देखिएको विषय छलफलमा उठेको थियो। २३ जेठमा अध्यक्ष ओलीले सर्कुलर जारी गर्दै वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरूलाई ३३ वटा विभागको काम संयोजनमा केन्द्रित गरेका थिए।

पछिल्लो कार्यविभाजनअनुसार योजना र नीतिसँग जोडिएको विभागको संयोजन वरिष्ठ उपाध्यक्ष पोखरेल, पूर्वाधार निर्माण र विकाससँग जोडिएका विभागको संयोजन पाण्डे, कृषि तथा उद्यमशीलतासँग जोडिएको विभागको संयोजन थापाले गरिरहेका छन्। त्यस्तै, सामाजिक विकाससँग जोडिएका विभागको संयोजन शाक्य, मानवस्रोतसँग जोडिएका विभागको संयोजन ज्ञवाली, सुशासन र सेवा प्रवाहसँग जोडिएका विभागको संयोजन नेम्वाङ, संगठन, प्रशिक्षण र प्रचार विभागको संयोजनमा पौडेलले गर्दै आएका छन्।

■ राष्ट्रिय सभामा मन्त्रीहरूको जवाफ

मिटरब्याजविरुद्धको कानुन चाँडै ल्याइने

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले मिटरब्याजसम्बन्धी कानुन चाँडै ल्याउने प्रतिबद्धता जनाएको छ। राष्ट्रिय सभामा प्रस्तुत विनियोजन विधेयकमाथिको छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अनुचित लेनदेनविरुद्ध सरकारले ल्याएको विधेयक चाँडै पारित भएर कानुन बन्ने विश्वास दिलाए। राष्ट्रिय सभाले विधेयक पारित गरेर पठाएकोमा धन्यवाद पनि दिए।

'मिटरब्याजीसम्बन्धी विधेयक पारित गरेर राष्ट्रिय सभाले प्रतिनिधिसभामा पठाएर सामन्तवादको अवशेष अन्त्यको लिएको पहलकदमीका लागि धन्यवाद छ,' उनले भने। मन्त्री श्रेष्ठले सुशासनका पक्षमा सरकार दृढ भएर अघि बढेको पनि बताए। 'सुशासन, समृद्धि र सामाजिक न्यायमा केन्द्रित रहेर काम अगाडि बढाइरहेको छ। निर्दोष कुनै हालतमा नफसोस्, दोषी कुनै हालतमा नछुटोस् भनेर नीति अख्तियार गरेका छौं। धनी र गरिब तथा सम्पन्न र विपन्नलाई छुट्टाछुट्टै कानुन छैन,' उनले भने।

नेपाली सेनाको संख्या नघटाउने

उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले अहिले सेनाको संख्यालाई घटाउने वा थप पुनरावलोकन गर्ने सन्दर्भमा सरकारको कुनै सोचाइ नभएको बताए। मुलुकको हितमा सेनालाई उपयोग गर्ने कुरामा सरकारको स्पष्ट दृष्टिकोण रहेको उनको भनाइ थियो। सांसदहरूले माओवादी द्वन्द्वअगाडिको तुलनामा शान्ति सम्झौताको समायोजनपछि संख्या धेरै भएकाले पुनर्विचार गर्नुपर्ने धारणा राखेपछि मन्त्री खड्काले कुनै कालखण्डको संख्या हेरेर संख्यामा प्रश्न उठाउन नमिल्ने जिकिर गरे।

'मुलुकको आवश्यकता, तत्कालीन परिस्थिति, मुलुक र अन्तर्राष्ट्रिय परिवेशले संख्या निर्धारण गर्दै आएको र भविष्यमा त्योबारे तिनै सिद्धान्त, आवश्यकता र कुरालाई हेर्ने हो,' उनले भने, 'नेपालमा रहेको ८१ हजार सेनाको संख्या पूर्ण रूपमा विभिन्न जिम्मेवारीमा सक्रिय रूपमा लागेको छ। विपत्, शान्ति सेना, विकास निर्माणमा लागेको छ। सरकारले दिएको जिम्मेवारी पूरा गर्दै आएको छ। अहिले भएको संख्याको उच्चतम उपयोग गर्दै आएका छौं। समग्रमा हेर्दा सेनाको संख्या मुलुक र जनताको हितमा उपयुक्त छ।'

बजेट पारित

मन्त्रीहरूको जवाफपछि राष्ट्रिय सभाले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक वर्ष ०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानसहितको विनियोजन (बजेट) विधेयक बहुमतले पारित गरेको छ। १३ असारमा प्रतिनिधिसभाले बजेट पारित गरेर राष्ट्रिय सभामा पठाएको थियो। अब राष्ट्रपतिले प्रमाणीकरण गरेपछि १ साउनबाट बजेट कार्यान्वयनमा आउनेछ।

संविधान र कानुनले सुम्पेको जिम्मेवारी, सरकारले तोकेको अन्य जिम्मेवारी, अन्तर्राष्ट्रिय रूपमा शान्ति स्थापना गर्ने कार्यलगायत विभिन्न कार्य र जिम्मेवारीका आधारमा सेनाको संख्या निर्धारण हुने भएका कारण सेनाको संख्यालाई उल्लेखित विषयको सापेक्षतामा हेर्नुपर्ने उनको भनाइ थियो। मन्त्री खड्काले सेनाको दरबन्दी ९६ हजार ४७७ रहेकोमा हाल ८१ हजार २७७ संख्या कायम रहेको जानकारी दिए। तीमध्ये ६ हजार ७७२ महिलाको संख्या रहेको उनले बताए। यसअन्तर्गत शान्ति सेना, तालिम, आयोजना, विपत् र विकास निर्माण कार्यमा ४६ हजार २०७ सैनिक कार्यरत रहेको र अप्रेसन तथा ड्युटीमा खटिने संख्या ४१ हजार ७० रहेको उनले तथ्यांक सुनाए।

राजदूत नियुक्ति प्रक्रिया चाँडै अघि बढाउने

परराष्ट्रमन्त्री एनपी साउदले राजदूत नियुक्ति प्रक्रिया अगाडि बढाउन उच्च तहमा छलफल भइरहेको बताए। हाल स्थायी नियोग, न्युयोर्क तथा जेनेभा, क्यानडा, फ्रान्स, थाइल्यान्ड, युएई र कुवेत गरी सात स्थानमा राजदूत पद रिक्त रहेको उल्लेख गर्दै साउदले कर्मचारीबाट ५० प्रतिशत र राजनीतिक तहबाट ५० प्रतिशतको कार्यविधिका आधारमा नियुक्ति हुने जानकारी दिए। मन्त्री साउदले नेपालले परिपक्वताका साथ असंलग्न परराष्ट्र नीति अपनाउँदै आएको जिकिर गरे। गुण र दोषका आधारमा अन्तर्राष्ट्रिय सम्बन्धमा स्वतन्त्र धारणा बनाउने नेपालको कूटनीतिक प्रयास भएको उनको भनाइ थियो। आवश्यकताका आधारमा परराष्ट्र नीति परिमार्जन हुने मन्त्री साउदले बताए।

श्रममन्त्री शरत्सिंह भण्डारीले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सुरक्षित र सम्मानित ढंगले गन्तव्यसम्म पठाउने प्रयत्न रहेको बताए। देशको परिस्थिति, रोजगारको अवस्था, आर्थिक स्थिति र राष्ट्रिय, अन्तर्राष्ट्रिय आर्थिक मन्दीका कारण देशको विकासको आधार वैदेशिक रोजगारीलाई मान्नुपर्ने अवस्था रहेको उनको भनाइ थियो।

सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याइने

सञ्चारमन्त्री रेखा शर्माले आगामी आर्थिक वर्षमा कानुन बनाई सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याई मर्यादित र व्यवस्थित गरिने बताइन्। विद्युतीय तथ्यांकहरूको सुरक्षा भण्डारण र उपयोगलाई व्यवस्थित बनाउन विद्युतीय तथ्यांक सुरक्षा नीति तर्जुमा गरिने उनको भनाइ थियो। साइबर सुरक्षासँग सम्बन्धित विषय एकीकृत गरी राष्ट्रिय साइबर सुरक्षा नीति मन्त्रिपरिषद्मा लैजाने तयारी गरिरहेको उनले जानकारी दिइन्।

कृषिमन्त्री बेदुराम भुसालले राष्ट्रिय दुग्ध विकास बोर्ड र कपास विकास समिति बजेटमा खारेज गरिए पनि पुनर्संरचना गरिने अगाडि बढाइने प्रतिबद्धता जनाए। संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले संघीय निजामती सेवा ऐन छिट्टै आउने र आगामी साउनदेखि कर्मचारी समायोजनलाई कडाइका साथ लागू गर्ने प्रतिबद्धता जनाए।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले असारे र डोजरे विकास प्रवृत्ति अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको बताए। सवारीचालक अनुमतिपत्र सेवाग्राहीलाई छिटोभन्दा छिटो उपलब्ध हुने व्यवस्था गर्ने प्रयास भइरहेको उनको भनाइ थियो। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ चौधरीले ठगी गर्ने सहकारीहरूको अनुगमन र जाँचबुझ गरी कारबाही प्रक्रिया अगाडि बढाइएको जानकारी दिइन्।

राजनीतिमा आउन सक्छन् थलापति

दक्षिण भारतीय सुपरस्टार थलापति विजय अभिनीत फिल्म 'लियो १९' अक्टोबरमा रिलिज हुँदै छ। फिल्म रिलिजअघि उनले तमिलनाडुमा लामो पदयात्रा गर्न चाहेका छन्। भारतीय सञ्चारमाध्यमले राजनीतिक यात्रा थाल्नका लागि थलापतिले पदयात्रा गर्न चाहेको उल्लेख गरेका छन्। उनले केही समय फिल्मबाट ब्रेक पनि लिन सक्नेछन्।





सलमानले गरे जवानको तारिफ

बलिउड अभिनेता सलमान खानले जवान फिल्मको प्रिभ्यु भिडियो सार्वजनिक गर्दै यसको तारिफ गरेका छन्। भिडियो निकै मन परेकाले रिलिजकै दिन फिल्म हेर्न जाने उनले बताए। जवानमा शाहरूख खान, नयनतारा र दीपिका पादुकोण मुख्य भूमिकामा छन्।

नर्सिङमा किन छ आकर्षण ?



> नर्सिङ पेसा सुन्दा जति सजिलो लाग्छ, त्यति नै उत्तरदायीपूर्ण पनि हुन्छ। सिद्धान्त मात्रै पढेर हुँदैन, प्राविधिक सीप र कम्युनिकेसन स्किल पनि उत्तिकै हुन जरुरी छ। समय धेरै दिनुपर्छ ।

नर्सिङ पढ्न चाहने विद्यार्थी र सन्तानलाई यस पेसामा लगाउन चाहने अभिभावक दुवैको संख्या बढ्दो छ। गाउँदेखि सहरसम्म यो पेसाप्रति आकर्षण छ। नर्सिङ पढ्नका लागि विद्यार्थीलाई दुईवटा बाटो छ। एउटा एसइई उत्तीर्ण गरेपछि र अर्को प्लस टु साइन्समा उत्तीर्ण भएपछि नर्सिङ पढ्न पाइन्छ। धेरै विद्यार्थीले एसइईपछि नै नर्सिङ पढ्नका लागि तयारी गर्छन्। सिटिइभिटीबाट सम्बन्धन लिएका कलेजमा पिसिएल तहदेखि नै नर्सिङ पढाइ हुन्छ।

सेवाभाव महत्त्वपूर्ण


वीर हस्पिटल नर्सिङ क्याम्पस (नेम्स)की एसिस्टेन प्रोफ्रेसर दुर्गेश्वरी किसी पछिल्लो समय नर्सिङ पेसामा अवसर बढेसँगै विद्यार्थीको संख्या पनि बढ्दै गएको बताउँछिन्। 'विद्यार्थीले यसलाई आफ्नो करिअर बनाउने र राम्रो आर्थिक आय आर्जन गर्ने विषयको रूपमा लिन थालेका छन्। त्यसैले नर्सिङमा करिअर बनाउन चाहनेहरूको रुचि अहिले पनि बढ्दो छ,' उनले भनिन्। अस्पतालबाहेक स्कुल, एनजिओ, आइएनजिओलगायतमा पनि नर्सले रोजगारी पाउने गरेका छन्। नर्सिङलाई नेपालमा सम्मानित पेसाका रूपमा हेरिने भएकाले पनि यसप्रति आकर्षण बढेको एभरेस्ट अस्पतालकी नर्सिङ विभाग प्रमुख मीरा पोखरेलले बताइन्। 'नेपालमा नर्सिङलाई सम्मानित पेसाको रूपमा हेर्न थालिएको छ। यसको स्कोप राम्रो छ। नेपालमा कामविहीन भएर बस्नुपर्दैन, तनाव भएर बस्नुपर्दैन। बिरामीको हेरचाह गरेर उनीहरूलाई निको पार्दा आत्मसन्तुष्टि मिल्छ,' उनले भनिन्, 'तर, लहडका भरमा नभएर हृदयदेखि नै सेवाभाव बोकेर आउन जरुरी छ। कतिपयले अभिभावकको दबाबमा पनि नर्सिङ पढेका हुन्छन्। तर अन्य पेसाजस्तै यसमा पनि चुनौतीहरू छन्, मानवीय भावनाको काम भएकाले नर्सको कुनै निश्चित समय हुँदैन। यस पेसाबारे सबै बुझ्नेर आउनु राम्रो हुन्छ।'

किसी भन्छिन्, 'नर्सिङ पेसा सुन्दा जति सजिलो लाग्छ, त्यति नै उत्तरदायीपूर्ण पनि हुन्छ। सिद्धान्त मात्रै पढेर हुँदैन', उनी थप्छिन्, 'प्राविधिक सीप र कम्युनिकेसन स्किल पनि उत्तिकै हुन जरुरी छ। समय धेरै दिनुपर्छ। भनेका वेलामा बिदा पाइँदैन। अनुशासित हुनुपर्‍यो। मुख्य कुरा मानवीय भावना हुनुपर्‍यो।'

अधिकांशको रोजाइ विदेश

अहिले बेलायत, अमेरिका, अस्ट्रेलिया, दुबई, क्यानडालगायतका देशमा पनि नर्सको डिमान्ड बढ्दो छ। त्यसैले नेपालमा नर्सिङ पढेर विदेश जाने सोच राख्नेहरूको संख्या ठूलो छ। नेपालमा सोचेजस्तो तलब नपाइने भएकाले विदेश जानेको संख्या बढेको किस्ट अस्पतालका उपप्राध्यापक डा. सुशील डुंगेलले बताए। 'नेपालमा दक्ष नर्सहरू उत्पादन भइरहेका छन्। तर, नर्सिङलाई सेवाभावका रूपमा हेरिए पनि यहाँ सोचेजस्तो सेवा-सुविधा र आम्दानी छैन,' उनले भने, 'नर्स उत्पादन भइरहने, तर बिदेसिने अवस्था राम्रो होइन। दक्ष जनशक्तिलाई नेपालमै राख्ने वातावरण बनाउन सरकार तथा निजी क्षेत्रले पहल थाल्नुपर्छ।'

आँखा सुक्खा हुन नदिन...





अर्चना बुढाथोकी
दृष्टिरोग विशेषज्ञ
दृष्टि आई केयर

सुक्खा आँखा भएपछि कतिपयमा आँसु अझै बढी आउँछ। यस्तो समस्या किन देखियो भनेर धेरैले जिज्ञासा पनि राख्नुहुन्छ। खासमा आँखा सुक्खा हुनेबित्तिकै शरीरले अझै धेरै आँसु बनाउनुपर्छ भन्ने बुझ्छ र यस्तो अवस्था निम्तिन्छ। आँखा सुक्खा हुनुका केही कारण र समाधानका उपाय यस्ता छन् :

- मोबाइल र ल्यापटप चलाइरहने मानिसमा आँखा सुक्खा हुने समस्या देखिन्छ। मोबाइलको असरलाई कम गर्न ब्लु कट लेन्स पनि युज गर्न सकिन्छ। मोबाइलबाट आउने ग्रिन रेलाई यसले कम गर्छ। भिटामिनयुक्त खाना, हरियो सागसब्जी, गाँजर, माछा, माछाको तेल, पानी प्रशस्तै पिउने/खाने गर्नुपर्छ। ल्यापटपको स्क्रिन आँखाभन्दा केही दूरीमा राख्ने।
- बच्चालाई धेरै मोबाइल खेल्ने बानी हुन्छ। अभिभावकले पनि आफ्नो काममा व्यस्त हुँदा यस्ता कुरामा ध्यान दिन दिन पाउँदैनन्। तर, उनीहरूको स्क्रिन टाइम कन्ट्रोल गर्न जरुरी छ।
- २०-२०-२० रुलले पनि आँखा सुक्खा हुने समस्या कम गर्न भूमिका खेल्छ। यस नियमले हरेक २० मिनेट स्क्रिनअगाडि बसेपछि २० सेकेन्डका लागि स्क्रिनबाट ध्यान हटाएर २० फिट पर हेर्नु भन्छ।
- एसीअगाडि बस्दा पनि आँखा सुक्खा हुन्छ। तसर्थ, एसी, फ्यान पनि सीधै आँखाकै अगाडि प्रयोग गर्नुहुँदैन।
- थाइराइड, सुगर, प्रेसर, कोलेस्ट्रोललगायत समस्या भएकामा पनि आँखा सुक्खा हुने समस्या देखिन्छ। उनीहरूले चिकित्सकको परामर्शमा औषधि प्रयोग गर्न सक्छन्।
- ५० वर्षमाथिका मानिसमा पनि छाला लुज भएर आँखा सुक्खा हुन सक्छ।

रोकथामका उपाय

- प्रदूषण धुलो-धुवाँबाट बच्नका लागि सनग्लास लगाउनुपर्छ।
- बिहान-बेलुकी आँखा नियमित धुने गर्नुपर्छ। तर, आँखालाई धेरै प्रेसर दिने गरी धुनुहुँदैन।
- बजारमा पाइने रंगीन र सस्ता गगल्स आँखाका लागि हानिकारकसमेत हुन्छन्। हामीमध्ये धेरैले जाँच नगरीकनै गगल्स किनिरहेका हुन्छौं। जसले मोतीबिन्दु, आँखामा मासु पलाउने आदि समस्या निम्त्याउन सक्छ। तसर्थ, गगल्स छनोट गर्दा अल्ट्राभायलेट रे प्रोटेक्टर जाँच गरेर मात्र किन्नुपर्छ।
- आँखा अति नै सुक्खा भएमा दृष्टिरोग विशेषज्ञसँग परामर्श गरेर उपचार थाल्नुपर्छ।

अहिले ड्राई आई पद्धतिअनुसार मेसिनको सहायतामा उपचार गर्न मिल्ने प्रविधि आइसकेको छ। एनजिडी अर्थात् हाम्रा ग्रन्थिहरू ब्लक भएर आँखा सुक्खा हुन्छ। त्यो ग्रन्थिलाई मेसिनको सहायतामा खुलाएर उपचार गरिन्छ।

विद्यार्थीलाई फुटबलले सिकाउने पाठ



फुटबलका शारीरिक र मानसिक मात्रै होइन, शैक्षिक फाइदा पनि छन्। यो खेलमा फिजिकल फिटनेस, टिमवर्क चाहिन्छ। रणनीतिक रूपमा सोच्नुपर्ने हुन्छ। यी सीपहरू हरेक क्षेत्रमा सफल हुनका लागि आवश्यक छन्।

यस खेलले सोच्न, योजना बनाउन र अनुशासनमा रहन सिकाउँछ। स्कुल वा कलेजमा राम्रो अंक हासिल गर्न यी सबै कुरा चाहिन्छ। राम्रो फुटबल खेल्ने खेलाडीले कलेजमा छात्रवृत्ति पनि पाउँछन्। धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलेज र विश्वविद्यालयले खेलाडीका लागि छात्रवृत्तिको व्यवस्था गरेका छन्। समय व्यवस्थापन फुटबलको अर्को राम्रो पक्ष हो। फुटबल खेलाडीहरू समयमै उठ्छन्, सन्तुलित आहार लिन्छन् र समयमै सुत्छन्। परीक्षामा राम्रो अंक ल्याउन र अफिसमा राम्रो काम गर्नका लागि पनि यस्तो जीवनशैली आवश्यक छ।

चेतन घिमिरे
फुटबल प्रशिक्षक
नेपाल पुलिस क्लब

दबाबमा पनि राम्रो खेल्न सक्नु फुटबल खेलाडीको विशेषता हो। जीवनमा तपाईंले त्यतिवेला मात्रै प्रगति गर्न सक्नुहुन्छ, जतिवेला कामप्रतिको लगावसँगै दबाबमा राम्रो नतिजा दिन सक्ने खुबी तपाईंमा विकास भएर जान्छ। फुटबल रमाइलो महसुस गराउने खेल हो। यस खेल खेल्दा स्ट्रेस हर्मोनहरू रिलिज हुन्छन् र शरीरले आरामदायी महसुस गर्छ।

फुटबलका अन्य फाइदा यस्ता छन्

- फुटबलमा रणनीतिक रूपमा सोच्नुपर्छ। समस्या समाधान गर्ने र तत्कालै निर्णय गर्ने खुबी चाहिन्छ। शैक्षिक रूपमा सफल हुन पनि यी खुबी चाहिन्छ। फुटबल खेल्दा ब्रेन पावर विकास भएर जान्छ।
- फुटबलले नयाँ मानिस भेट्ने, नयाँ सम्बन्ध विकास गर्ने काममा सहयोग गर्छ। टिमका सहकर्मी, प्रशिक्षक र फ्यानहरूसँग खेलाडीहरू घुलमिल भइरहेका हुन्छन्। यस्तो नेटवर्क भविष्यमा अन्य क्षेत्रमा लाग्दा पनि काममा आउँछ। 'फेयर प्ले' फुटबलको मन्त्र हो। यसले स्वस्थ प्रतिस्पर्धाका लागि प्रेरित गर्छ।
- फुटबलका शारीरिक फाइदा धेरै छन्। कुद्ने, दौडने गर्दा शरीर चलायमान भइरहन्छ। यसले स्वास्थ्य सुधार्छ। मांसपेशीको विकास गर्छ। शरीर र मस्तिष्कबीच संयोजनको काम गर्छ। तनाव घटाउँछ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Itahari
Road Division Harkapur
Okhaldhunga

Invitation for Bid

Bid Notice No.: 01-RDHKR/2080/81
Date of Publication: 2080/03/29 (July 14, 2023)

1. Road Division Harkapur, Okhaldhunga invites open competitive Bidding (Single Stage Double Envelope and Single Stage Single Envelope electronic bids) from eligible bidders for the construction of following works under National Competitive Bidding Procedures:

Contract Identification No.	Description of Works	Estimated Amount Excluding VAT (Nrs.)	Average Annual Construction Turnover, NRs. (in millions)	Liquid Assets/ Credit Facilities, NRs. (in millions)	Specific Construction Experience Requirements	Bid Capacity NRs. (in millions)	Bid Security Amount, NRs.	Bid Validity Period/ Bid Security Validity Period	Bid Document Fee, NRs.
RDHKR/ 337310113/ 2080/81-01	Periodic Maintenance (Premix Carpetting) Works on Siddhicharan Rajmarg	-	47	4	As stated in Section III (Evaluation and Qualification Criteria) of Bid Document	38	1500000	90/120 Days	5000
RDHKR/ 337310113/ 2080/81-02	Recurrent Maintenance (Patch Works) on Halesi-Diktel Road Section	4804008.33	-	-	-	-	145000	90/120 Days	3000
RDHKR/ 337310113 (Rec)/2080/ 81-003	Recurrent Maintenance Works (Patchworks) on Siddhicharan Rajmarg Harkapur-Okhaldunga-Mudhe-Faflu & Hillepani-Jayramghat Road Section	14387063.74	-	-	-	-	500000	90/120 Days	3000
RDHKR/ 337310113/ 2080/81-04	Specific Maintenance Works on Siddhicharan Rajmarg (Mudhe-Phalphu Road Section), Solukhumbhu	8462817.59	-	-	-	-	220000	90/120 Days	3000
RDHKR/ 33701138/ 2080/81-05	Pavement and Structural works for Rehabilitation of Roads on Siddhicharan Rajmarg (Mudhe-Phalphu Road Section), Solukhumbhu	-	67	3.5	As stated in Section III (Evaluation and Qualification Criteria) of Bid Document	44	1300000	90/120 Days	5000

2. Date of Pre-Bid Meeting, Submission Deadline and Opening of Bids:

Pre-Bid Meeting	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash for the Bid Security
02 August 2023 (2080/04/17) 13:00 hrs. at Road Division Harkapur, Okhaldhunga	13 August 2023 (2080/04/28), 12:00 hrs. at Road Division Harkapur, Okhaldhunga	13 August 2023 (2080/04/28), 13:00 hrs. at Road Division Harkapur, Okhaldhunga	Name of Bank: Rastriya Banijya Bank, Okhaldhunga Name of Office: Road Division, Harkapur Office Code: 337-011-001 Office Account No.: 1000200010000 Revenue Head No.: 14229	Name of Bank: Rastriya Banijya Bank, Okhaldhunga Name of Office: District Treasury Controller's Office, Okhaldhunga Office Code: 337-011-001 Office Account No.: 2070203000000

3. Eligible Bidders are advised to visit the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact to Road Division Harkapur, Email : droharkapur@gmail.com.

Division Chief

दलित महिलाका दुःख

नेपाली समाजमा दलित महिलाले लैंगिक उत्पीडन, वर्गीय विभेद र छुवाछुतको तेहरो उत्पीडन र शोषण सहँदै आएका छन्



● टीकाकुमारी विश्वकर्मा

अग्रलेख

देशको अधिकांश क्षेत्रका दलित बस्ती पखेरो, भिरालो खोँच या उत्पादन नहुने सुक्खा र बन्जर स्थानमा रहेका देखिन्छन् । एकाध बस्ती समथर र टार क्षेत्रमा पनि छन्, तर उनीहरूसित जग्गाजमिन असाध्यै थोरै छ । प्रायः दलित बस्तीमा अभाव, भोकमरी, अशिक्षा र रोगव्याधीको कहर छ । समाजमा यस समुदायको आर्थिक अवस्था, स्वास्थ्य, शिक्षा र रोजगारीको अवस्था निकै नाजुक र दयनीय छ । हाम्रो समाज अरू विकसित देशको तुलनामा धेरै पछाडि छ । पिछडिएको समाजमा पनि झन् दलित महिलाको समग्र अवस्था, विकासको गति कति होला, सहजै अनुमान लगाउन सकिन्छ । सामन्ती समाजबाट विकसित नेपाली समाजमा दलितहरू अपहेलित त छँदै छन्, झन् दलित महिलामाथि हरेक क्षेत्रमा असाध्यै अपमान, घृणा र विभेदकारी व्यवहार हुँदै आएको छ । दलित महिलाले सदैव अभावैअभाव र विभिन्नखाले मानसिक र शारीरिक दबाब झेल्दै आएका छन् ।

अभाव र दबाबको जीवन जिउन बाध्य : नेपाली समाजमा ग्रामीण भेग र मधेसका दलित महिला अरूले भन्दा बढी दुःख, पीडा, अभाव, गरिबी, रोग आदिबाट पिल्सिएका छन् । उनीहरूले अन्य समुदायका महिलाले भन्दा बढी लैंगिक उत्पीडन भोगिरहेका हुन्छन् । त्यसैगरी छुवाछुत र विभेदका अनगिन्ती उत्पीडन त छँदै छन् । त्यस्तै वर्गीय हिसाबले पनि खाना नपुग्ने, दुःखी वर्गमा पर्ने समुदाय भएकाले वर्गीय विभेद पनि भोगिरहेकै हुन्छन् । यसरी दलित महिलाले समाजमा तेहरो उत्पीडन र शोषण सहँदै आएका छन् ।

समाजको सबैभन्दा पिँधमा दलित महिला नै छन् । हामी सानो हुँदा गाउँघरमा बाआमाले 'छोरी भनेको अर्काको घरमा जाने जात हो, छोरीलाई लेखपढ गराउनु हुँदैन, पढेर धेरै जानेबुझे भने उत्ताउला हुन्छन् र छिटो पोइल जान्छन्, बाउआमाको इज्जत फाल्छन्' भन्ने गरिन्थ्यो । सानामा दाउरा, घाँस र मेलापात जाने, पन्ध्रसोह्र वर्षपछि विवाह गरिदिने अनि उमेर नपुग्दै बालबच्चा बर्सेनी जन्माउनुपर्ने बाध्यता दलित महिलाको नियति नै बन्थ्यो । आफ्नो जग्गाजमिन नहुने, एक-दुई सुर्कामा उब्जिएको अन्नले तीन महिना पनि खान नपुग्ने भएकाले सधैँजसो गैरदलितको खेतबारीमा निमेक गर्नुपर्ने, घाँस दाउरामाथि बच्चा बोकेर खेतबारीमा काम गर्न जानुपर्ने बाध्यता उनीहरूमा थियो र अझै पनि त्यो क्रम जारी नै छ । परिवारलाई खान-लाउनको दुःख हुनु, दलितमाथि समाजले गर्ने हेला-होचो र अमानवीय विभेदको भारीले थिच्नु, जीवनभरि सधैं अभावमा रहेर जीवनयापन गर्न बाध्य हुनु, पारिवारिक न्यून चेतनाका कारण वर्षैपिच्छे बच्चा जन्माउन बाध्य हुनु, श्रीमान्बाट दिनहुँजसो कुटाइ खानु, गर्भवती अवस्थामा पोषिला खानेकुरा नपाउनु, सुत्केरी अवस्थामा धेरै दुःखका कारण आङ खस्ने समस्याबाट ग्रसित हुनु, कम उमेरमै बूढी देखिनुजस्ता थुप्रै समस्याबाट दलित महिला पीडित छन् । तर, राज्य र समाजले यी तमाम समस्या र अप्ठ्याराबारे कुनै चासो र चिन्ता लिँदैनन् । यतिबेला राज्यमा तीन तहका सरकार छन्, तर समाजको भुइँतहमा रहेका दलित महिलाका यी समस्याबारे न नीति तथा कार्यक्रममा उल्लेख गरिन्छ, न त बजेटमै सम्बोधन गरिन्छ । यसमा दलित आन्दोलनले पनि खासै गम्भीरतापूर्वक विषयवस्तुलाई उठाएको देखिँदैन । पछिल्ला केही वर्ष दलित समुदायका युवा रोजगारीका क्रममा बिदेसिएर कमाएको धनले उनीहरूको आर्थिक अवस्थामा थोरै सुधार आएको छ । आर्थिक रूपमा केही सबले हुँदै गए पनि एक्लै बसेर घरपरिवार धानिरहेका दलित महिलामाथि अनेक आरोप लगाउने गरिन्छ । त्यसैले, हाम्रो समाजका दलित महिला जीवनभरि अभावै-अभाव र मानसिक तथा शारीरिक समस्याका दबाबमा छन् । यसबारे मुख्यतः राज्य र अन्य सरोकारवाला पक्ष पनि गम्भीर बन्नुपर्छ ।

सामन्तवादी संस्कृतिको उत्पीडन : सामन्तवादी विचारले जहिले पनि गरिब, दुःखी, अपहेलित, पछाडि पारिएका, दलित, महिलालगायत विभिन्न खाले उत्पीडनमा परेका वर्ग र समुदायलाई हेप्ने, विभेद गर्ने र खिसी-टिउरी गर्छ । हाम्रो समाजमा दलितभित्रका पनि दलित महिला भनेपछि तिनलाई मान्छेका रूपमै नहेर्ने अपसंस्कृति छ । गाउँ समाजमा अहिले पनि दुःख पाएका, गरिब, एकल महिलालाई बोक्सी भनेर दुर्व्यवहार गर्ने चलन छँदै छ । दलित महिला यौनजन्य हिंसाको पनि सिकार हुँदै आएका छन् । सामाजिक हिसाबले गाउँघरमा बोलाउँदा दलित महिलालाई असाध्यै असभ्य शब्दले पुकारेर विभेद गर्ने कार्य अझै हटेको छैन । सबैभन्दा ठूलो मानिसको पहिचान हो । सामाजिक मानमर्यादाका क्षेत्रमा दलितमाथि अझै पनि अपमानजनक शब्द प्रयोग गरिन्छ । गाउँका शिक्षक, वडाध्यक्ष वा सदस्य भएर सम्मानित पदमा पुगे पनि दलित समुदायमाथि प्रत्यक्ष या अप्रत्यक्ष रूपमा हेला, घृणा, अपमान र तिरस्कार गर्ने चलन मेटिएको छैन अझै ।



दलित पुरुषलाई भन्दा दलित महिलामाथिको ज्यादती अझ बढी छ । त्यसैले, हिजोका सामन्ती सोच र व्यवहारबाट माथि उठेर दलितलाई पनि अरुसरह नै व्यवहार गर्ने र समाजको सबैभन्दा पछाडि पारिएका दलित महिलालाई हरेक क्षेत्रमा सम्मान गर्दै अवसर दिने नीति र व्यवहारको विकासमा सबैले विशेष ध्यान दिनुपर्छ ।

राज्यको नीति-निर्माण तहको सहभागितामा वृद्धि : समाजमा कुनै पनि समुदाय वा व्यक्ति पछाडि पर्ने वा अघि बढ्ने भन्ने राज्यको नीतिमा भर पर्छ । हाम्रो देशमा खसआर्य समुदायले लामो समयदेखि शासन सत्तामा रहेर नीति, नियम बनाई अघि बढेको हुनाले अरूभन्दा यो समुदाय सबै हिसाबले अगाडि छ । दलितलाई नीति र विधिमै विभेद गरेर सबै क्षेत्रमा पछाडि पारिएको थियो । अहिले नयाँ संविधान निर्माणपछि स्थानीय तह निर्वाचनमा राजनीतिक दलहरूले अनिवार्य उम्मेदवारी दिनुपर्ने बाध्यकारी नियम बनेपछि बल्ल दलित महिलाको सत्तामा पहुँच वृद्धि भएको छ । अहिले दलित घरधुरी नभएका केही वडाबाहेक देशका सबै वडामा दलित महिला सदस्यमा निर्वाचित भएका छन् । यो दलित आन्दोलनको इतिहासमै महत्त्वपूर्ण उपलब्धि हो । गाउँघरमा अपमानजनक नाम राखेर हेपाइमा पर्दै आएका हाम्रा आमा, दिदी, बहिनी आज जनप्रतिनिधि भएर वडाको बैठक र गाउँ तथा नगरसभामा उपस्थित हुने गरेका छन् । यो हाम्रो समाजमा हेपिएर अभाव र दबाबमा बाँच्दै आएका दलित महिला अधिकारको ठूलो फड्को हो । यस परिवर्तनमा मुख्यतः माओवादीद्वारा गरिएको दशवर्षे जनयुद्धले दिएको परिवर्तनकारी चेतनाको ठूलो भूमिका छ । स्थानीय तहमा उपप्रमुख र उपाध्यक्षमा पनि केही दलित महिला पुग्न सफल भएका छन् । संघ र प्रदेशमा पनि दलित महिलाको प्रतिनिधित्वमा वृद्धि हुँदै गएको छ । दलित महिला पनि मन्त्री बन्नु सामान्य होइन । यो सबै दशवर्षे जनयुद्ध र ऐतिहासिक जनआन्दोलनका कारण सम्भव भएको हो । राजनीतिक दलले समाज रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा दलित समुदायको विकासविना समाजको वास्तविक विकास हुन सक्दैन । त्यसकारण राजनीतिक दलको केन्द्रदेखि तलको वडसम्मका कमिटीमा र नेतृत्व पंक्तिको विकास गराउँदा पनि दलित महिलालाई अनिवार्य राख्ने नीति बनाउनुपर्छ । यसबाट मात्रै वडासदस्यमा निर्वाचित सदस्य सक्षम र आत्मनिर्भर बन्न सक्छन् । जसले आफ्नो समुदायको अधिकारका पक्षमा संघर्ष गर्न सक्छन् । राज्यले अरू समुदायका महिलाको दाँजोमा दलित महिलाको उचित संरक्षण गर्न नसकेको तथ्यलाई आत्मसात् गर्दै योजनाबद्ध रूपमा आर्थिक, राजनीतिक र सामाजिकलगायत सबै क्षेत्रमा नीति र विधिको विकास गरेर मात्रै दलित महिलालाई सक्षम र सबल बनाउन सकिन्छ ।

> राज्यले देशैभरिका दलित महिलालाई लक्षित गरी बजेट छुट्याएर विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, आयआर्जनमूलक तालिम दिई दक्ष बनाएर आर्थिक रूपमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउनुपर्छ

राज्यको भूमिका : राज्य दलित समुदायको अभिभावक बन्नुपर्छ । दलित महिला समाजका सबै क्षेत्रमा हरेक हिसाबले पछाडि नै छन् । देशका दूरदराजमा भएका, हिमाल, पहाड र तराईमा दुःख, कष्ट व्यहोर्दै जीवनयापन गरिरहेका रोग, भोग र गरिबी तथा हिंसाको चपेटामा परेका दलित महिलाको दयनीय अवस्थालाई हेर्ने राज्यका तीनै तहका सरकारले नीति, कार्यक्रम र बजेट बनाउँदा दलित महिलालाई प्राथमिकतामा राख्नुपर्छ । संविधानमा दलितलाई राज्यका सबै निकायमा जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्व हुन पाउने हकको व्यवस्था गरिएको छ । दलितले प्राप्त गर्ने सबै हक अधिकारमा दलित महिलालाई विशेष प्राथमिकतामा राखिनुपर्छ । दलित महिलाभित्र पनि मधेस र दुर्गम गाउँघरका दलित महिलालाई प्राथमिकतामा राखिनुपर्छ । त्यसैगरी दलितभित्रका पनि विभिन्न उपसमूहमा विभक्त समूहलाई पनि सम्बोधन गरिनुपर्छ ।

शिक्षा, स्वास्थ्य, रोजगारी, आर्थिकलगायत क्षेत्रमा पनि दलित महिलाको अवस्था नाजुक छ । उनीहरूलाई राज्यले छात्रवृत्तिसहित निःशुल्क शिक्षा दिने व्यवस्था गरिनुपर्छ । बाबु शिक्षित भए एक्लै शिक्षित हुन्छन् र आमा शिक्षित भए भने सबै सन्तान र समाजलाई नै शिक्षित बनाउँछिन् भन्ने चर्चित भनाइअनुसार दलित महिला शिक्षित भए भने दलित समाज नै शिक्षित समाजमा रूपान्तरित हुन्छ । किनकि, यो समाजको सबैभन्दा पिँधमा, अशिक्षाको भुमरीमा दलित महिला नै छन् । गरिब झुपडीमा जीवन बिताएकी दलित महिलाको स्वास्थ्य स्थिति पनि अकल्पनीय रूपमा नाजुक नै हुन्छ । राज्यले सबैभन्दा हेरचाह गर्नुपर्ने, उपचार गर्नुपर्ने दलित महिला नै हुन् । आर्थिक र रोजगारीको क्षेत्रमा कुनै पनि आय आर्जन नभएको, गरिब र असहायमा दलित महिला नै पर्छन् । त्यसैले, राज्यले देशैभरिका दलित महिलालाई लक्षित गरी बजेट छुट्याएर विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, आयआर्जनमूलक तालिम दिई दक्ष बनाएर आर्थिक रूपमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याउनुपर्छ ।

राजनीतिक रूपमा सशक्त बनाउन संविधान र कानुनमा भएका दलित र दलित महिलासम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयन, राजनीतिक सहभागितामा वृद्धि आदि बजेटसहितका कार्यक्रम तय गरी लागू गरेर मात्रै दलित महिलालाई सक्षम र सबल बनाउन सकिन्छ । तसर्थ, राज्यले जहिल्यै अभाव र दबाबमा जेलिँदै आएका दलित महिलाको सर्वांगीण विकासमा विशेष योजना बनाएर लाग्दा नै असली अभिभावक भएको ठहरिन्छ ।

(विश्वकर्मा नेपाल दलित मुक्ति मोर्चाकी केन्द्रीय सचिव हुन्)

---

३ प्रश्न

काठमाडौं महानगरपालिका, वातावरण विभाग प्रमुख **रबिनमान श्रेष्ठ**लाई



ककनी गाउँपालिकाले फोहोरका कन्टेनरबाट शुल्क उठाउने योजना अघि बढाएको छ । यसमा महानगर सहमत भएको हो ?

यसमा हामी सहमत छैनौं । यसबारे अझ मेयर र उपमेयरले कुराकानी गर्नुभएको होला । तर, जेसुकै भए पनि हामी यसबारे सहमत छैनौं । फोहोर लैजाँदा पैसा तिराउँछौं भन्ने ककनीको एकतर्फी भनाइ हो । यस्तो भयो भने हामीले अन्य रूपमा दिँदै आएका शुल्क कटौती गर्न सक्छौं ।

महानगरले प्रभावित क्षेत्रका बासिन्दालाई बजेटमा बेवास्ता गरेको भन्दै विरोध भइरहेको छ । वास्तविकता के हो ?

हामीले चालू र आगामी आवका लागि १५-१५ करोड बजेट छुट्याएका छौं । आगामी कार्यक्रमबारे बिमा, क्षतिपूर्ति, विद्यालय निर्माण, शिक्षा र स्वास्थ्य क्षेत्रका लागि १५ करोड बजेट छुट्याएका छौं । हामीले बजेट दिँदादिँदै पनि उहाँहरूले थप चार्ज लगाउनुहुन्छ भने हामी त्यसमा सहमत हुन सक्दैनौं ।

प्रभावित क्षेत्रमा प्रदूषणको अध्ययन नभएको भन्दै स्थानीयले विरोध गरिरहेका छन् । यथार्थ के हो ?

प्रभावित क्षेत्रमा हामीले धेरैथरी सुविधा दिएका छौं । त्यहाँ स्वास्थ्य र बिमामा हाम्रो ठूलो लगानी भइसकेको छ । त्यस्तै, क्षतिपूर्ति पनि दिँदै आएका छौं । यसबाहेक नास्ट र त्रिविले प्रभावित क्षेत्रमा वायु, जल र फोहोरमैला प्रदूषणको अध्ययन गर्दै छन् । नास्टसँग दुई दिनअघि मात्रै सम्झौता भएको छ । अबका चार महिनामा उसले अध्ययन गरिसक्छ । त्यस्तै, त्रिविले पनि सिसडोल क्षेत्रमा एक महिनादेखि अध्ययन गरिरहेको छ ।

प्रेरक प्रसंग

रुखहरूको समस्या

एक राज्यका राजा धेरै दिनपछि आफ्नो बगैंचामा सयर गर्न गए । बगैंचामा पुग्दा उनले त्यहाँका सबै रुख, बिरुवा ओइलाएको देखे । राजा निकै चिन्तित भए । यसको कारण थाहा पाउन उनले सबै रुख बिरुवासँग एक-एक गरी प्रश्न सोध्न थाले ।

'ओक'को रुखले भन्यो- म देवदारजति अग्लो छैनँ । यही चिन्ताले म ओइलाएको हुँ महाराज ! राजाले देवदारको रुखतिर हेरे, उसको पनि काँध झुकेको थियो । उसले भन्यो- म यति अग्लो भएर पनि के गर्नु ? म अंगुरले जस्तो मिठो फल दिन सक्दिनँ । यही चिन्ताले गर्दा म ओइलाएको हुँ महाराज ! अंगुरको लहराले भन्यो- महाराज, म गुलाफले जस्तो सुगन्धित फूल दिन सक्दिनँ । त्यसैले, मेरो यो हालत भएको हो । राजा केही अघि बढे । त्यहाँ उनले एक रुख देखे । त्यो बडो निश्चिन्त देखिन्थ्यो । खुसी र हराभरा देखिन्थ्यो । भर्खरै नुहाएर आएको हो कि जस्तो ताजा देखिन्थ्यो । राजाले छक्क पर्दै उसैलाई सोधे- पूरै बगैंचाभरि डुल्दा निकै बलिया र राम्रा रुखहरू पनि ओइलाएर घिटीघिटीको अवस्थामा पुगेका छन् । तर, अरू सबै दुःखी देखिँदा पनि तिमी भने निकै प्रसन्न देखिन्छौ । यसको कारण के हो ? यो कसरी सम्भव भयो ?



रुखले भन्यो- महाराज अरू रुख-आआफ्नो विशेषता र क्षमता बुझेर त्यसैमा रमाउनुको साटो आफूलाई अरूसित तुलना गरेर दुःखी छन् । जब कि मचाहिँ आफैंलाई हेरेर खुसी रहन्छु । आखिर मलाई यहाँ हजुरले मेरो पनि कुनै न कुनै विशेषता देखेरै त लगाउनुभयो होला नि ! मेरो कुनै विशेषता नभएको भए यहाँ पनि त हजुरले ओक, देवदार, अंगुर या गुलाब रोप्नुहुन्थ्यो होला, होइन र ? म अरूजस्तो बन्नुको साटो आफ्नै क्षमता र विशेषतामा विश्वास राख्छु । त्यसैले, जहिल्यै खुसी, ताजा र हराभरा रहन्छु ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विकल्प देऊ महानगर !

'गरिखान देऊ... भन्दै महानगर परिसरमा प्रदर्शन' शीर्षकको समाचार पढियो । यथार्थमा सहरबजारमा जहाँ पायो त्यहीं सडकपेटी या कुनै खुला स्थानमा पसल राखिहाल्ने, ठेलागाडा या साइकल तेर्स्याइहाल्ने कार्य पक्कै जायज होइन । तर, यसो भन्दै गर्दा गरिखाने मानिसलाई काम गर्ने नदिने भन्ने पनि हुँदैन । यसका लागि महानगरले प्रस्ट विकल्प दिन ढिलो भइसकेको छ । महानगरले आफ्नो नगर क्षेत्रभित्रका सार्वजनिक जग्गाजमिन पहिचान गरी तिनलाई खुला व्यापारका लागि निश्चित समयसम्मका लागि प्रयोग गर्न दिने विकल्प उपयुक्त हुन सक्छ । साथै, त्यस्तो स्थानमा व्यापार गर्ने व्यापारीबाट निश्चित रकम शुल्कका रूपमा उठाएर सो स्थानको स्तरोन्नति तथा सरसफाइमा खर्च गर्ने व्यवस्था पनि मिलाउन सकिन्छ ।

● **अनुपमा महर्जन**, कालिमाटी, काठमाडौं

आदिकवि भानुभक्तप्रति श्रद्धासुमन

तनहुँमा जन्म लिई
साहित्यलाई पुनर्जन्म दियौ
मुलुककै प्रथम कवि भई
आदिकविको नाममा
परिचित भयौ ।
सानो गाउँमा जन्म लिई
गाउँकै परिचय अटल बनायौ ।
धनञ्जय र धर्मावतीका पुत्र तिमी,
देशकै पुत्र सावित भयौ ।
साहित्य र भाषाको सेवा गरी
मातापिताकै नाम राख्यौ ।
रामायणको अनुवाद गरी
साहित्यलाई नवीन परिचय दियौ ।
कैयौं साहित्यिक कृति सिर्जना गरी
विशाल नाम आर्जन गऱ्यौ ।
घाँसीको सोचबाट दीक्षित हुँदै
'घाँसी' कविता रचना गऱ्यौ ।
भक्तमाला र वधूशिक्षाको रचना गरी
नवीन साहित्यलाई जीवन्त राख्यौ ।
साहित्यका पुजारी भानुभक्त तिमीले
नेपाली साहित्यलाई घरघरमा
पुऱ्यायौ ॥

● **आदित्य शाह**
adi.shah2001@gmail.com

यातना दिने प्रहरीलाई कारबाही गर

'मधेस प्रहरी कार्यालयले गठन गऱ्यो पाँच सदस्यीय छानबिन समिति' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो । कुनै पनि कार्यालयको हाकिमले यसरी आफूमातहतको कर्मचारीलाई हात पछाडि बाँधेर निर्मम सजाय दिनु गम्भीर चिन्ताको विषय हो । आफूमातहतका कर्मचारीलाई यस्तो अमानवीय सजाय दिने अधिकार कसैलाई पनि छैन । यदि मातहतका कर्मचारीले काम बिगारेमा वा जायज आदेश पालना नगरेमा तिनलाई सम्झाइ-बुझाइ गर्ने दायित्व कार्यालय प्रमुखको हो । सम्झाइ-बुझाइबाट कर्मचारीको आचरण नसुधिएमा उसले आफूभन्दा माथिल्लो कार्यालयमा लिखित जानकारी गराई विभागीय कारबाहीका लागि लेखिपठाउनुपर्छ । जिल्ला प्रहरी कार्यालय, लाहानमा प्रहरी जवान अनु रायलाई पछाडिबाट हात बाँधेर चरम यातना दिएको घटना सार्वजनिक भई नै सकेको हुनाले प्रदेश प्रहरी कार्यालयले यस विषयमा गम्भीर छानबिन गर्नुपर्छ ।

कुनै पनि कार्यालयमा यसरी सजाय दिनु गम्भीर प्रकृतिको अपराध हो । यसले समाजमा गलत सन्देश गएर मानिसहरूले कानुन हातमा लिने अवस्था पनि आउन सक्छ । प्रहरी संगठन बलियो 'चेन अफ कमान्ड'मा चल्नुपर्छ । चेन अफ कमान्डविना यस्तो संगठन चल्न सक्दैन पनि । तर, चेन अफ कमान्डको नाममा माथिल्लो तहका अधिकारीले मानवीयता नै भुल्न भने हुँदैन ।

● **भूमिका पासवान**, गठ्ठाघर, भक्तपुर

भारतको छवि निर्माणले दबिएको चिकित्सा पद्धति बहस

परम्परागत चिकित्सा पद्धतिको बहसमा हिन्दू एवं ब्राह्मण सर्वोच्चतालेठाउँ पाइरहेको छ, यसैलाई हामी भारतीय अद्वितीयता भनेर प्रचार गरिरहेका छौं



देश / विदेश

● किरण कुम्भार

केही समययता आयुर्वेद र भारतीय परम्परागत चिकित्सा पद्धतिबारे ठुल्ठूला दाबी गरिँदै आएका छन् । सामान्यतया मानिस परम्परागत चिकित्सा पद्धतिको कुरा गर्दा सांस्कृतिक परिवर्तनको गतिशीलता एवं जटिलतालाई बिर्सने गर्छन् । धेरैले 'चरक संहिता'जस्ता ग्रन्थलाई प्राचीन चिकित्सा विधिलाई निर्देशित गर्ने ग्रन्थका रूपमा लिन्छन् । तर, यी ग्रन्थमा लेखिएका विषयलाई यदि भुइँतहको स्तरमा हेरिने हो भने यी सदैव परिवर्तनशील भइरहन्छन् । पहिले र अहिले दुवै समयका चिकित्सा अभ्यर्थीले बृहत् विश्वबाट नयाँ-नयाँ विचार एवं विधि सिक्छन् । उदाहरणका लागि नाडीपरीक्षाले १३औं शताब्दीपछि मात्रै आयुर्वेद अभ्यासमा प्रवेश पाएको थियो । आयुर्वेद उपचार प्रणाली केही शताब्दीअघि जब विशालस्तरमा मुद्रण सुरु भयो, तब मात्रै पुस्तकका रूपमा लिपिबद्ध भएको हो । पहिलेका समयमा केही वैद्यले मात्र यी ग्रन्थलाई पूर्ण रूपमा लागू गर्थे र बाँकी वैद्यले विभिन्न किसिमका निदान एवं उपचार सुझाउँथे । त्यसैगरी भारतीय परम्परागत औषधिपद्धतिबारे बहस हुँदा संस्कृतकै संहितामा अत्यधिक जोड दिइनु अर्को समस्या हो । मनुस्मृतिकालपछि स्वास्थ्य सेवामा ब्राह्मणवाद हाबी हुँदै गयो । वैद्यसँग चिकित्सकीय ग्रन्थ हुन्थे र उनीहरू माथिल्लो जातका हुन्थे, तर 'छोइएर हुने अपवित्रता'का कारण यिनले शल्यक्रिया वा घाउको उपचार गर्दैनथे । यिनै वैद्य पनि निकै कम हुन्थे । त्यस अर्थमा भारतका चिकित्सा अभ्यर्थी र हेरचाह सेवा उपलब्ध गराउने मानिस विविध पृष्ठभूमिका हुन्थे र यी अधिकांश अशिक्षित हुन्थे वा शास्त्रीय चिकित्सा ग्रन्थमा यिनको पहुँच हुन्थेन । तसर्थ, सन् १७९३ मा बेलायती उपनिवेशक अधिकारीले नाकको बनोट मिलाउने शल्यचिकित्सकका रूपमा शूद्रलाई पाउनु अस्वाभाविक थिएन । प्रसूति एवं शिशु हेरचाहका क्षेत्रमा दलित समुदायका महिला मुख्य अभ्यर्थी एवं ज्ञान निर्माता थिए । यो विविधतामा दैनन्दिनका स्वास्थ्य हेरचाह गर्ने हकिम, शमन र आदिवासी एवं अन्य समुदायको चिकित्सा पद्धतिलाई पनि जोड्न सकिन्छ । तसर्थ, भारतीय इतिहास हेर्ने हो भने भुइँतहको चिकित्सा पद्धति आयुर्वेदको सानो घेराबाहिरै हुन्थ्यो भन्ने प्रस्टै हुन्छ ।

तैपनि मूलधारको बहसमा आयुर्वेद र यसका संहिताकै हालीमुहाली हुनुले परम्परागत चिकित्सा पद्धतिका ठुल्ठूला पैरवीकर्ताले यसलाई बढी महत्त्व दिन्छन् भन्ने देखिन्छ । यसको खासै अर्थ छैन, तर यी पैरवीकर्ताले 'भारतीय चिकित्सा पद्धति' 'पश्चिमा चिकित्सा पद्धति'भन्दा उत्कृष्ट छ भन्ने दाबी गर्दा भने अर्थ झल्किन्छ । एकातिर हामी भारतीय ज्ञान प्रणालीको गलत चित्रण गर्दा क्रुद्ध हुन्छौं भने अर्कातिर कैयौं भारतीय समुदायको ज्ञानको अवमूल्यनसमेत गर्छौं । अर्थात्, हामी हाम्रो परम्परागत चिकित्सा पद्धतिको बहसमा आयुर्वेदिक ग्रन्थका 'प्रकृति' र 'दोष'जस्ता अमूर्त विषयमा चाहिनेभन्दा बढी देवत्वकरण गर्छौं र दलित सुडेनीका मूर्त सीपलाई उपेक्षा गर्छौं । अथवा भनौं, हामीले कोभिड-१९ महामारीको सुरुवातमा हात मिलाउनुको विकल्पमा 'नमस्ते'लाई नै अन्तर्राष्ट्रिय अभिवादन बनाउने प्रयास गरेका थियौं र सलामजस्ता अभिवादनलाई उपेक्षा गरियो । वर्तमान पाकिस्तान, बंगलादेश, नेपाल, श्रीलंका र भारतको चिकित्सा पद्धतिको मोटामोटी एउटै इतिहास भए पनि आयुर्वेद र अन्य ज्ञानलाई 'दक्षिण एसियाली' वा अन्य नाम नदिई 'भारतीय' संज्ञा दिनु पनि यही प्रवृत्तिको द्योतक हो ।

हाम्रो परम्परागत चिकित्सा पद्धतिको बहसमा हिन्दू एवं ब्राह्मण सर्वोच्चतालेनै ठाउँ पाइरहेको छ र यसैलाई हामी विश्वजगत्मा भारतीय अद्वितीयता भनेर प्रचार गर्छौं । 'हाम्रा प्राचीन ऋषिमुनिले जीवनको रहस्य पत्ता लगाइसक्दा युरोपेली बर्बर र असभ्य नै थिए' भन्ने



तस्बिर : विकिमिडिया कमन्स

दाबी यही भारतीय अद्वितीयतामा आधारित हुने गर्छ । उल्लेखनीय विषय के छ भने भारतीय परम्परागत औषधिपद्धति पैरवीकर्ता बाँकी विश्वलाई छोडेर भारतीयलाई गोरा युरोपेली वा अमेरिकीसँग मात्रै तुलना गर्छन् । यी पैरवीकर्ताका बहसमा आयुर्वेद रोग रोकथामदेखि र जीवनलाई दीर्घायु बनाउने 'सर्वांगीण' प्रकृतिको रहेको दाबी गरिन्छ । तर, 'सर्वांगीण' स्वास्थ्य एवं चिकित्सा पद्धति भारतीयको मात्रै अद्वितीय खोज होइन । यो युरोप (हिपोक्रेटिक चिकित्सा पद्धति) लगायत विश्वका सबै सभ्यतामा देख्न सकिन्छ । मूलधारका आधुनिक बायोमेडिसिनलाई यसको अपव्याख्यावादी दृष्टिकोणका लागि आलोचना नगरिएको होइन, तर यो पद्धतिले पनि क्लोरिनयुक्त पानी आपूर्ति र पोषण विज्ञानजस्ता रोकथाम एवं सर्वांगीण उपाय अपनाएर स्वास्थ्य सेवामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । विडम्बना के छ भने करोडौं भारतीय सफा पानीजस्तो आधारभूत स्वास्थ्य सुविधामा हुने पहुँचको अभावमा बाँचिरहेका छन् । तर, उल्लिखित सुविधामा पहुँच भएका सम्भ्रान्त एवं राजनीतिक वर्गले परम्परागत चिकित्सा पद्धतिजस्ता वैकल्पिक उपचारलाई प्रोत्साहन गर्छन् ।

भारतमा परम्परागत चिकित्सा पद्धतिमाथि हुने सार्वजनिक बहस प्रायः त्रुटिपूर्ण र ऐतिहासिक सन्दर्भरहित हुन्छ । वास्तवमा यो सब बहस परम्परागत चिकित्सा पद्धतिभन्दा पनि भारतको राष्ट्रिय छविमा केन्द्रित छ । स्मरण रहोस्, कुनै वेला यसरी नै युरोपेली-अमेरिकीले आफ्नो वैज्ञानिक सर्वोच्चता प्रदर्शन गर्थे । अतीतलाई सम्झिन थप उत्तम एवं समावेशी उपाय छन् । अतीतको ज्ञान र सीप आधुनिक राष्ट्र वा धर्ममा निःसृत नभई समय र विविध मानव सभ्यतामा निहित छन् भन्ने आधारभूत तथ्यलाई अस्वीकार गर्ने गरिन्छ । यस सन्दर्भमा हामीले भारतीय वा चिनियाँ चिकित्सा पद्धतिको इतिहास सम्झिनुको सट्टा विभिन्न इतिहासकारले भनेझैं चिकित्सा पद्धतिलाई मानवीय ज्ञानको इतिहासका रूपमा लिनुपर्छ जहाँ विचार एवं धारणाको वैश्विक प्रवाह भएको थियो । भारतमा हामीसँग लामो समयदेखि दुरुपयोग भएको इतिहास छ, जहाँ इतिहास 'को उत्कृष्ट' वा 'कसले पहिला उपलब्धि हासिल गऱ्यो' भन्ने केन्द्रित छ । यो निकै हास्यास्पद र अपरिपक्व परिस्थिति हो । यो अवस्थामा हामीले चिकित्सा पद्धतिको इतिहासलाई खोज्को र अर्थहीन भाष्य बन्नबाट जोगाउन धेरै गर्नुपर्नेछ ।

(कुम्भार जोन्स हप्किन्स स्कुल अफ मेडिसिनको हिस्ट्री अफ मेडिसिन विभागमा पोस्टडक्टोरल फेलो हुन्)

द हिन्दूबाट

भूलसुधार

२७ असारको नयाँ पत्रिकामा प्रकाशित 'दुर्घटनामा कसरी पऱ्यो मनाङ एयरको हेलिकोप्टर ?' शीर्षकको समाचारमा सम्पादकीय असावधानीका कारण गलत तस्बिर छापिन गएकामा क्षमाप्रार्थी छौं । पत्रिकाको अनलाइन संस्करणमा त्यसलाई सुधार गरिसकिएको छ ।

- सम्पादक

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

तालिबान सत्तामा मूल्यहीन बन्दै पुस्तक

ज्ञानको खोजी सदैव पूज्य रहेको अफगानिस्तान अन्धकारतर्फ धकेलिँदै छ



• हुज्जातुल्लाह जिया

(जिया डेली आउटलुक अफगानिस्तान न्युजपेपरका वरिष्ठ पत्रकार एवं लेखक हुन्)

तालिबानले काबुल कब्जा गरेको झन्डै दुई वर्ष भइसकेको छ। यस अवधिमा राम्रो शिक्षा हासिल गर्न मजस्तै धेरै अफगानी संघर्ष गरिरहेका छन्। यो देशमा ज्ञानको मूल्य हराउँदै गएकोजस्तो देखिन्छ र पुस्तकहरू अब बहुमूल्य सम्पत्ति मानिन छाडेका छन्। जब तालिबान लडाकुहरू सन् २०२१ को अगस्टमा अफगानिस्तानको राजधानी सहर आइपुगे, मेरा थुप्रै साथी स्वदेशमा आफ्ना लागि कुनै अवसर नदेखेर विमानस्थल छाड्ने प्रयास गर्न हतारिए। सुरुका दिनमा ब्रेन ड्रेन अर्थात् प्रतिभा पलायन अपार थियो।

थुप्रै पुस्तक प्रकाशकसहित स्नातकोत्तर र पिएचडी गरेकाहरू, प्राध्यापक, शिक्षाविद्, डाक्टर, इन्जिनियर, वैज्ञानिक, लेखक, कवि, चित्रकारजस्ता धेरै विद्वान् पलायन भए। रिपोर्टरको रूपमा काम गर्ने मेरा एक सहकर्मी अलिरेजा अहमदी पनि एयरपोर्टको भिडमा सामेल भए। जानुअघि उनले विभिन्न विषयका आफूसँग भएका ६० वटा पुस्तक ५० अफगानी (१ डलरभन्दा पनि कम)मा बेचेको कुरा आफ्नो फेसबुकमा लेखेका थिए। उनको देश छाडेर पलायन हुने प्रयास कहिल्यै सफल भएन, (खोरासान प्रान्तका) इस्लामिक स्टेटले विमानस्थलमा गरेको बम आक्रमणमा उनको मृत्यु भयो।

मैले पनि अन्तर्राष्ट्रिय कानुन, मानव अधिकार, महिला अधिकार एवं अंग्रेजी भाषाजस्ता विविध विषयका मेरा सबै पुस्तक (मसँग भएका जम्माजम्मी ३०० मध्ये) सार्वजनिक पुस्तकालयलाई दिने निर्णय गरेँ। तालिबानले शासन गरेको देशमा पुस्तकको कुनै मूल्य नहुने ठानेर मैले उक्त कदम उठाएको थिएँ। मैले देश छाड्ने उपाय खोज्न थालेँ। मैले इरान जाने निधो गरेँ (त्यहाँ अन्य लाखौँ अफगानिस्तानीहरूले जस्तै सुरक्षित आश्रय पाउने आसमा)। तर, त्यहाँ अरू अफगानिस्तानीले जस्तै मैले पनि अपमान र शत्रुताको सामना गर्नुपऱ्यो। चाँडै मैले इरानमा जीविकोपार्जन गर्न सक्ने सबै आशा गुमाउन थालेँ। तर, मैले यहाँ त्यस्तो केही कुरा फेला पारेँ, जसले मलाई यहाँ राखेको छ- किताबहरूप्रतिको मेरो पुरानो प्रेम।

एक दिन तेहरानको इनक्लाब स्क्वायरमा हिँड्दै थिएँ। म त्यहाँ छेउको पुस्तक पसलमा प्रवेश नगरिरहन सकिनँ। मसँग भएको थोरै पैसा मैले अफगानिस्तानमा कहिल्यै नदेखेका मानव अधिकार र महिला अधिकारसम्बन्धी पुस्तकमा सर्कें। मैले पुस्तकका यी ठेली लिएर स्वदेश फर्कने र आफ्नो पुरानै जीवनशैली (पुस्तकहरूले



[संसारलाई रुमी, अभिसेन्ना र जो सनाईजस्ता साहित्यकार दिएको अफगानिस्तानमा पढ्ने, लेख्ने र ज्ञानको प्रसारलाई सधैँ उच्च सम्मान गरिन्थ्यो। सेन्सरसिप, शिक्षामा प्रतिबन्ध र पुस्तकहरूको अवमूल्यन कहिल्यै अफगान परम्परा एवं संस्कृतिको हिस्सा थिएन। यस्तो समृद्ध परम्परा बोकेको देशले अहिले हिँडेको बाटो देख्दा अत्यन्तै पीडाबोध हुन्छ।]

घेरिएको र बौद्धिक खोजहरूमा संलग्न)मा फर्किन कोसिस गर्ने निर्णय गरेँ।

फर्किएपछि मैले अन्तर्राष्ट्रिय कानुनी प्रणाली र इस्लामअन्तर्गत महिलाहरूको राजनीतिक अधिकारबारे एउटा पुस्तकमा काम गर्न थालेँ, जुन म लगभग एक वर्षमा पूरा गर्न सफल भएँ। मैले आफ्नो पाण्डुलिपि विभिन्न प्रकाशकलाई पठाएँ, तर बारम्बार अस्वीकार गरियो, किनभने उनीहरूले पुस्तकको विषय धेरै संवेदनशील पाए। त्यसैले उनीहरूले त्यसको प्रकाशन अनुमति प्राप्त गर्न असम्भव छ भन्ने ठाने। अन्ततः मदर प्रेसका अली कोहिस्तानी यो पुस्तक प्रकाशनका लागि सहमत भए। उनले आवश्यक कागजात तयार गरेर प्रकाशनको अनुमति दिन अनुरोध गर्दै पाण्डुलिपिलाई तालिबान सूचना तथा संस्कृति मन्त्रालयमा बुझाए। त्यसलगत्तै पुस्तकको समीक्षा गर्ने जिम्मा दिइएको समितिले पुस्तकमा सम्बोधन गर्नुपर्ने प्रश्न र आलोचनाको लामो सूची मलाई पठायो।

उनीहरूले पठाएको सुझाव समेटेर मैले पुस्तकलाई परिमार्जन गरेँ। तर, अनुमति लिन त्यो पर्याप्त थिएन। हामीले उनीहरूबाट अन्तिम जवाफको पर्खाइमा बसेको पाँच महिना भइसक्यो र मेरो निराशा दिन-प्रतिदिन बढ्दै गइरहेको छ। पाण्डुलिपिबारे जानकारी लिन कोहिस्तानी पटक-पटक मन्त्रालयमा धाइसके पनि कुनै परिणाम हातलागी भएको छैन। उनले योबाहेक यस वर्ष प्रकाशित गर्न चाहेका अन्य पाँचवटा पुस्तक रहेको र तीमध्ये कुनैलाई पनि मन्त्रालयले स्वीकृति दिएको छैन भनेर मसँग भनेका छन्।

अन्य प्रकाशक पनि आयोगका निर्णयको मनोमानी र ढिलाइबाट पीडित छन्। उनीहरू तालिबानले प्रकाशन गर्न चाहेका र उनीहरूको विचारधारासँग मिल्ने पुस्तकहरूले यस्ता अप्ठ्यारा सामना नगर्ने बताउँछन्। उनीहरू यो झन्झटिलो प्रक्रियामा तालिबानको सोचसँग असहमत हुने कुनै पनि विचारलाई दबाउने प्रयास देख्छन्। प्रकाशन अनुमतिमा ढिलाइ र सेन्सरसिप मात्रै अफगानिस्तानको पुस्तक प्रकाशन उद्योगले भोगिरहेका समस्या होइनन्। विगत दुई वर्षमा ठूलो संख्यामा पुस्तक पसल एवं प्रकाशन गृह बन्द भएका छन्। काबुलको पल-ए-सुर्ख क्षेत्रका (जहाँ म तालिबानले कब्जा गर्नुअघि बारम्बार जान्थेँ) अधिकांश पुस्तक पसल अहिले बन्द भइसकेका छन्।

बालिका र महिलालाई हाईस्कुल र विश्वविद्यालयमा जान प्रतिबन्ध लगाउने तालिबानको निर्णयको अर्थ उनीहरूले अब खासै किताब किन्दैनन्। बालक र युवा पनि स्कुल तथा विश्वविद्यालय जान छाडेका छन्। आफूलाई रोजगारीको ग्यारेन्टी गर्न नसक्ने शिक्षा लिन उनीहरू उत्साही छैनन्। यसले पुस्तकका ग्राहक नराम्ररी घटाएको छ। यसबाहेक, तालिबान सरकारले पुस्तक बिक्रीमा उच्च कर लगाएको छ, जसले पुस्तक पसले र प्रकाशकको घट्दो आम्दानीलाई थप कम बनाएको छ।

देशभरका पुस्तकालयले पनि आफ्ना पाठक गुमाएका छन्। त्यहाँ पहिलेभन्दा निकै थोरै मानिस मात्र पढ्न वा किताब लिन जान्छन्। विभिन्न खाले पुस्तक क्लब, साहित्यिक संघ र पठन पहलकदमी सञ्चालन गर्ने संस्थाले पनि आफ्ना गतिविधि बन्द गरेका छन्। अब किताब किन्ने, पढ्ने वा लेख्ने कुरालाई महत्त्वको रूपमा हेर्न छोडिएको। रातारात अफगानिस्तानको पुस्तक प्रकाशन मौलाउँदो क्षेत्र (सम्भवतः सबैभन्दा सफल स्वदेशी उद्योग) बाट संघर्षरत र जोखिमपूर्ण व्यापार उद्यममा रूपान्तरण भएको छ। अफगानहरू उत्सुक पाठकबाट पुस्तक किन्ने नसक्ने अवस्थामा पुगेका छन्। म पनि एक गौरवान्वित लेखक एवं पुस्तक मालिकबाट अफगानिस्तानमा बौद्धिक जीवन कायम राख्न असफल एक निराश व्यक्तिमा परिणत भएको छु।

लामो साहित्यिक इतिहास र परम्परा बोकेको देश अफगानिस्तानको यो अवस्था देख्दा अत्यन्तै पीडाबोध हुन्छ। यस भूमिले संसारलाई जलालउद्दिन मुहम्मद बल्खी (जो रुमी पनि भनेर चिनिन्छन्), इब्न सिना बल्खी (जसलाई अभिसेन्ना पनि भनिन्छ) र हकिम सनाई गजनवी (जो सनाईका नामले पनि परिचित छन्) जस्ता सुप्रसिद्ध साहित्यकार दिएको छ। पढ्ने, लेख्ने र ज्ञानको प्रसारलाई मेरो देशमा सधैँ उच्च सम्मान गरिन्थ्यो। विभिन्न वंशजका अफगान शासकले विचारको स्वतन्त्रताको सम्मान गरेका छन् र शिक्षा एवं ज्ञान उत्पादनलाई सहयोग गरेका छन्। सेन्सरसिप, शिक्षामा प्रतिबन्ध र पुस्तकहरूको अवमूल्यन कहिल्यै अफगान परम्परा एवं संस्कृतिको हिस्सा थिएन।

विश्व इतिहासमा शासकले ज्ञान, शिक्षा र स्वतन्त्र विचारलाई दबाएका कुनै पनि देशको उन्नति भएको छैन। अफगानिस्तान अन्धकार र अज्ञानतातर्फ अघि बढिरहेको छ र यसले मलाई त्रसित गराएको छ। यो देशले भविष्यमा पुस्तक एवं ज्ञानको 'हत्या'को भयानक दुष्परिणाम भोग्नुपर्नेछ।

- अल जजिराबाट

जनसंख्याको घट्दो वृद्धिदरले कस्तो पार्ला प्रभाव ?

विश्वको जनसंख्या बढ्दै जाँदा यसको वृद्धिदरचाहिँ घट्दै गएको छ।

यस वर्षको सुरुमा दक्षिण कोरियाले फेरि विश्वको सबैभन्दा कम प्रजनन दरको आफ्नै रेकर्ड तोड्यो भने जापान र चीनलगायत एसियाका अन्य देशले पनि आफ्नो सबैभन्दा कम जन्मदरको रेकर्ड कायम गरे।



एजेन्सी / विश्वभरका मानिसले जुलाई ११ लाई विश्व जनसंख्या दिवसको रूपमा मनाउँछन्। यो मितिलाई जनसंख्या र तिनको वातावरण तथा मानव विकाससँगको सम्बन्धलगायत मुद्दाको तत्कालिकता र महत्त्वमा ध्यान केन्द्रित गर्न संयुक्त राष्ट्रसंघले जनसंख्या दिवसका रूपमा तय गरेको हो। विगत १२ महिनामा विश्व जनसंख्याका दुई महत्त्वपूर्ण कोसढुंगाको साक्षी बन्यो। पहिलो, सन् २०२२ को नोभम्बरमा विश्वको कुल जनसंख्या आधिकारिक रूपमा आठ अर्ब पुग्यो। दोस्रो, यो वर्षको अप्रिलमा संयुक्त राष्ट्रसंघको अनुमानअनुसार भारतले चीनलाई उछिन्दै विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश बन्यो।

विश्वको जनसंख्या बढ्दै जाँदा यसको वृद्धिदर चाहिँ वास्तवमा घट्दै गएको छ। यस वर्षको सुरुमा दक्षिण कोरियाले फेरि विश्वको सबैभन्दा कम प्रजनन दरको आफ्नै रेकर्ड तोड्यो भने जापान र चीनलगायत एसियाका अन्य देशहरूले पनि आफ्नो सबैभन्दा कम जन्मदरको रेकर्ड कायम गरे। यहाँ जनसंख्याका विभिन्न पाटोको विश्लेषण गरी जनसंख्याको घट्दो वृद्धिदरको विश्वमा के अर्थ राख्छ भन्ने चर्चा गरिएको छ।

७० वर्षमा तीन गुणा बढ्यो विश्वको जनसंख्या

सन् १९९५ मा अर्थात् आजभन्दा ६७ वर्षअघि पृथ्वीमा दुई अर्ब ८० करोड मानिस थिए। अहिले त्यति जनसंख्या त भारत र चीनमै मात्र छन्। विश्वको जनसंख्या सन् १९५० मा दुई अर्ब ५० करोड रहेकोमा त्यो तीन गुणाभन्दा धेरैले बढेर सन् २०२२ मा आठ अर्ब पुग्यो। संयुक्त राष्ट्रको जनसंख्या विभागको अनुमानअनुसार सन् २०५० सम्ममा विश्वमा मानिसको संख्या नौ अर्ब ७० करोड हाराहारी पुग्नेछ। सन् २०५० सम्म भारत र चीनपछि नाइजेरिया विश्वको तेस्रो धेरै जनसंख्या भएको राष्ट्र बन्ने अनुमान गरिएको छ। त्यसपछि क्रमिक रूपमा संयुक्त राज्य अमेरिका, पाकिस्तान, इन्डोनेसिया, ब्राजिल, प्रजातान्त्रिक गणतन्त्र कंगो, इथियोपिया र बंगलादेश जनसंख्याका दृष्टिले ठूला देश हुनेछन्।

जनसंख्या बढ्दै वृद्धिदर घट्दै

सरल शब्दमा भन्दा कुनै पनि देशको जनसंख्या चार कारकतत्त्व जन्म, मृत्यु, आप्रवासन (अन्य मुलुकबाट आउने मानिसको संख्या) र बसाइँसराइ (देश छोड्ने मानिसहरू)द्वारा निर्धारित हुन्छ। यदि जन्म र आप्रवासनको संख्याले मृत्यु र बसाइँ सरी जानेको संख्यालाई उछिन्यो भने देशको जनसंख्या बढ्छ। यसविपरीत मृत्यु र प्रवासको संख्याले जन्म र आप्रवासनको संख्यालाई उछिन्यो भने जनसंख्या स्वतः घट्नेछ। सन् २०२२ मा विश्वभर लगभग १३ करोड ४० लाख शिशु जन्मिएका थिए। यसअनुसार गतवर्ष औसतमा हरेक दिन तीन लाख ६७ हजार शिशु जन्मिएको देखिन्छ। यो निकै ठूलो संख्या हो, जस्तो लाग्न सक्छ तर वास्तवमा यो सन् २००१ यताकै सबैभन्दा कम जन्मसंख्या हो।

विश्वभर मृत्यु हुनेको संख्या पनि क्रमशः बढ्दै गएको छ। सन् १९९० को दशकभन्दा पहिले विश्वमा एक वर्षमा मर्ने मानिसको संख्या पाँच करोडभन्दा कम हुने गर्थ्यो सन् २०१९ मा यो संख्या पाँच करोड ८० लाखमा पुगेको छ। तर, कोभिड-१९ महामारीको समयमा मृत्यु हुनेको संख्यामा तीव्र वृद्धि भएको छ। सन् २०२० मा ६ करोड ३० लाख मृत्यु रेकर्ड गरिएको थियो। त्यसपछि सन् २०२१ मा कीर्तिमानी कायम हुँदै ६ करोड ९० लाख मृत्यु दर्ज भए। सन् २०२२ मा करिब ६ करोड ७० लाख मृत्यु रेकर्ड गरिएको थियो।

कुल परिणाम के भयो भने विश्वको जनसंख्या केवल शून्य दशमलव आठ प्रतिशतले वृद्धि भयो। अफ्रिका विश्वमा सबैभन्दा तीव्र ढंगले जनसंख्या बढिरहेको महादेश हो। नाइजर, युगान्डा, प्रजातान्त्रिक गणतन्त्र कंगो, अंगोला, चाड, माली र सोमालियालगायतका देशमा प्रत्येक वर्ष तीन प्रतिशतभन्दा बढी दरले जनसंख्या बढिरहेको छ। अर्कोतर्फ युरोप र पूर्वी एसियामा संसारको तीव्रगतिमा जनसंख्या घटिरहेको छ। जन्मदर न्यून हुँदै गएकाले यहाँका सरकारले सम्भावित आमाहरूलाई अभिप्रेरित गर्न व्यापक रूपमा वित्तीय प्रोत्साहन सहयोगका कार्यक्रम ल्याइरहेका छन्।

दक्षिण कोरियामा घट्दो जनसांख्यिकीय र त्यसको बढ्दो आर्थिक दुष्परिणाम रोक्न नयाँ अभिभावकलाई साढे १० हजार डलर नगद दिन थालिएको छ। वृद्ध बन्दै गइरहेको जनसंख्याले यहाँको श्रमबजार र समग्र अर्थतन्त्रमा ठूलो चुनौती खडा गरेको छ। काम गर्ने उमेरका मानिसको संख्यामा आएको ह्रासँगै बढ्दो वृद्ध जनसंख्याको सामाजिक सुरक्षा एवं स्वास्थ्य सेवा प्रणालीलाई अनुकूलन गर्न महत्त्वपूर्ण सुधार आवश्यक हुनेछ।

बढ्दै देशहरूका जनसंख्याको औसत उमेर

कुनै पनि देशको जनसंख्यालाई बुझ्नका लागि उपयोगी मापदण्ड भनेको जनसंख्याको मेडियन(औसत) उमेरको अध्ययन हो। औसत उमेरले उक्त जनसंख्यालाई आधा वृद्ध (माथिल्लो उमेर समूह)मा र आधालाई युवा (तल्लो उमेर समूह) मा विभाजन गर्छ। विश्वव्यापी औसत उमेर अहिले रेकर्ड कायम गर्दै पहिलोपटक ३० वर्षभन्दा माथि पुगेको छ। सबैभन्दा धेरै बुढ्यौलीले गाँजेको देशमा मोनाको छ, जसको कुल जनसंख्याको औसत उमेर ५४.५ वर्ष रहेको छ भने जनसंख्याको वृद्धिदर ०.६८ प्रतिशतले ऋणात्मक रहेको छ। त्यसपछि जापानको ४८.४ वर्ष, इटलीको ४६.८ वर्ष, पोर्चुगलको ४५ वर्ष रहेको छ। दक्षिण कोरियाको औसत उमेर ४३.४ वर्ष देखिन्छ भने वृद्धिदर शून्य प्रतिशतमा झरेको छ। नाइजरको औसत उमेर साढे चौध वर्ष छ, उसको जन्मदर पनि विश्वको सबैभन्दा उच्च ३.७ प्रतिशत रहेको छ। अर्थात् जनसंख्याको आधा हिस्सा साढे चौध वर्षभन्दा कम उमेरको छ। त्यसपछि मध्यअफ्रिकी गणतन्त्रको १४.७ वर्ष, चाडको १५ वर्ष रहेको छ। औसत उमेरमा एक सय ३५औँ स्थानमा रहेको नेपालको मेडियन उमेर २३.७ रहेको छ।

२०० वर्षमा आठ गुणा वृद्धि

सन् १८०० देखि विश्वको जनसंख्या आठ गुणा बढेको छ। सन् १८०४ मा विश्वको जनसंख्या अनुमानित एक अर्ब रहेकोमा सन् २०२२ मा आइपुग्दा आठ अर्ब पुगेको छ। यो वृद्धिको श्रेय मुख्यतया आधुनिक औषधिको विकास र विश्वव्यापी खाद्य आपूर्तिलाई बढावा दिने कृषिको औद्योगीकरणलाई दिन सकिन्छ। विश्वको जनसंख्या एक अर्बबाट बढेर दुई अर्ब पुग्न १२३ वर्ष लाग्यो। विश्वको जनसंख्या सन् १९२७ मा दुई अर्ब, सन् १९६० मा तीन अर्ब र सन् १९७४ मा चार अर्ब पुगेको देखिन्छ। यसैगरी सन् १९८७ मा पाँच अर्ब, सन् १९९९मा ६ अर्ब र सन् २०११ मा सात अर्ब पुगेको थियो। अब सन् २०३७ मा नौ अर्ब र सन् २०५७ मा १९ अर्ब पुग्ने आकलन छ। संयुक्त राष्ट्रसंघका अनुसार विश्वको जनसंख्या सात अर्ब (सन् २०११)बाट बढेर आठ अर्ब (सन् २०२२) पुग्न केवल ११ वर्ष लागेको छ। तर, अब अर्को एक अर्बले बढ्न भने १५ वर्ष लाग्नेछ र सन् २०३७ मा नौ अर्ब पुग्नेछ भने १९ अर्बको कोसेढुंगामा पुग्न अर्को २० वर्ष लाग्नेछ।

विश्वव्यापी जनसंख्या नयाँ उचाइमा पुग्दै गर्दा जनसांख्यिकीका विज्ञहरूले वार्षिक वृद्धिदर भने लगातार घट्दै एक प्रतिशतभन्दा तल झर्नेतर्फ औंल्याएका छन्। यी प्रक्षेपणका आधारमा सन् २०८० को दशकमा विश्वको जनसंख्या १० अर्ब ४० करोडको हाराहारी र सन् २१०० सम्म त्यही संख्या कायम रहने अनुमान गरिएको छ।

इतिहासमा आज



सन् १७८९ : आजकै दिन पेरिसको बाहिरी भागमा अवस्थित किल्लायुक्त कारागार बास्टिलमा भिडले आक्रमण गरेर कब्जामा लिएको थियो। फ्रान्सेली क्रान्तिको प्रस्थानबिन्दु मानिने यस घटनामा प्रदर्शनकारी खासमा बास्टिलमा राखिएको हातहतियार गोलीगठ्ठा माग्न गएका थिए। तर, गार्डले प्रतिरोध गरेपछि भिडले उक्त जेल कब्जामा लियो। त्यसलाई पुरानो शासनको अन्त्यको प्रतीक मानिन्छ र आज पनि फ्रान्समा राष्ट्रिय दिवसका रूपमा मनाइन्छ।

सन् १९५८ : इराकी सेनाका एक ब्रिगेडियर अब्द अल-करिम कासिमले इराकमा सैन्य विद्रोह गरे। कुका क्रममा इराकी राजा फैसल द्वितीय, युवराजधिराज अब्द अल-इलाह र प्रधानमन्त्री नुरी अल-साइद मारिए। कुलगत्तै कासिम प्रधानमन्त्री बनेका थिए।

सन् १९६४ : अमेरिकाले भियतनाममा ६ सयभन्दा बढी सेना पठायो।

सन् १९७५ : अरब संसद्मा पहिलोपटक महिला उम्मेदवार निर्वाचित। इजिप्टकी राव्या अतेया देशको नेसनल एसेम्ब्लीमा निर्वाचित हुने पहिलो महिला बनिन्।

सन् २०१६ : फ्रान्सेली सहर नाइसमा अतिवादी हमला हुँदा ८५ जनाको मृत्यु हुनुका साथै ३०० जनाभन्दा बढी घाइते। एउटा कार्यक्रम मनाइरहेका वेला आक्रमणकारीले १९ टनको ट्रक एउटा भिडमा जोताएको थियो। आक्रमणकारीलाई प्रहरीले गोली हानेर हत्या गरिदिएको थियो।

सन् २०१७ : गणित अध्ययन क्षेत्रको 'नोबेल पुरस्कार' भनिने फिल्ड मेडलबाट सम्मानित पहिलो महिला तथा पहिलो इरानी गणितज्ञ मर्यम मिरजाखानीको ४० वर्षको उमेरमा निधन। चार वर्षअघि स्तनबाट सुरु भएको क्यान्सर अन्य अंगमा फैलिएर उनको मृत्यु भएको थियो।

थाइल्यान्डको संसद्ले चुन्न सकेन प्रधानमन्त्री

बैंकक / थाइल्यान्डको संसद्को तल्लो तथा माथिल्लो सदनको संयुक्त सत्र बिहीबार नयाँ प्रधानमन्त्री चयन गर्न असफल भएको छ। प्रधानमन्त्रीका एक मात्र उम्मेदवार तथा मुभ फरवार्ड पार्टीका नेता पिता लिम्जारोएनरात थिए। तर, उनले संसद्को दुवै सदनको कुल सांसद संख्याको आधा (अर्थात् साधारण बहुमत) मत हासिल गर्न सकेनन्। पाँच सय सदस्यीय तल्लो सदन र २५० सिनेटरको माथिल्लो सदनको संयुक्त अधिवेशनमा एक मात्र उम्मेदवार पिताले ३२४ मत हासिल गरेका थिए।



प्रधानमन्त्रीका एकल उम्मेदवार पिता लिम्जारोएनरात

यसकारण कठिन छ नयाँ प्रधानमन्त्रीको चयन

संसदीय अभ्यास गर्ने विश्वका अधिकांश देशमा जनताबाट चुनिएर आउने प्रतिनिधि सम्मिलित तल्लो सदनका सांसदको बहुमत संख्याले कार्यकारी प्रधानमन्त्री छान्ने अभ्यास छ। थाइल्यान्डमा आठ वर्ष शासन गरेको सैन्य सरकारले बनाएको वर्तमान संविधानले माथिल्लो र तल्लो सदनको कुल सांसद संख्याको बहुमत हासिल गर्ने मात्र प्रधानमन्त्री हुने व्यवस्था गरेको छ। त्यसमाथि माथिल्लो सदनका २५० सिनेटर सबै सेनाबाट मनोनीत हुन्छन्। निर्वाचित प्रतिनिधिलाई प्रधानमन्त्री बन्न अवरोध सिर्जना गर्न यो व्यवस्था गरिएको आलोचकहरूको आरोप छ। यसले गर्दा पहिले नै पिताले दुवै सदनको जोडेर हुने बहुमत अर्थात् ३७६ मत हासिल गर्न कठिन हुने मानिएको थियो। थाइल्यान्डमा गत मे महिनामा भएको आमनिर्वाचनमा मुभ फरवार्ड पार्टी संसद्को तल्लो सदनमा सबैभन्दा ठूलो दलको रूपमा उदाएको थियो।

अर्थतन्त्र सुधारका लागि आर्थिक सचेतना

मुलुकको अर्थतन्त्र कहालीलाग्दो हुनुमा राजनीतिक नेतृत्व, जिम्मेवार निकाय र जनतामा आर्थिक सचेतना नहुनु प्रमुख कारण हो



अर्थ संवाद

● दीपक थापा

मुलुकको अर्थतन्त्र कहालीलाग्दो छ। बढ्दो वैदेशिक व्यापार घाटा, उच्च बेरोजगारी दर, बजेटको पुँजीगत खर्चको कमजोर कार्यान्वयन दर तर बढ्दो साधारण खर्च, बजारमा आयातीत उपभोग्य वस्तुको प्रभुत्वले सार्वजनिक ऋणको भार प्रतिदिन बढ्दै जानुले मुलुक आर्थिक रूपमा टाट पल्टिन लागेको संकेत गरेको छ। उच्च शिक्षा, विद्यालय शिक्षा हासिल गरेकाहरू अवसरको खोजीमा विदेशीको ढोका चहार्दै बिदेसिन बाध्य छन्। नवीन सीप, उद्यम अथवा व्यवसाय गरी उद्योगी बन्ने, आर्थिक अवसर सिर्जना गर्ने र स्वदेशमै लगानी गरी केही गर्छु भन्ने उत्साहीको जमात अत्यन्त कम छ। यो परिस्थिति आउनुमा राजनीतिक नेतृत्व, जिम्मेवार निकाय र जनतासँग अर्थतन्त्रबारे ज्ञानको कमी र आर्थिक सचेतना नहुनु प्रमुख कारण हो।

देशभित्रै आफ्नै उत्पादित उपभोग्य वस्तुको खडेरी भएको वेला पूर्वअर्थमन्त्री भइसकेकाहरू राज्यले चलाएका उद्योग र कलकारखाना चलाउन दिने सरकारी अनुदानले खर्च बढाएकाले उद्योग बन्द गर्नुपरेको सार्वजनिक मन्तव्य दिन्छन्। नेताले आफ्नो व्यवस्थापकीय कमजोरी लुकाउँदै आधारभूत आर्थिक विषयमा जनतामा हुने चेतनाको कमीको फाइदा उठाउँदै सजिलै उनीहरूलाई झुक्याउँछन्। वास्तविक उपयुक्त अर्थ नीति र यससँग सम्बन्धित भएका कतिपय कार्यक्रमको प्रभावकारी कार्यान्वयनको असफलताका कारण मुलुकमा आर्थिक संकट आएको छ। तसर्थ पनि देशको आर्थिक समस्यामा आधारित भई व्यापक छलफल अध्ययनसहित प्रभावकारी अर्थनीति तर्जुमा गरी अर्थतन्त्र सुधार्न र सो नीतिको सफल कार्यान्वयनका निम्ति सबैमा आर्थिक सचेतीकरणको टड्कारो आवश्यकता देखिन्छ।

के हो आर्थिक सचेतीकरण ? : आर्थिक सचेतीकरण भन्नाले अर्थतन्त्रसँग सम्बन्धित आर्थिक क्रियाकलापको प्रवृत्ति, विचार तथा तथ्यका बारेमा बुझेर विश्लेषण गर्न सक्ने र भविष्यमा हुने आर्थिक स्थितिको अनुमान गर्न सामान्य सामर्थ्य हासिल गर्नु हो। यो सामर्थ्य हासिल गरेको व्यक्तिले आफ्नो देशको सार्वजनिक नीति, व्यवसाय सञ्चालन र आर्थिक तथा वित्तीय नीति निर्णयहरूमा प्रभाव पार्ने विभिन्न परिस्थितिबारे अरूलाई पनि सचेतीकरण जगाउने काम गर्न सक्छन्। यो शैक्षिक तथा व्यावसायिक दक्षताको थप विकाससहित नवीनता सिर्जनशीलताको महत्वपूर्ण औजार हो। बजारमा हुने आपूर्ति र मागको अन्तरक्रिया, मुद्रास्फीति तथा मुद्रास्फीति, ब्याजदर, कुल गार्हस्थ्य उत्पादन बेरोजगारी, वित्तीय र मौद्रिक नीति, राष्ट्रिय आय गणना, अन्तर्राष्ट्रिय व्यापार र बजार गतिशीलताजस्ता आधारभूत आर्थिक सिद्धान्त बुझ्नु नै आर्थिक चेतना हो। अर्थशास्त्रको गहिरो अध्ययनविना यसका सामान्य तथ्य तथा सिद्धान्तको अध्ययन गरेर अर्थतन्त्रप्रति चासो राखेर पनि यो दक्षता हासिल गर्न सकिन्छ।

अर्थतन्त्रको बारेमा जानकारले मात्र उनीहरूको व्यक्तिगत र व्यावसायिक जीवनको बारेमा सही निर्णय गर्ने सामर्थ राख्दछन्। यो सामर्थ्य भएमा आर्थिक कारकहरूले उनीहरूको वित्त, रोजगारीका अवसर, लगानी छनोटमा पार्ने असर पहिचान गर्न, व्यावसायिक क्रियाकलापको बजार अवस्था, वर्तमान तथा भविष्यमा सिर्जना हुन सक्ने आर्थिक अवसर र व्यवसायबाट धेरै नाफा कमाउनका निम्ति उठाइएका जोखिमको मूल्यांकन गर्न आर्थिक वृद्धि र विकासको निम्ति प्रभावकारी नीति बनाउन र सफल कार्यान्वयन गर्न भूमिका खेल्न यसले सहयोग गर्दछ। यसका निम्ति शिक्षा, सान्दर्भिक पुस्तकहरू पढ्ने, आर्थिक समाचार र विश्लेषण सुन्ने बुझ्ने र आर्थिक विषयहरूमा छलफल र बहसहरूमा भाग लिई अर्थतन्त्रबारे आफ्नो धारणा बनाउन सकिन्छ।

आर्थिक चेतना राजनीतिक चेतनाभन्दा अलग विषयवस्तु हो ? : राजनीतिक र आर्थिक सचेतना अलग विषयवस्तुजस्तो देखिए पनि अन्तरसम्बन्धित छन्। राजनीतिक चेतना राजनीतिक प्रणाली, संस्था र नीतिहरूमा केन्द्रित हुन्छ, जबकि आर्थिक सचेतना आर्थिक सिद्धान्त, प्रणाली र यसका कारक तत्वसँग सम्बन्धित छ। राजनीतिक नेतृत्वले आर्थिक प्रणाली चलाउने, आर्थिक नीति बनाउने हुँदा अहिलेको परिवर्तन तथा आधुनिक विकासक्रमका बारेमा बुझ्नका निम्ति दुवै चेतनाको जरुरी छ।

लक्ष्य र उद्देश्य : राजनीतिक चेतनाले राजनीतिक प्रणाली, संस्था, प्रक्रिया र नीतिबारे सचेत भई यसले सरकारको सञ्चालन प्रक्रिया र राजनीतिक विचारधाराबारे, मतदान प्रक्रिया, समाजमा राजनीतिक कार्यका प्रभावबारे बुझ्न मद्दत गर्दछ भने आर्थिक चेतनाले आर्थिक सिद्धान्त, अवधारणा तथा वस्तु र सेवाको उत्पादन प्रक्रिया, वितरणयोग्य उपभोगलाई प्रभाव पार्ने कारक तत्वहरूको बारेमा बुझ्न सहयोग गर्दछ।

अध्ययन क्षेत्र : राजनीतिक चेतनाभित्र सरकार, कानुन, सार्वजनिक नीति, निर्वाचन, राजनीतिक दल, मानवअधिकार, सामाजिक न्याय, वैदेशिक सम्बन्धजस्ता विषयहरूको विस्तृत दायरालाई समेट्छ भने आर्थिक चेतनाले आपूर्ति र माग, मुद्रास्फीति, बेरोजगारी, ब्याजदर, कर, लगानी, व्यापार नीति, बजार प्रतिस्पर्धा, व्यापार चक्र र वित्तीय प्रणाली सञ्चालनजस्ता विषयलाई समेट्छ।

अन्तरसम्बन्ध : राजनीतिक चेतना र आर्थिक चेतना फरक भए तापनि तिनीहरू एकआपसमा अन्तरसम्बन्धित छन्। राजनीतिक नीति र निर्णयहरूले आर्थिक नीति र निर्णयमा प्रभाव पार्छ। आर्थिक अवस्थाले राजनीतिक सफलतालाई उजागर गर्दछ। आर्थिक सचेतीकरणका फाइदा तथा निजी आर्थिक व्यवस्थापनमा आर्थिक चेतनाको भूमिका अर्थतन्त्रसँग सम्बन्धित सोचको उजागर गर्ने मूल मन्त्र हो। यसलाई आर्थिक समस्याको विश्लेषण गर्न, वैकल्पिक समाधानको पहिचान गरी बुद्धिमानीपूर्वक निर्णयमा पुग्न प्रयोग गर्न सकिन्छ। आर्थिक चेतनाले व्यक्तिगत र सामाजिक कल्याणलाई बढावा दिन भूमिका खेल्नसमेत सक्छ।

व्यवसाय र उद्यमशीलता : उद्यमी र व्यवसायीमा आर्थिक सचेतनाले बजार गतिशीलता, उपभोक्ता प्रवृत्ति र प्रतिस्पर्धी वातावरण बुझ्न सक्षम बनाई उपयुक्त व्यावसायिक निर्णय गर्न, परिवर्तित बजारको अवस्थाअनुसार उद्यम व्यवसाय चलाउन र आर्थिक सिद्धान्तको व्यावहारिक प्रयोग गराउन सजिलो हुन्छ।

अन्तर्राष्ट्रिय व्यापार र सम्बन्ध : आर्थिक चेतनाको विकासले देशहरूले अन्तर्राष्ट्रिय व्यापारलाई लाभदायक व्यापार बनाउनका निम्ति उचित व्यापार सम्झौताहरू गर्न विश्वव्यापी चालू आर्थिक स्थितिलाई बुझी व्यापार नीति तय गर्न र तुलनात्मक लाभहरू अध्ययन गरी अर्थतन्त्र राम्रो बनाउन सक्छन्।

वित्तीय स्थायित्व : आर्थिक सचेतनाले वित्तीय स्थायित्व कायम गर्न सहयोग गर्छ। यसले व्यक्ति र सरकार दुवैका लागि सुहाउँदो वित्तीय निर्णय, ऋण व्यवस्थापन र दीर्घकालीन योजनालाई अगाडि बढाई आर्थिक जोखिम र कमजोरीहरू बुझेर वित्तीय संकट कम गरी दीर्घकालीन स्थिरता बढाउन मद्दत गर्छ।

आर्थिक अवसर र जोखिम पत्ता लगाउँछ : अर्थतन्त्रबारे सचेत व्यक्तिले सम्भावित जोखिम र अवसरहरू पहिचान गर्न सक्छन्। बजार प्रवृत्ति, लगानीका अवसर र आफ्नै आर्थिक सुरक्षाका लागि हुन सक्ने सम्भावित जोखिम पहिचान गर्न सजिलो हुन्छ। यस जानकारीको साथ, मानिसहरूले आफ्नो रणनीतिहरू समायोजन गरेर, अवसरहरू प्रयोग गरेर र जोखिमहरू घटाएर आफ्नो वित्तीय सुरक्षा र व्यक्तिगत वृत्ति सुधार गर्न सक्छन्। यस्तै, आर्थिक नीतिले आर्थिक समाचार, घटना र नीतिहरू बुझ्न र मूल्यांकन गर्न मद्दत गर्दछ।

आर्थिक जागरुकता सचेतीकरण कति आवश्यक ? : सामान्यतया आर्थिक चेतनाले मानिस, व्यवसाय, निर्णयकर्ता र समाजलाई आर्थिक कठिनाइको सामना गर्न, आर्थिक अवसरको पहिचान र अवसरको उचित लाभ उठाउनुका साथै कुशलतापूर्वक निजी र सामाजिक कल्याण दुवैलाई अगाडि बढाउन आवश्यक स्रोतहरू छनोट गर्न सूचना जानकारी प्रदान गर्दछ। परम्परागत कृषि प्रणाली र विप्रेषणले चलेको मुलुकको आर्थिक विकासमा आर्थिक सचेतीकरणले तलको महत्वलाई समेट्न सक्छ।

लगानी आकर्षण : उच्च आर्थिक चेतनास्तर भएको राष्ट्रले स्वदेशी र अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्ने सम्भावना बढी हुन्छ। लगानीकर्ताले लगानीको सुरक्षा, उपयुक्त व्यावसायिक वातावरण र उद्यम विस्तार गर्न सकिने अवसरहरू खोज्छन्। आर्थिक चेतनाले शासकलाई लगानीका लागि आवश्यक पूर्वाधार स्थापना गर्न र उपयुक्त वातावरण तयार गर्न सक्षम बनाउँछ।

अन्तर्राष्ट्रिय व्यापार : अन्तर्राष्ट्रिय व्यापारमा प्रभावकारी सहभागिताका लागि आर्थिक सिद्धान्तको पूर्ण ज्ञान चाहिन्छ। देशहरूले निर्यात सम्भाव्यता पहिचान गर्न र विश्वव्यापी बजार प्रवृत्ति, व्यापार नीति र अवसरहरू बुझेर प्रतिस्पर्धात्मक लाभ सिर्जना गर्न सक्छन्। देशहरूले नयाँ बजार खोल्न, आफ्नो अर्थतन्त्रलाई विविधीकरण गर्न र अन्तर्राष्ट्रिय व्यापारमा संलग्न भएर आर्थिक वृद्धिलाई बढावा दिन सक्छन्।

गरिबी उन्मूलन : आर्थिक चेतनाले समावेशी विकास र गरिबी न्यूनीकरणमा सहयोग गर्छ। यसले आय असमानता घटाउन, रोजगारी वृद्धिलाई बढावा दिन र सामाजिक कल्याणलाई बढावा दिन नीतिनिर्माताहरूको रणनीतिको विकासमा मद्दत गर्छ। लक्षित नीतिहरू लागू गरी गरिबीको मूल कारणहरू पहिचान गरिएमा आर्थिक विकास अधिक समतामूलक र दिगो हुन सक्छ। नेपालले अहिलेसम्म परम्परागत आर्थिक पद्धतिलाई नै अँगाल्दै आइरहेको छ। कृषिमा अझै पनि ठूलो जनसंख्या निर्भर रहेको छ, तर कृषिमा आधुनिकीकरण नहुँदा प्रतिफलको तुलनामा लागत बढी हुनाले त्यो निर्वाहमुखी छ।



> आर्थिक अराजकता, बेथिति, घुस, भ्रष्टाचार तथा आर्थिक अनियमितताहितको अनौपचारिक अर्थतन्त्रको अभ्यास बढ्दा देश आर्थिक रूपमा कंगाल बन्छ। अतः यसलाई रोक्न आर्थिक सचेतना अपरिहार्य छ।

कुल गार्हस्थ्य उत्पादनको ४१.५७ प्रतिशत सार्वजनिक ऋणले ओगटेको छ। चालू खाताको मौज्दात लगभग ६ खर्ब २३ अर्ब र भुक्तानी सन्तुलन दुई खर्ब ५५ अर्बले घाटामा रहेको देखिन्छ। शोधनान्तर स्थिति घाटामा रहेको देखिन्छ। हाम्रो मुद्राको क्रयशक्ति घट्नाले मुद्रा अवमूल्यन हुने क्रम बढिरहेको छ। आर्थिक सर्वेक्षण ०७९/८० अनुसार वैदेशिक व्यापारको स्थिति हेर्ने हो भने आव ०६४/६५ मा निर्यातको अंश २० प्रतिशत र आयातको अंश ८० प्रतिशत रहेकामा त्यसको १५ वर्षपछि आव ०७९/८० मा आइपुग्दा त्यो घटेर निर्यात ९ प्रतिशत र आयात भने ९१ प्रतिशत हुन पुगेको छ। विप्रेषण भने राष्ट्र बैंकको तथ्यांकअनुसार भने ०७४/७५ मा ८७९.३७ अर्ब रुपैयाँ रहेकोमा ०७९/८० मा आइपुग्दा ७९४.३२ अर्बले बढेको छ। यसले स्वदेशमा अवसर नहुँदा विदेश जानेको लर्को दिनप्रतिदिन बढिरहेको देखाउँछ। ०७९ को फागुनसम्म नेपालमा कुल ८९४७ वटा उद्योग दर्ता भएकोमा ठूला उद्योग १५.१ प्रतिशत मझौला उद्योग २३ प्रतिशत र साना उद्योग ६१.८ प्रतिशत रहेको छ। तर, यसले मुलुकलाई आवश्यक उपभोग्य वस्तु उत्पादन गर्न असमर्थ रहेको वा थोरै उत्पादनको अंश रहेकाले गर्दा कुल उपभोग्य वस्तुको लगभग शतप्रतिशत नै बाहिरबाट आयात गर्न बाध्य छौं। आर्थिक चेतनाको कमीले छाएको आर्थिक निराशालाई हटाउन यदि शासकीय नेतृत्व राष्ट्रप्रेमले ओतप्रोत उच्च आर्थिक चेतनाको स्तर भएको भए सायद उनीहरूले देशको आर्थिक हितविपरीतका कार्य, देशलाई नोक्सान हुने गतिविधि सन्धि सम्झौता गर्दैनथे कि भन्ने हाम्रो बुझाइ हो। चार दशकयता हेर्ने हो भने आर्थिक नोक्सानी र समग्र मुलुकको दीर्घकालीन हितमा नकारात्मक प्रभाव पार्ने गतिविधि, आर्थिक अराजकता, बेथिति, घुस, भ्रष्टाचार तथा आर्थिक अनियमितताहितको अनौपचारिक अर्थतन्त्रको अभ्यास बढ्दा मुलुकलाई आर्थिक रूपमा कंगाल बनाउँछ। अतः यसलाई रोक्न आर्थिक सचेतना अपरिहार्य छ।

(थापा अर्थशास्त्रका प्राध्यापक हुन्)

अर्थ ज्ञान

धेरै यात्रु बोक्नेमा नेपाल वायुसेवा निगम दोस्रो

सन् २०२२ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर ३४ लाख ८८ हजार यात्रुले अन्तर्राष्ट्रिय यात्रा गरेका छन्। जसमध्ये १५ लाख ५७ हजार यात्रु विभिन्न देशबाट नेपाल भित्रिएका छन् भने १९ लाख ३१ हजार यात्रु त्रिभुवन विमानस्थल भएर बाहिर गएका छन्। यी यात्रुलाई सेवा दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक वर्षमा २४ हजार तीन सय १२ अन्तर्राष्ट्रिय उडान-अवतरण भएका छन्। ६ लाख २० हजार यात्रु बोकेर कतार एयरवेज पहिलो भएको छ। नेपाल वायुसेवा निगम (नेवानि)ले पाँच लाख ७७ हजार यात्रु बोकी दोस्रो बनेको छ। यस्तै, हिमालय एयरलाइन्सले तीन लाख ८५ हजार, फ्लाई दुबईले तीन लाख ५४ हजार, इन्डिगोले दुई लाख १६ हजार, कुवेतको जजिराले एक लाख २६ हजार, एयर अरेबियाले एक लाख ७२ हजार, एयर इन्डियाले एक लाख ५१ हजार, सिंगापुर एयरलाइन्सले एक लाख ४१ हजार, भिस्ताराले एक लाख यात्रुलाई सेवा दिएको छ।

-पर्यटन तथ्यांक २०२२

बिजनेस @



गोपीनाथ मैनाली, पूर्वउपसचिव, नेपाल सरकार

समस्याको चुरोमा नपुगी समस्या विस्तार गर्न र गलत गर्ने सहकारी सञ्चालक उम्किने गरी पटक-पटक गरिएका प्रयासबाट सिंगो सहकारी अभियान धरापमा पर्ने भयो। सहकारी बेथितिले सदस्यको बचत त डुब्ने नै भयो, वित्तीय संकट पनि निम्तिने भयो।



सुगतरत्न कंसाकार, पूर्वमहाप्रबन्धक, नेपाल वायुसेवा निगम

न्युयोर्क टाइम्सको एक समाचारअनुसार क्याम्बोडियाले अर्थतन्त्रमा तरक्की गरेको प्रमुख तीन कारणमा पर्यटन, गार्मेन्ट (टेक्स्टाइल) निर्यात र चीनसँगको सुमधुर सम्बन्ध रहेछ। यी तीनवटा इस्युमध्ये पर्यटन र हाम्रो ठूलदाइसँगको सम्बन्धमा नेपालले ध्यान दिनुपऱ्यो।



गोकर्ण अवस्थी, महानिर्देशक, एफएनसिसिआई


मौद्रिक नीति खुकुलो आउला कि भनेर एकथरी विद्वान्लाई निकै चिन्ता देखिन्छ। धेरै साना व्यवसायी ठूलो दुःखमा छन्, अलिकति गरिखान दिए केही बिग्रिन्थेन। यति भन्न त पाइएला कि !

सेयर बजार

२८ असार ०८०

नेप्से २,०८४.९३ ▼ -१२.६२ -०.६०%

कारोबार रकम	जम्मा सेयर
३,३९,०६,६०,६०५.३१	९३,८२,४४०



जलस्रोतको देशमा पानीकै संकट

पहिले ४० देखि ६० फिटमुनिबाटै पानी आउँथ्यो, तर अहिले चारदेखि पाँच सय फिट खन्दा पनि पानी आउन मुस्किल छ



● ललितकुमार यादव

नेपालभित्र विशेषतः व्यवस्थापनको समस्याले पानी-संकट समाधान हुन सकेको छैन। व्यवस्थापनकै कारणले पहाड र तराईका विभिन्न स्थानमा पानीको समस्या देखिएको छ। तथापि, नेपालले आफ्नो आन्तरिक समस्या समाधान गरेर पानी निर्यात गर्न सक्ने सामर्थ्य राख्छ। छिमेकी भारतलाई पानी बेचेर मनग्गे आम्दानी भित्र्याउन सक्ने सम्भावना रहेको जलस्रोतविद् बताउँछन्।

हिमाली र पहाडी क्षेत्रबाट बग्ने हजारौं नदीनाला र विभिन्न स्थानका तालतलैयाले नेपाललाई जलस्रोतको धनी बनाएको छ। तर, त्यसको समुचित वितरण, व्यवस्थापन र सदुपयोग नहुँदा खानेपानीको अभाव मुलुकभरि छ। 'पानी बेचेर नेपाल धनी हुन सक्छ' भन्ने सपना हामीले धेरै पहिलेदेखि देख्दै आएका छौं। प्रत्येक व्यक्तिको भागमा सात हजार घनमिटर पानी पर्छ। यतिको पानी सिँचाइ र खानेपानी दुवैका लागि पुग्दो छ। तर, व्यवस्थापनको कमजोरीले पानीको संकट कायम छ। सबैले खानेपानीको सुविधासमेत पाउन सकेका छैनन्। तराईमा भूमिगत जलस्रोतको भण्डार छ। तर, निस्केको पानी आर्सेनिकयुक्त छ। चुरे क्षेत्रले भूमिगत जलभण्डारको काम गरेको छ। तराईको खानेपानी र सिँचाइ दुवैको स्रोत जमिनमुनिको हो। यस्तो पानी चापाकल र बोरिङका माध्यमले जमिनमाथि तानिन्छ। सोही पानी आवश्यकताअनुसार प्रयोग गरिन्छ। पहाडमा विशेषतः मूलबाट प्राप्त पानी पिउन उपयोग गरिन्छ। यो पनि भूमिगत जलस्रोत हो। भूमिगत जलको सतह र जमिनको सतहको अवस्थिति समुद्री सतहबाट कम्तीमा एउटै उचाइमा रहने ठाउँमा मात्रै मूल हुन्छ। तर, पहाडमा भूमिगत जलस्रोतको उपलब्धतामा कमी आएको छ। कर्णाली र सुदूरपश्चिमका कैयौं स्थानमा पानी-संकट छ। केही वर्षअघिसम्म तराईमा प्रशस्त इनार र कुवा थिए, जहाँ प्रशस्त पानी हुन्थ्यो। अहिले यी सुकेका छन्। तराईमा इनार र कुवा भेट्टाउनै मुस्किल छ। एकाध भेटिए पनि त्यसमा पानी भेटिँदैन। पुराना चापाकल र बोरिङ प्रायः सुकेका छन्। पहिले ४० देखि ६० फिटमुनिबाटै पानी प्राप्त हुनेमा अहिले चार सयदेखि पाँच सय फिट मुनिबाट पनि मुस्किलले प्राप्त हुन्छ।



> चुरेको विनाश नै तराईमा पानीको उपलब्धतामा कमी आउनुको मुख्य कारण हो। यसलाई समयमै सम्बोधन नगर्ने हो भने गाउँ बसाइँ सर्न बाध्य हुनेछन् र सामाजिक अन्तरकलहको परिस्थितिसमेत सिर्जना गर्न सक्छ।

तराईमा पनि जमिनमुनिको पानीको भण्डार कम हुँदै गएको छ। जसले गर्दा अधिकांश बस्ती काकाकुल बन्ने अवस्थामा छन्। पानीको संकटले स्थानीय जनजीवन कष्टकर बनिरहेको छ।

खानेपानी मन्त्रालयको जिम्मेवारी हुन्छ- पानीको संकट हुन नदिनु। सम्बन्धित अन्य निकायमा नेपाल खानेपानी संस्थान, खानेपानी तथा ढल निकास विभाग र काठमाडौं उपत्यका खानेपानी लिमिटेड छन्। सिँचाइ प्रयोजनका लागि भूमिगत सिँचाइ प्रणाली महाशाखा छ। तर, देशैभरिको पानी-संकटको समाधान जहाँको तहीं छ।

नेपालमा दुई किसिमको भूमिगत जलस्रोतको भण्डार रहेको अनुमान छ। एउटा चिराचिरा परेको चट्टानी भागमा हुने जलभण्डार र अर्को नरम बलौटे माटोमा हुने जलभण्डार। पहाडमा पहिलो किसिमको र पहाडी भागको उपत्यका तथा तराईको समथर भूभागमा दोस्रो किसिमको जलभण्डार छ। पानीको उपलब्धतामा कमी आउनुमा विभिन्न कारण छन्। जसमा जंगल फँडानी, मापदण्डविपरीत खोला उत्खनन, जलवायु परिवर्तन आदि पर्छन्। यसमा पनि चुरेको विनाश तराईमा पानीको उपलब्धतामा कमी आउनुको मुख्य कारण हो। यो समस्यालाई समयमा नै सम्बोधन नगर्ने हो भने गाउँका गाउँ बसाइँ सर्न बाध्य हुनेछन् र यसले सामाजिक अन्तरकलहको परिस्थितिसमेत सिर्जना हुन सक्छ।

पानीको समस्या समाधान गर्न भूमिगत जलस्रोतलाई 'रिचार्ज' गर्न जरुरी छ। यसका लागि जमिनमुनि पानी पठाउन सक्नुपर्छ। वर्षातुको पानी जमिनभित्र छिर्न नपाएर सीधै खोलामा मिसिने गरेको छ। जमिनभित्र पानी छिर्न नपाउँदा भूमिगत पानीको सतह घट्दै गएको छ। पानीको उपलब्धता र स्रोत व्यवस्थापन कठिन बन्दै गएको छ। स्रोतको दिगो व्यवस्थापन आजको आवश्यकता हो। जमिनमुनिको पानी तानेर उपभोग गर्ने मात्रै नभई जमिनमुनि पानी पठाउने वा सोस्न दिने काम हो, भूमिगत पानी रिचार्ज।

भूमिगत पानी रिचार्ज गर्न ठूलो खर्च लाग्दैन, न त महँगो प्रविधि नै चाहिन्छ। आकाशबाट वर्षिएको र घरमा उपभोग भएर बाहिरिने पानीलाई जमिनभित्र पठाउनुपर्छ। त्यसका लागि प्रत्येक घरमा २० देखि ४० फिटसम्म गहिरो एउटा इनार बनाउनुपर्छ। इनारको तल्लो भागमा ठूलो आकारको गिट्टी र त्यसभन्दा माथि तीन फिटसम्म खम्रो बालुवा राखी त्यसमाथि जियो टेक्सटाइल राख्नुपर्छ। त्यसमार्फत भूमिगत पानी रिचार्ज गर्न सकिने विज्ञहरू बताउँछन्।

साथै स्रोत व्यवस्थापन, पूर्वाधार निर्माण गर्दा प्राकृतिक वातावरणीय पक्षलाई ध्यान दिने, उचित भूउपयोगलाई व्यवहारमा लागू गर्ने, मापदण्डविपरीतका खोला उत्खनन रोक्ने र चुरे संरक्षणमा प्रतिबद्ध भएर लाग्ने जस्ता कार्य गर्न जरुरी छ। स्वच्छ पानी जनताको नैसर्गिक अधिकारको रूपमा संविधानले व्यवस्था गरेकाले पानीको व्यवस्थापन तथा नियमन गर्ने निकायको स्पष्ट कार्ययोजना हुनुपर्छ। दिगो पानी आपूर्तिका लागि स्थानीयस्तरको परम्परागत ज्ञानको प्रयोगलाई समेत प्रोत्साहित गर्न सक्नुपर्छ।

जलस्रोत रणनीति २००२, राष्ट्रिय जलस्रोत योजना २००५ र राष्ट्रिय जलस्रोत नीति २०७७ द्वारा निर्देशित एकीकृत व्यवस्थापनलाई सरकारले आफैं पूर्ण कार्यान्वयन गर्न सकेको छैन। प्राकृतिक स्रोतको उपयुक्त व्यवस्थापनका लागि तिनको प्रकार, मात्रा र प्रवृत्ति थाहा पाउनुपर्छ। यसले सही निर्णयमा पुग्न सहयोग गर्छ। नेपालमा प्रचुर मात्रामा जलस्रोत रहे पनि पानीको उपलब्धता महिनाअनुसार फरक पर्छ। वर्षातुको महिनामा धेरै र सुक्खा महिनामा थोरै हुने गर्छ। वर्षातुमा धेरै भएको पानी सुक्खा महिनामा कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण हो।

प्राकृतिक भण्डारका विकल्प, जस्तै- भूमिगत जलस्रोत, माटोको चिस्यान र सिमसार क्षेत्रहरूको संरक्षण गर्न आवश्यक छ। भूमिगत जलस्रोतको अनावश्यक दोहन गर्नुहुँदैन। आवश्यकताअनुसार मात्र उपयोग गर्नुपर्छ। भूमिगत जलस्रोत सीमित छ, तर पानी हामीलाई सधैं चाहिन्छ। हामीले हाम्रा सन्ततिका लागि स्रोत जोगाइदिनुपर्छ। साथै, जलस्रोतको भरपर्दो तथ्यांक र जानकारीले संरक्षण र व्यवस्थापनमा पनि धेरै सहयोग पुऱ्याउँछ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २९ असार ०८०

नियम मिचेर असार तेस्रो सातापछि पनि खर्च
तीन दिनमै ११ अर्ब २४ करोड भुक्तानी

मासिक औसत साढे ३% का दरले हुँदै आएको पुँजीगत खर्च असारमा १६% नाघ्यो

कृष्ण रिजाल/नयाँ पत्रिका

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीले आर्थिक वर्ष सकिनुभन्दा कम्तीमा सात दिनअगावै भुक्तानी निकासी बन्द गर्नुपर्ने व्यवस्था छ। तर, सरकारले नियम मिचेर सरकारले असार अन्तिम साताका सुरुवाती तीन दिनमै ११ अर्ब २४ करोड रुपैयाँ भुक्तानी गरेको छ।

नियमावलीले थप बजेट, खर्चको स्रोत परिवर्तन वा अति आवश्यक काम परी खर्च गर्नुपर्ने अवस्थामा चाहिँ अन्तिम साताभन्दा समेत भुक्तानी निकासी दिन मिल्ने व्यवस्था गरेको छ। नियमको सोही छिद्रलाई टेकेर सरकारले असारको तेस्रो सातापछि पनि अत्यावश्यकबाहेकका खर्चसमेत गरिरहेको छ।

नियमअनुसार २४ असारयता सरकारले खर्चको निकासी भुक्तानी दिन मिल्दैन। तर, सरकारले पछिल्ला तीन दिनमा चालूतर्फ दुई अर्ब आठ करोड, चार अर्ब ६२ करोड र वित्तीय व्यवस्थातर्फ चार अर्ब ५४ करोड खर्च गरेको छ।

नियमअनुसार नै २४ पछि खाता रोक्का गरिएको महालेखा नियन्त्रक हरिप्रसाद मैनालीले बताए। तर, अत्यावश्यक र गर्नैपर्ने खर्चको भुक्तानी निकासी भने भइरहेको उनले बताए। 'नियम मिचेर खर्च भएको होइन, नियमअनुसार नै खर्च भएको हो,' उनले भने। यद्यपि, वर्षको अन्त्यमा हुने खर्चमा न्यूनीकरण गर्न आवश्यक रहेको उनले औंल्याए।

तर, अत्यावश्यक र गर्नैपर्ने भनेर सामान्य खर्चसमेत भइरहेको महालेखाकै कर्मचारीहरू बताउँछन्। 'तेस्रो सातापछि गर्न नमिल्ने खर्च पनि भइरहेको छ, साधारणदेखि पुँजीगत र वित्तीय व्यवस्थाका खर्च भइरहेका छन्,' एक कर्मचारीले भने, 'नियमको परिपालना भएको देखिँदैन।'

■ तेस्रो सातापछि खर्च र भुक्तानी गर्न मिल्दैन : महालेखा

महालेखा परीक्षकको कार्यालयले समेत वर्षको अन्त्यमा हुने खर्च नियन्त्रण गर्नुपर्ने औंल्याउँदै आएको छ। महालेखाले आफ्नो ६०औं प्रतिवेदनमा सरकारले नियमको पालना गर्दै असारको तेस्रो सातापछि खर्च तथा भुक्तानी कार्यमा नियन्त्रण गर्नुपर्ने उल्लेख गरेको छ। आर्थिक वर्ष ०७८/७९ मा असार महिनाको अन्तिम हप्तामा ९८ अर्ब ९९ करोड खर्च भएको महालेखाले औंल्याएको छ। जुन कुल खर्चका ७.५७ प्रतिशत हुन आउँछ।

त्यस्तै, आर्थिक वर्ष ०७७/७८ मा पनि असार महिनाको अन्तिम हप्तामा ७१ अर्ब ६० करोड अर्थात् ५.९८ प्रतिशत खर्च भएको छ महालेखाको ५९औं प्रतिवेदनमा उल्लेख छ।



■ जेठ मसान्तसम्म र त्यसयता सरकारले गरेको खर्च

शीर्षक	वार्षिक लक्ष्य	जेठ मसान्तसम्मको खर्च	२७ असारसम्मको खर्च	२७ दिनमा भएको खर्च
चालू	११ खर्ब ८३ अर्ब	आठ खर्ब ७७ अर्ब	१० खर्ब ३ अर्ब	१ खर्ब २६ अर्ब
पुँजीगत	३ खर्ब ८० अर्ब	१ खर्ब ५३ अर्ब	२ खर्ब १५ अर्ब	६२ अर्ब
वित्तीयतर्फ	२ खर्ब ३० अर्ब	१ खर्ब ४६ अर्ब	१ खर्ब ६७ अर्ब	२१ अर्ब
कुल खर्च	१७ खर्ब ९३ अर्ब	११ खर्ब ७६ अर्ब	१३ खर्ब ८५ अर्ब	२ खर्ब ९ अर्ब

■ विनियोजन र खर्चमा नियमको बर्खिलाप

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा १० ले खर्च गर्न सक्ने क्षमताका आधारमा मात्रै विनियोजन गर्नुपर्ने उल्लेख छ। नियम ३० मा विनियोजन ऐनले समाप्त हुनुभन्दा कम्तीमा सात दिनअगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासी बन्द गर्नुपर्ने व्यवस्था छ। सोहीबमोजिम थप बजेट, खर्चको स्रोत परिवर्तन वा अति आवश्यक काम परी खर्च गर्नुपर्ने अवस्थामा बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिनअगावै निकासा बन्द गर्नुपर्ने व्यवस्था छ। तर, खर्च क्षमताअनुसार विनियोजन नगर्ने तथा विनियोजित बजेटसमेत असारको अन्तिममा आएर खर्च गर्ने प्रवृत्ति देखिन्छ। स्वीकृत कार्यक्रम तथा खर्च गर्ने कार्यतालिकाबमोजिम निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी वर्षको अन्त्यको खर्चमा नियन्त्रण गर्नुपर्ने महालेखाले औंल्याएको छ।

■ २७ दिनमा ६२ अर्ब पुँजीगत खर्च

जेठ मसान्तसम्म विनियोजित वार्षिक बजेटको ४०.४२ प्रतिशत अर्थात् एक खर्ब ५३ अर्ब रुपैयाँबराबर पुँजीगत खर्च भएको थियो। तर, २७ आसरमा आइपुग्दा दुई खर्ब २७ अर्बबराबर अर्थात् ५६.४३ प्रतिशत खर्च भएको छ। पछिल्ला २७ दिनमा ६२ अर्ब रुपैयाँ अर्थात् १६.०१ प्रतिशत पुँजीगत खर्च भएको छ। मौसिक औसत साढे ३ प्रतिशतका दरले हुँदै आएको पुँजीगत खर्च असारमा १६ प्रतिशत नाघेको हो। दैनिक औसत ४६ करोडको दर हुँदै आएको पुँजीगत खर्च असार लागेपछि सवा दुई अर्ब नाघेको देखिन्छ। पछिल्ला २७ दिनमा दुई खर्ब नौ अर्बबराबर कुल खर्च भएको छ। जुन दैनिक औसत सात अर्ब ७४ करोडबराबर हुन आउँछ। त्यसअघि जेठ मसान्तसम्म भने दैनिक औसत तीन अर्ब ५६ करोड रुपैयाँबराबर कुल खर्च भइरहेको थियो।

■ बजेटको २३ प्रतिशत खर्च असारमा

अघिल्लो आर्थिक वर्ष ०७८/७९ मा कुल बजेट १६ खर्ब ४७ अर्ब ५७ करोडमध्ये १३ खर्ब नौ अर्ब ८७ करोड खर्च भएको थियो। त्यसमध्ये असार महिनामा मात्रै दुई खर्ब ७५ अर्ब नौ करोड अर्थात् २१ प्रतिशत खर्च भएको महालेखाको ६०औं प्रतिवेदनमा उल्लेख छ। त्यसअघि आर्थिक वर्ष ०७७/७८ मा विनियोजित १४ खर्ब ७४ अर्ब ६४ करोडमध्ये कुल ११ खर्ब ९६ अर्ब ६७ करोड खर्च भएको थियो। त्यसमध्ये असार महिनामा मात्रै दुई खर्ब ७९ अर्ब ७१ करोड अर्थात् २३.३७ प्रतिशत खर्च भएको महालेखाको ५९औं प्रतिवेदनमा उल्लेख छ। महालेखाले वर्षको अन्त्यमा हुने खर्च तथा भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने औंल्याएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ निर्माण व्यवसायीले पाएनन् स्वीकृत बिलकै १५ अर्ब भुक्तानी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०७९/८० सकिन लाग्दा पनि निर्माण व्यवसायीले सरकारबाट भुक्तानी नपाउने देखिएको छ। आयोजना निर्माण सम्पन्न हुँदा पनि चालू आवको सुरुदेखि निर्माण व्यवसायीले भुक्तानी पाउन सकेका छैनन्। सम्बन्धित मन्त्रालयबाट स्वीकृत भएका १५ अर्ब रुपैयाँबराबरको भुक्तानी अझै बाँकी रहेको नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिहंले बताए। 'यो सम्बन्धित मन्त्रालयबाट तीन-चार महिनाअघि नै स्वीकृत भइसकेको बिलको मात्रै रकम हो। विभिन्न बहानामा अर्थ मन्त्रालयले त्यो रकम भुक्तानी गर्न मानेको छैन,' उनले भने, 'उक्त रकम निकासाका लागि हामी हरेक दिन अर्थ मन्त्रालयमा पहल गरिरहेका छौं। तर, अर्थ मन्त्रालयका उच्च अधिकारीहरूले स्रोत नभएको भन्दै निकासा गर्न नसक्ने बताएका छन्।' विशेष गरी पुल, खानेपानी, जलस्रोत, सहरी पूर्वाधारसम्बन्धी आयोजनाको भुक्तानी रोकिएको सिंहले बताए।

सरकारले भुक्तानी नदिने, महँगी, तरलता अभावलगायतका कारण चालू आवमा निर्माण क्षेत्र मन्दीमा छ। यो अवस्थामा सरकारले भुक्तानी नदिँदा निर्माण क्षेत्र थप प्रभावित हुने अध्यक्ष सिंह बताउँछन्। 'केही निर्माण कम्पनीहरूले भुक्तानी पाएका छन्, त्यो स्वागतयोग्य छ। तर, त्यसले उनीहरूको मात्रै समस्या समाधान हुने भयो,' उनले भने, 'तर, अन्य कम्पनीले पनि श्रमिकलाई ज्याला, बैंकको ऋणलगायत दायित्व भुक्तानी गर्नुपर्नेछ। तर, सरकारले नै भुक्तानी नदिएपछि उनीहरूले कहाँबाट पैसा ल्याएर आफ्नो दायित्व बहन गर्ने ? तसर्थ, यसमा सरकार जिम्मेवार हुन आवश्यक छ र तत्काल भुक्तानी गर्नुपर्छ।'

■ के भन्छ अर्थ मन्त्रालय ?

अर्थ मन्त्रालय प्रवक्ता धनीराम शर्माले भने प्रक्रिया पुगेका सबैलाई भुक्तानी दिने काम भइरहेको बताए। 'अहिले स्रोतको अभावका कारण भुक्तानीमा कठिन भएको छ। अर्थ मन्त्रालयबाट सहमति नल्याई गरेको ठेक्का सम्झौतामा अहिले रकम दिन सक्ने अवस्था छैन। तर, सहमतिमा अघि बढेका आयोजनाको भुक्तानी भइरहेको छ,' उनले भने, 'बजेटभन्दा बाहिर गएर भुक्तानी गर्न सकिन्न।'

■ भुक्तानी दिन नसकेको सरकारको स्वीकार

चालू आवमा निर्माण व्यवसायीलाई भुक्तानी दिन नसकेको सरकारले पनि स्वीकार गरेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्माले स्वीकृत बिलकै झन्डै चार अर्ब भुक्तानी गर्न बाँकी रहेको बताए। रेलतर्फ ३० करोड, सडकतर्फ दुई अर्ब ५० करोड हाराहारी भुक्तानी गर्न बाँकी रहेको उनले बताए।

'समग्रमा हाम्रो मन्त्रालयअन्तर्गत तीन अर्बदेखि चार अर्ब भुक्तानी गर्न बाँकी छ। आर्थिक वर्ष सकिन अझै केही दिन बाँकी छ। बाँकी दिनमा केही रकम भुक्तानी होला,' उनले भने, 'स्रोत अभावका कारण पूरै रकम भने भुक्तानी गर्न सम्भव छैन। अब अर्को वर्षको दायित्वमा सार्नुको विकल्प छैन।' यसैगरी अन्य विकासे मन्त्रालयबाट पनि स्रोत अभावका कारण भुक्तानी हुन नसकेको जानकारहरू बताउँछन्।

मल कारखानाको सम्भाव्यता अध्ययन जर्मन कम्पनीले गर्ने

काठमाडौं/ नेपालमा रासायनिक मल कारखाना स्थापना सम्बन्धमा विस्तृत सम्भाव्यता अध्ययन गर्न जर्मनीको डिआइएजी इन्डस्ट्रिजसँग समझदारी भएको छ। नवलपरासीको बर्दघाटमा प्रस्ताव गरिएको मल कारखानाको सम्भाव्यता अध्ययन गर्न बिहीबार लगानी बोर्ड र डिआइएजी इन्डस्ट्रिजबीच समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएको हो। समझदारीपत्रमा लगानी बोर्डको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुशील भट्ट र कम्पनीको तर्फबाट प्रबन्ध निर्देशक (एमडी) बेन्जामिन बेकरले हस्ताक्षर गरेका छन्।

नवलपरासीको बर्दघाटमा उक्त कारखाना बनाउने गरी कम्पनीले लगानी बोर्डमा यसअघि नै प्रस्ताव पठाएको थियो। त्यसका आधारमा बोर्डले १७ चैत ०७८ मा उक्त कम्पनीलाई रासायनिक मल कारखानाको अध्ययन गर्न दिने निर्णय गरेको थियो। त्यसपछि समझदारीपत्र (एमओयू)को मस्यौदा तयार गरेर ३० चैत ०७९ मा बोर्डको ५३औं बैठकबाट स्वीकृत गरेको हो। सोहीअनुसार बिहीबार मल कारखानाको अध्ययन गर्ने गरी कम्पनीसँग समझदारी भएको बोर्डका सहायक प्रवक्ता रमेश अधिकारीले बताए।

अब कम्पनीले आयोजनाको अध्ययन अनुमतिपत्रका लागि आवेदन दिएको ९० दिनभित्र बोर्डले कम्पनीलाई अध्ययन अनुमतिपत्र दिनुपर्नेछ। त्यसको दुई वर्षमा कम्पनीले आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन बोर्डमा बुझाउनुपर्नेछ। सोही प्रतिवेदनका आधारमा आयोजनाको थप विकासक्रम अघि बढ्नेछ।

> नेपालमा रासायनिक मल कारखाना स्थापनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न जर्मनीको डिआइएजी इन्डस्ट्रिजसँग समझदारी भएको हो। नवलपरासीको बर्दघाटमा प्रस्ताव गरिएको मल कारखानाको सम्भाव्यता अध्ययन गर्न लगानी बोर्ड र डिआइएजीबीच समझदारी भएको हो।

कम्पनीले रासायनिक मल कारखानाबारे विस्तृत रूपमा अध्ययन गर्नुपर्नेछ। कुन प्रविधिबाट मल उत्पादन गर्ने भन्ने विषय पनि प्रतिवेदनमै निर्क्योल गर्नुपर्ने समझदारीपत्रमा उल्लेख छ। कम्पनी आफैंले प्राकृतिक ग्यास, कार्बन कब्जा भण्डारसहितको इलेक्ट्रोलाइसिस (विद्युत्द्वारा गरिने रासायनिक विश्लेषण) वा दुवै (हाइब्रिड) प्रविधिबाट वार्षिक सात लाख टन मल उत्पादन गर्ने प्रस्ताव गरेको छ।

यस्तै, आयोजना आर्थिक रूपमा सम्भाव्य (फिजिबल) भए-नभएको समेत प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ। कम्पनीले प्रस्ताव गरेको प्रविधि र क्षमताका आयोजना बनाउन ७१४ मिलियन डलर (वर्तमान विनिमयदरअनुसार ९३ अर्ब ७४ करोड ८२ रुपैयाँ) लाग्ने अनुमान छ। यो रकममा आयोजना बनाउन सम्भावना हुने-नहुने, भियाबिलिटी ग्याप फन्डिङ चाहिने-नचाहिने विषयमा पनि प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ। यसरी प्रतिवेदन आएपछि बोर्डले अध्ययन गरेर कम्पनीलाई मल कारखाना बनाउन दिने-नदिने भनेर निर्णय गर्न सक्नेछ।

हस्ताक्षर समारोहलाई सम्बोधन गर्दै लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत भट्टले तोकिएकै समयमा सम्भाव्यता अध्ययन प्रतिवेदन पेस गर्न कम्पनीलाई आग्रह गरेका छन्।

नेपालमा मल कारखाना स्थापना गर्ने विभिन्न घोषणा तथा समझदारी हुँदै आएका छन्। तर, त्यसले अझै पूर्णता पाउन सकेको छैन। फलस्वरूप किसानले हरेक वर्ष रासायनिक मल पाउन सास्ती भोग्दै आएका छन्। नेपालमा वार्षिक पाँच लाख २० हजार टन रासायनिक मल माग हुन्छ। तर, त्यसको आपूर्तिमा बर्सेनि समस्या आइरहेको छ। नेपालको मागलाई दृष्टिगत गरेर नै सात लाख टन मल उत्पादन गर्ने क्षमताको कारखाना स्थापना गर्न लागिएको बोर्डका एक अधिकारीले बताए।

आगामी आर्थिक वर्ष ०८०/८१ को बजेटमा लगानी बोर्डको सहजीकरणमा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा नेपालमा रासायनिक मल कारखाना स्थापनासम्बन्धी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने घोषणा छ। तर, यसमा शतप्रतिशत विदेशी लगानी आउन सक्ने बोर्डको भनाइ छ।

बोर्डले ढल्केबर र बर्दघाटमध्ये कुनै एक ठाउँमा मल कारखाना बनाउने गरी यसअघि नै अध्ययन गरेको थियो। त्यसमा बर्दघाट मल कारखाना बनाउने गरी कम्पनीलाई अनुमतिपत्र दिन लागिएको हो।

■ मलको तितो इतिहास

नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि ०४० सालदेखि निरन्तर अध्ययन भइरहेको छ। ०४१ मा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) नेपाल मल कारखानासम्बन्धी सम्भाव्यता अध्ययन गरेको थियो। जाइकाले नेपालमा सानो बजार भएका कारण तत्काल मल कारखना स्थापनाको सम्भावना नभएको प्रतिवेदन सरकारलाई दिएको थियो।

त्यस यता पनि साना-ठूला अध्ययन भइरहेकोमा सन् २०१६ लगानी बोर्डको अग्रसरतामा मल कारखानासम्बन्धी अध्ययन भएको थियो। त्यतिबेला मल कारखाना सम्भव भए पनि जटिल र खर्चिलो भएको प्रतिवेदनमा दिइएको थियो। सो प्रतिवेदनले प्राकृतिक ग्यास प्रयोग गरी मल कारखाना सञ्चालन गर्न उपयुक्त हुने सुझाव दिएको थियो। तर, मुलुक प्राकृतिक ग्यास नै नहुँदा कारखाना स्थापनाको विषय त्यतिकै अल्झिएको थियो।

०७७ भदौमा तत्कालीन कृषि तथा पशुपक्षी मन्त्रालयका सचिव राजेन्द्रप्रसाद भारीको संयोजकत्वमा 'रासायनिक मल कारखाना सम्भाव्यता अध्ययन कार्यदल' गठन भई मल कारखाना खोल्न सकिने सुझाव दिएको थियो। उक्त प्रतिवेदन थन्क्याउँदै सोही वर्ष तत्कालीन अर्थमन्त्री विष्णु पौडेलको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट र कृषि तथा पशुपक्षी विकासमन्त्री पद्मा अर्याल सदस्य रहने गरी समिति बनेको थियो। सो कार्यदलले पनि मल कारखाना सञ्चालन गर्न सकिने सुझाव दिए पनि हालसम्म कार्यान्वयन भएको छैन।

युएईबाट युरोपतर्फ तस्करी हुँदै नेपाली युवा

मुना कुँवर/नयाँ पत्रिका

वैदेशिक रोजगारीमा युएई पुगेका भोजपुरका सूर्यबहादुर थापाले चार वर्ष ट्याक्सी चलाए। उनको आम्दानी पनि राम्रै थियो। यही समयमा उनका साथीहरू युएईबाट युरोपतिर प्रवेश गर्न थाले। अझ बढी आम्दानी र परिवार पनि लैजाने पाउने भएपछि उनले पनि युरोप जाने योजना बनाए। योजनाअनुरूप नै आबुधाबीस्थित अनन्तरा कन्सल्टेन्सीमार्फत उनी ६ महिनाअघि माल्टा पुगे। माल्टा जानका लागि उनले कन्सल्टेन्सीलाई करिब पाँच लाख रुपैयाँ बुझाएको बताए। 'सबै साथीभाइ गए। युरोपमा राम्रो आम्दानी हुने र परिवारलाई पनि सेटल गराउन सकिने भएकाले म माल्टा आएको हो,' उनले अनलाइनबाट भने, 'तर, सोचेजस्तो सहज अवस्था भने रहनेछ।'

नवलपरासीका गंगाराम घिमिरे पनि आठ वर्षदेखि युएईमा ट्याक्सी चलाउँथे। राम्रो आम्दानी भए पनि सानो गल्ती ठूलो रकम जरिवाना भुक्तानी गर्नुपर्ने भएपछि उनी युएईको विकल्प खोज्दै थिए। त्यहीबेला उनलाई माल्टा जाने अफर आयो। आबुधाबीस्थित दरबार कन्सल्टेन्सीलाई करिब सात लाख बुझाएर उनी माल्टा पुगेको पनि आठ महिना भयो। तर, सोचेअनुसारको काम भने नपाइएको उनले गुनासो गरे। 'युरोपमा काम गर्नका लागि अस्थायी बसोवास कार्ड चाहिन्छ। तर, कार्ड बनाउन धेरै समय लाग्ने, कार्ड नबनेसम्म काम गर्न नपाइने, खान र बस्नका लागि आफैंले व्यवस्था गर्नुपर्ने भएपछि सोचेअनुसारको आम्दानी हुन नसकेको उनले बताए।

थापा र घिमिरेजस्तै पछिल्लो समयमा दुबईलाई ट्रान्जिट बनाएर नेपाली युवा युरोप तस्कर हुने क्रम बढ्न थालेको छ। दलालहरूले कतिपय युवालाई नेपालबाट नै युरोप लैजाने भन्दै दुबई हुँदै युरोप पुऱ्याउँछन् भने कतिपय युएईमा नै रोजगारी गरिरहेका युवालाई आकर्षक आम्दानीको लोभ देखाएर युरोप लगिरहेका छन्। युएईबाट जाँदा प्रक्रिया सहज हुने हुँदा दलालहरू पनि युएईमा नै सक्रिय भएका हुन्। युएईबाट करिब २२ हजार दिराम (करिब आठ लाख)सम्म भुक्तानी गरी दलालहरूले नेपाली युवालाई युरोपका विभिन्न मुलुकमा पठाउने गरेका छन्। विशेष गरी माल्टा, चेक रिपब्लिक, रोमानिया, क्रोसिया, पोल्यान्ड, पोर्चुगललगायतका मुलुकमा नेपाली युवा तस्कर भइरहेका छन्।

■ युरोप जान हिँडेका युवा दुबईमा अलपत्र

मानव तस्करहरूले युरोप पठाइदिने भन्दै युएईमा नेपाली युवाहरूलाई अलपत्र पार्ने घटना पनि बढेको छ। महिनौंसम्म युएईमा अलपत्र परेका छन्।

यसरी अलपत्र पर्ने नेपाली युवालाई दूतावास वा गैरआवासीय नेपाली संघले कानुनी रूपमा सहयोग गर्न नसक्ने उनको भनाइ छ। युवाहरू अवैध माध्यमबाट युएईलाई ट्रान्जिट बनाएर आउँछन्। यस्तो अवस्थामा कानुनी रूपमा दूतावासले कसैलाई कारबाही गर्न नसक्ने दूतावासका श्रम काउन्सलर सुवेदीले बताए। 'दलालले एक ठाउँमा ल्याएर छाडिदिन्छ। दलाल सम्पर्कविहीन भएपछि युवाहरू हामीकहाँ आइपुग्छन्। कसले ल्याएको भन्ने कुनै प्रमाण हुँदैन। अब हामीले कसरी कारबाही गर्ने ?' उनले भने।



युएईमा अलपत्र परेको गुनासो आउन थालेको छ

● **दीनबन्धु सुवेदी**, श्रम काउन्सलर



युरोप जाने भन्दै दुबई आएर अलपत्र परेका युवाहरूको गुनासो आउन थालेको छ। दलालहरूले नेपाली युवालाई युएईबाट जान सजिलो हुन्छ भन्दै भिजिट भिसामा युवाहरूलाई दुबई ल्याउने रहेछन्। तर, सेटिङ नमिलेसम्म उनीहरूले दुबईबाट लैजान सक्दैनन्।

नेपाल सरकारको अनुमतिविना रोजगारीमा पठाउनु ठगी हो

● **सोम लुइँटेल**, अधिवक्ता



वैदेशिक रोजगार ऐनले सरकारको अनुमति नलिईकन कुनै पनि व्यवसायीले श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउन पाउँदैनन्। त्यस्तै, श्रम स्वीकृतिविना कुनै मुलुक जान पनि मिल्दैन। तर, युएईबाट पठाइनु भनेको नेपाल सरकारको अनुमति नलिईकन पठाइनु हो। त्यसैले यसलाई ठगी भनिन्छ।

नै अलपत्र परेका युवाहरूको गुनासो आउन थालेको आबुधाबीस्थित नेपाली दूतावासका श्रम काउन्सलर दीनबन्धु सुवेदीले बताए। 'दुबईबाट नेपाली युवालाई युरोपमा विभिन्न मुलुक पठाउने क्रम बढ्न थालेको छ। कतिपय दलालहरूले युरोप लैजाने भन्दै नेपालबाट नै युवाहरूलाई दुबई ल्याउँछन्। तर, अबैध रूपमा पठाउने हुँदा नेपाली युवा दुबईमा नै अलपत्र पर्ने गरेका छन्,' उनले भने, 'यसरी अलपत्र परेको भन्दै दूतावासमा उजुरी आउन थालेको छ।'

क्यानडा र अमेरिका पुऱ्याउने भन्दै नेपाली युवालाई दलालहरूले दुबईमा अलपत्र पार्ने गरेको गैरआवासीय नेपाली संघका उपाध्यक्ष विकास शाहीले बताए। 'पहिला पहिला युएईमा आएर काम नपाउने, रोजगारदाताले सेवा-सुविधा नदिनेलगायतका समस्या आउँथे। तर, अहिले दलालले क्यानडा र अमेरिका पठाउने भन्दै दुबई ल्याएर सम्पर्कविहीन भएको गुनासो आउन थालेको छ,' उनले भने। युवाहरू लाखौं रकम भुक्तानी गरी अमेरिकी सपना बोकेर युएईमा अलपत्र परेका छन्।

■ श्रम स्वीकृतिविना पठाउनेलाई सात वर्षसम्मको जेल

नेपाल सरकारको अनुमतिविना वैदेशिक रोजगारीमा पठाउने म्यानपावर व्यवसाय वा दलाललाई अधिकतम पाँच लाख रुपैयाँ जरिवाना र सात वर्षसम्मको जेल सजाय हुने अधिवक्ता सोम लुइँटेलले बताए।

वैदेशिक रोजगार ऐन, २०६४ अनुसार नेपाल सरकारको अनुमति लिएका म्यानपावर व्यवसायीले मात्रै नेपाली श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउन सक्नेछन्। त्यस्तै, वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति नलिईकन कुनै पनि मुलुकमा रोजगारीका लागि जान पाइनेछैन। यदि ऐनविपरीत काम गरेमा त्यसैलाई ठगी मानिने अधिवक्ता लुइँटेलले बताए।

वैदेशिक रोजगार ऐन, २०६४ अनुसार दफा ४३ मा इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाइने व्यवस्था छ। यदि कसैले वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुट्ठो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको ५० प्रतिशत हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराइनेछ।

साथै, पीडकलाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ। विदेश पठाइनसकेको भए सो सजायको आधा सजाय हुनेछ।

त्यस्तै, सोही ऐनको दफा ४४ अनुसार भने इजाजतपत्रवालाले स्वीकृति नलिई कामदार पठाएमा वा प्रलोभन देखाई रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको ५० प्रतिशतले हुने रकम भराइनेछ। त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ। साथै, त्यस्तो इजाजतपत्रवालाको इजाजतपत्रसमेत रद्द हुनेछ।

ऐनबमोजिम युएईमा पुगेका नेपाली श्रमिकले युएईका लागि मात्रै श्रम स्वीकृति लिएका हुन्छन्। युरोपियन मुलुकका लागि भने नेपाल सरकारबाट अनुमति लिएका हुँदैनन्। त्यस्तै, युएईमा सक्रिया व्यवसायी वा दलालले पनि सरकारबाट अनुमति पाएका हुँदैनन्। त्यसैले यसरी युएईबाट श्रमिकलाई युरोपियन मुलुकमा पठाउने कार्यलाई ऐनअनुसार ठगी मानिन्छ।

नेपालका म्यानपावर कम्पनीले अवैधमा रूपमा युएईमा कन्सल्टेन्सी सञ्चालन गरेका छन्। युएईमा नेपाली सञ्चालन गरेका ट्राभल एजेन्सीले पनि अवैध रूपमा नेपाली युवालाई युरोप पठाउने गरेका छन्।

विशेष गरी युएईको दुबई, आबुधाबी र सारजहाँमा यस्ता खालका गतिविधि हुने गरेका छन्। यी प्रदेशमा नेपाली युवाको संख्या धेरै भएकाले दलालहरूले यो क्षेत्रलाई अखडा बनाएका हुन्। यसरी करिब १० हजार युवा युरोपका विभिन्न मुलुकमा पुगेको अनुमानित आँकडा छ।

आइएमई लाइफ इन्स्योरेन्सको सेयर रजिस्ट्रार ग्लोबल आइएमई क्यापिटल

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्सले कम्पनीको सेयर रजिस्ट्रारसम्बन्धी कार्य गर्न ग्लोबल आइएमई क्यापिटललाई सेयर रजिस्ट्रारमा नियुक्त गरेको छ। सोसम्बन्धी सम्झौतापत्रमा बिमा कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत कवि फुँयाल र क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत पारसमणि ढकालले हस्ताक्षर गरेका छन्। कम्पनीले मिति २० असार ०७४ मा नेपाल बिमा प्राधिकरण (तत्कालीन बिमा समिति)बाट जीवन बिमाको कार्य गर्ने इजाजतपत्र गरी मिति १ साउनदेखि बिमा व्यवसाय गर्दै आएको छ। हाल कम्पनीको अधिकृत पुँजी ५०० करोड तथा जारी तथा चुक्ता पुँजी ४०० करोड रुपैयाँ रहेको छ।

चालू आर्थिक वर्षको तेस्रो त्रैमाससम्म कम्पनीले दुई अर्ब ९८ करोड ५८ लाख कुल बिमा शुल्क कमाएको छ। साथै, सोही अवधिसम्ममा कम्पनीको जगेडा कोषमा एक अर्ब १० करोड पाँच लाख सञ्चित रहेको छ भने जीवन बिमा कोषमा ६ अर्ब सात करोड ७३ लाख रहेको छ। तेस्रो त्रयमाससम्म कम्पनीको खुद नाफा १८ करोड २४ लाख रहेको छ भने यस अवधिसम्म कम्पनीको वार्षिक प्रतिसेयर आम्दानी आठ रुपैयाँ ६९ पैसा र प्रतिसेयर नेटवर्थ एक सय ४३ रुपैयाँ ६७ पैसा रहेको छ।

म्याक्स मनी एसडिएनलाई रेमिट्यान्स कारोबार गर्न रोक

काठमाडौं/ नेपाल राष्ट्र बैंकले मलेसियामा रेमिट्यान्स कारोबार गर्दै आएको म्याक्स मनी एसडिएन बिएचडीलाई रेमिट्यान्स कारोबारमा रोक लगाएको छ। राष्ट्र बैंकले एक सूचना जारी गर्दै बैंक तथा वित्तीय संस्था, विप्रेषण कम्पनी लगायतलाई सो संस्थासँग बाँकी वक्यौता लिनपर्ने भएमा त्यस्तो कारोबार मात्र गर्न निर्देशन दिएको हो।

यसअघि ०७५ मा कम्पनीलाई लगाइएको प्रतिबन्ध गत ०७६ मा खोलिएको थियो। प्रतिबन्ध खोल्दा राखिएका शर्तहरूको पालना नगरेको भन्दै राष्ट्र बैंकले वक्यौता लिने बाहेकका कारोबार नगर्न रोक लगाइएको हो।


सात नयाँ ब्रोकरले सुरु गरे सेयर कारोबार

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्जबाट लाइसेन्स पाएका सातवटा नयाँ ब्रोकर कम्पनीले सेयर खरिद-बिक्री सुरु गरेका छन्। बिहीबार सातवटा ब्रोकर कम्पनीले सेयर खरिद गरेर कारोबार आरम्भ गरेका हुन्। नयाँ ब्रोकर कम्पनीले कारोबार गरेसँगै १५ वर्षदेखिका ५० ब्रोकरले गर्दै आएको सेयर कारोबारको एकाधिकार तोडिएको छ।

कारोबार आरम्भ भएसँगै ब्रोकरको संख्या ५७ पुगेको छ। नयाँ ब्रोकरमध्ये क्यापिटल म्याक्स सेक्युरिटिजले ६२ नम्बर, प्रोपर्टी विजार्डले ६७, हिमालयन ब्रोकरेजले ६३, भोले गणेश सेक्युरिटिजले ६१, सन सेक्युरिटिजले ६४, सेयरप्रो सेक्युरिटिजले ६५ र मियो सेक्युरिटिजले ६६ नम्बर भएर कारोबार गरेका छन्।

नयाँ ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले औपचारिक रूपमा मात्र काम सुरु गरिएको र आइतबारबाट ठूलो संख्यामा कारोबार हुने बताए। नयाँ ब्रोकर कम्पनीहरूले साबिक ब्रोकरभन्दा प्राविधिक रूपले नयाँ गर्ने बताउँदै आएका छन्। कारोबार राफसाफदेखि व्यक्तिगत विवरणसम्म लगानीकर्तालाई सहजीकरण गर्ने नयाँ ब्रोकरहरूको अठोट रहँदै आएको छ। मियो सेक्युरिटिज प्रालिका सञ्चालक आशिष रानाभाटले बिहीबारको



कारोबार ऐतिहासिक भएको र लगानीकर्ताको हकमा धेरै काम गर्ने तयारी रहेको बताए। उनले भने, 'ठूलो संघर्षपछि लाइसेन्स पाएका छौं, लगानीकर्ताले दिएको जिम्मेवारीलाई पूरा गर्छौं।'

नयाँ ब्रोकर एसोसिएनका अनुसार मार्जिन ल्यान्डिङदेखि ब्रोकरहरूले लगानीकर्ताका लागि नयाँ स्किम ल्याउने तयारी गरेको छ। नयाँ ब्रोकरले साना बालबालिकाका हकमा सीमित सेयर छुट्याएर विनाकमिसन कारोबार गराउनेलगायतका स्किम ल्याउने तयारी छ। धितोपत्र बोर्डबाट हालसम्म १८ ब्रोकर कम्पनीले लाइसेन्सको अनुमति पाएकोमा पहिलो चरणमा पाएकाले बिहीबारबाट कारोबार सुरु गरेका हुन्। नेप्सेबाट आशयपत्र (एलोआई) पाउने १० ब्रोकर कम्पनी रहेका छन्। नेपाल धितोपत्र बोर्डले आवेदन परेकामध्ये ४३ वटा ब्रोकर कम्पनीलाई आशयपत्र दिएको छ।

■ नयाँ स्टक एक्सचेन्ज नआउँदा नयाँ ब्रोकरलाई चुनौती

धितोपत्र बोर्डले नयाँ स्टक एक्सचेन्ज र नयाँ ब्रोकर संख्या थप्ने धितोपत्रसम्बन्धी नियमावली २०६४ लाई एकैपटक संशोधन गरेर मन्त्रिपरिषद्बाट पास गराएको थियो। तर, मन्त्रिपरिषद्ले नयाँ स्टक एक्सचेन्ज तत्कालै रोकेपछि नयाँ ब्रोकरलाई चुनौती थपिएको हो। नयाँ स्टक आएसँगै कारोबारको संख्या बढ्ने र थप ब्रोकर चाहिने अनुमान थियो। तर, नयाँ स्टक नआउँदा अवश्य पनि हाम्रा लागि चुनौती भएको अध्यक्ष ढकालको भनाइ छ। उनले भने, 'नयाँ स्टक आउँदा हामीलाई स्थापित हुन सहज हुन्थ्यो, तर ढिलोचाँडो आउँछ भन्नेमा विश्वस्त छौं।' अहिले सेयर कारोबार बजारसँगै घट्दो क्रममा छ। पछिल्लो समय ६ महिनादेखि औसत तीन अर्बको कारोबार पनि हुन सकेको छैन। कतिपय ब्रोकरहरू अहिले पनि घाटामा रहेको ब्रोकरहरूको दाबी छ। यस्तो अवस्थामा नयाँ ब्रोकरलाई स्थापित हुन चुनौती भएको एक ब्रोकरले बताए। तर, अहिलेको बजारलाई सेवाबाट प्रभावित बनाएर लगानी कारोबार आफूतिर तान्ने रणनीतिक योजनामा नयाँ ब्रोकरहरू रहेका छन्।

रुपन्देहीका होटेल व्यवसायी घरभाडा र किस्ता तिर्न नसकी पलायन हुँदै

४० अर्बभन्दा बढीको लगानी जोखिममा

भैरहवामा दिपेश पछाई

पर्यटन क्षेत्रमा भविष्य देखेर उत्साहित भएका रुपन्देहीका पर्यटन व्यवसायीहरू अहिले संकटमा छन्। भैरहवामा बन्दै गरेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई लगानी गर्दै आएका होटेल व्यवसायीहरू अहिले घरभाडा र बैंकको किस्ता तिर्न नसक्ने अवस्थामा रहेको होटेल तथा रेस्टुरेन्ट व्यवसायी संगठन रुपन्देहीका अध्यक्ष गणेश बेलवासेले बताए।

उनले भने, 'विमानस्थललाई हेरेर पर्यटन क्षेत्रमा करोडौं लगानी गरेका व्यवसायीहरू एक वर्षदेखि निरुत्साहित छन्।' विमानस्थल नियमित सञ्चालनमा आएपछि अवस्था सुधिने आशामा नोक्सान हुँदाहुँदै पनि कुरेर बसेका व्यवसायीहरू एक वर्षको विमानस्थल सञ्चालनको अवस्था हेर्दा पलायन हुन थालेको उनले बताए।

अहिले भैरहवाको मेडिकल कलेज, आँखा अस्पताल, बुद्धचोक, लुम्बिनी रोडलगायतका क्षेत्रमा रहेका दुई दर्जन होटेलहरू बन्द भइसकेको उनको भनाइ छ।

०७१ माघमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ०७४ पुस मसान्तभित्र सम्पन्न भइसक्नुपर्ने थियो। यही आधारमा रुपन्देहीका पर्यटन व्यवसायीहरूले लगानी बढाउँदै लगेका थिए।

भूकम्प, मधेस आन्दोलन, कोरोना आदिका कारण समयमै पूरा हुन नसकेको विमानस्थल ०७९ जेठमा सम्पन्न भएर



तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरे। ०७१ देखि ०७९ सम्मको आठ वर्ष लामो अवधिमा पर्यटन व्यवसायीहरूले जसोतसो धान्दै आएका थिए। विमानस्थल सञ्चालनमा आएसँगै आठ वर्षको पीडा समाधान हुने आसमा थिए। २ जेठ ०७९ मा विमानस्थल उद्घाटन भएलगत्तै पर्यटन व्यवसायीहरू उत्साहित भए। तर, व्यवसायीहरूको त्यो उत्साह धेरै टिक्न सकेन। देशमा देखिएको आर्थिक मन्दी र विमानस्थल नियमित सञ्चालन हुन नसकेपछि अहिले पर्यटन व्यवसायीहरू निराश छन्। निर्माणाधीन ठूला होटेलहरूले निर्माण रोकेका छन्। केही ठूला होटेलहरू बिक्रीमा छन्। केहीलाई बैंकले लिलाम सकारेको छ। केही पर्यटन व्यवसायीहरू लगानीकर्ता थपेर भए पनि पर्खिने अवस्थामा पुगेको सिद्धार्थ होटेल एसोसिएसनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले बताए।

■ किस्ता तिर्न नसक्दा १५ भन्दा बढी व्यवसायीको धितो लिलामी

१५ भन्दा बढी पर्यटन व्यवसायीहरूले लगानी गरेका होटेलहरू अहिले बैंकले आफ्नै बनाइसकेको छ। नियमित किस्ता तिर्न नसक्दा रुपन्देहीको भैरहवा र लुम्बिनी क्षेत्रका चारदेखि २५ करोडसम्म लगानी भएका होटेलहरू लिलामी भएका हुन्।

सिद्धार्थ होटेल एसोसिएसन सानका अध्यक्ष श्रेष्ठले भने, 'गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई आधार मानेर निर्माण गरिएका र निर्माणाधीन अवस्थामा रहेका ४० अर्बभन्दा बढीका होटेलको लगानी अहिले उच्च जोखिममा रहेको छ।' यो अवस्था अझै एक वर्ष रहे अधिकांश होटेलहरू किस्ता तिर्न नसकेर बैंकले सकार्ने अवस्थामा पुग्ने श्रेष्ठले बताए। व्यवसायीहरू टाट पल्टिसकेको अवस्था छ। इज्जत छोप्नका लागि मात्र जसोतसो ऋण खोजेर बैंकको किस्ता तिर्न बाध्य भएको होटेल तथा रेस्टुरेन्ट व्यवसायी संगठनका अध्यक्ष पीताम्बर न्यौपानेले बताए।

रुपन्देहीमा स्तरीय होटेल ८९ वटा रहेका छन्। २१ वटा बन्दै गरेका छन्। ४० अर्बको लगानी पूर्ण जोखिममा छ। ९५ प्रतिशत व्यवसायीले बैंकबाट ऋण लिएर काम गरेका छन्।

जितु नेपाल सिटी एक्सप्रेसको ब्रान्ड एम्बासडर नियुक्त



काठमाडौं/ सिटी एक्सप्रेस मनी ट्रान्सफरले १७औं वर्षमा प्रवेश गरेको अवसरमा हास्य कलाकार जितु नेपाललाई ब्रान्ड एम्बासडरमा नियुक्त गरेको छ। कम्पनीका प्रबन्ध निर्देशक चन्द्र टन्डन र कलाकार नेपालले बुधबार काठमाडौंमा आयोजित एक विशेष कार्यक्रमबीच सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

मनी ट्रान्सफरले १७औं वार्षिकोत्सवकै उपलक्ष्यमा 'रक्तदान गर्नुहोस्, जीवन दान पाउनुहोस्' भन्ने मूल नाराका साथमा खुला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। आन्तरिक विप्रेषणअन्तर्गत सिटी एक्सप्रेसका देशभर १५ हजारभन्दा बढी भुक्तानी केन्द्रहरू रहेका छन्।

मध्यभोटेकोसीको प्रसारण लाइन निर्माणमा अवरोध

सिन्धुपाल्चोकमा रामकृष्ण थापा

नेपाल विद्युत् प्राधिकरण र चिलिमे जलविद्युत् कम्पनीले प्रवर्द्धन गरेको एक सय दुई मेगावाटको मध्यभोटेकोसी जलविद्युत् आयोजनाको प्रशारण लाइन जडानमा स्थानीयले विरोध गरेका छन्। बाह्रबिसे नगरपालिका-४ मा निर्माणाधीन चार सय केभी पावरको सबस्टेसनसम्म जोड्न आयोजनाले वडा नं ३, ४ र ५ को बाटो प्रयोग गर्दा स्थानीयले विरोध गरेका हुन्।

विनासूचना आफूखुसी टावर निर्माण गरेर तार जडान सुरु गरेका कारण विरोध गर्नुपर्ने अवस्था आएको प्रभावित क्षेत्रका स्थानीय बुद्धराज बस्नेतले बताए। उनले भने, 'मनोमानी ढंगले तार टाँग्न सुरु गरेपछि हामीलाई विरोध गर्नैपर्ने बाध्यता आइलाग्यो।' मध्यभोटेकोसी जलविद्युत् कम्पनी महाराजगन्ज काठमाडौंबाट पत्र लेखेर प्रसारण लाइनको दायाँ-बायाँ १५-१५ मिटर क्षेत्रमा पर्ने जग्गाधनीलाई क्षतिपूर्ति लिन कम्पनीको कार्यालयमा आउन भनिएको छ। कम्पनीले पठाएको पत्रमा कुनै मापदण्ड उल्लेख छैन। यसरी मनोमानी ढंगले क्षतिपूर्ति दिने पत्र थमाइएको भन्दै स्थानीय विरोधमा उत्रेका हुन्। विनासूचना खेतमाथि टावर बनाएर तार जोड्न थालेपछि स्थानीय बलदेव कार्कीले तार नै काटिदिएका थिए। तार काटेको थाहा पाएपछि आयोजनाका कर्मचारी आएर उनलाई १६ लाख क्षतिपूर्ति दिने बताएका छन्।

प्रसारण लाइनबाट प्रभावित एक सय २४ घरधुरी कसैलाई पनि तार टाँग्नेबारे पूर्वसूचना दिइएन। सबै पक्ष बसेर मुआब्जाबारे मापदण्ड बनाउने पूर्वसहमति लत्याएर एकाएक पत्र आउन थालेको बाह्रबिसे नगरपालिकाका मेयर बालकृष्ण बस्नेतले बताए। उनले भने, 'राष्ट्रिय गौरवको आयोजना हो। हामीले नकारात्मक प्रभाव पार्ने गर्नुहुन्न। तर, आयोजनाले स्थानीय सरकारलाई बेवास्ता गरेर प्रभावित क्षेत्रका जनतालाई पेल्न मिल्दैन।' मध्यभोटेकोसी जलविद्युत् कम्पनीले बाह्रबिसे ५, ६, ७, ८ लाई प्रभावित क्षेत्र घोषणा गरेको छ। तर, प्रसारण लाइन पर्ने ३ र ४ लाई प्रभावित क्षेत्र भनेको छैन। स्थानीय संघर्ष समितिले ती दुवै वडालाई प्रभावित क्षेत्र घोषणा नगरेसम्म प्रसारण लाइन अघि बढ्न नदिने बताएका छन्। समितिका संयोजक बुद्धराज बस्नेतले मापदण्ड निर्धारण नगरी मनोमानी ढंगले क्षतिपूर्ति लिन आऊ भन्नु नियमसंगत नभएको बताए।

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/२९ गते)

यस **पोखरा मणिपाल शिक्षण अस्पताल,** फूलबारी पोखरामा, अस्पताल भवनको चौथो तल्लामा आधुनिक उपकरण समेत जडान गरी ६० शैयाको आई.सि.यु. (ICU, Intensive Care Unit) कक्ष बनाउनु पर्ने भएकोले, आवश्यक निर्माण, पुनर्निर्माण तथा अन्य कार्य गर्न, यस अघि यस्तै प्रकारका कार्य गरिसकेका अनुभवी तथा इच्छुक इजाजत प्राप्त मु.अ. करमा दर्ता भएको संस्था, फर्म वा कम्पनीहरुले मिति २०८०/०४/०५ गतेसम्म पोखरा मनिपाल शिक्षण अस्पतालको Purchase Department बाट Tender Copy बुझी मिति २०८०/०४/१२ गते दिन को ४ बजेसम्म पोखरा मणिपाल शिक्षण अस्पताल प्रशासनको कार्यलयमा जम्मा गर्नुहुन, यो सूचना प्रकाशित गरिएको छ।

Quotations स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मणिपाल एजुकेशन एण्ड मेडिकल ग्रुप (नेपाल) प्रा.लि.मा सुरक्षित रहने छ।

यस सम्बन्धमा अन्य जानकारीको लागि, यस संस्थाको जनरल सर्भिसस शाखा वा प्रशासन शाखाको मोवाईल नं ९८०२८०४००९ मा सम्पर्क गर्न सकिने छ।

पोखरा मणिपाल शिक्षण अस्पताल
फूलबारी, पोखरा

ग्लोबल आइएमई बैंक लिमिटेडको
तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०३/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

हेटौंडा-बि शाखा, मकवानपुर

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १४०४४९/०७४/७५ अन्तर्गत मिति २०७४/११/२७ मा दर्ता कायम भएको **चौधरी एण्ड चौधरी सप्लायर्स** फर्म दर्ता ठेगाना : हेटौंडा उ.म.न.पा.- ५, मकवानपुर स्थायी लेखा नं. ६०७६११२९६, मिति २०७४/११/३० **प्रोप्राइटर : महेश प्रसाद चौधरी** ना.प्र.नं. ३२-०१-७३-००५८२ जारी मिति २०७३/०१/२१ जि.प्र.का. रौतहट बाबुको नाम : राम नारायण साह बाजेको नाम : छत्रधारी साह स्थायी ठेगाना : बडहर्वा - २, रौतहट **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**राम नारायण साह** ना.प्र.नं. २१३०५ जारी मिति २०३६/०१/२३ जि.प्र.का. रौतहट बाबुको नाम : छत्रधारी साह बाजेको नाम : लगन साह स्थायी ठेगाना : बडहर्वा - २, रौतहट

पानीपोखरी शाखा, काठमाडौं

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, विपुरेश्वर, काठमाडौंमा दर्ता नं. १४८३५३/७२/०७३, अन्तर्गत मिति २०७३/०१/१४ मा दर्ता कायम भएको **रोल्पा यातायात प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : लिवाङ्ग न.पा. - ७, रोल्पा
स्थायी लेखा नं. ६०४२५००२७ मिति २०७३/०१/२३
संचालक अध्यक्ष : मिलन पुन
ना.प्र.नं. ५४१०२८/१७ जारी मिति २०६४/०२/२९ जि.प्र.का. रोल्पा
बाबुको नाम : दिपेन्द्र कुमार पुनमगर
बाजेको नाम : सर्वजित पुन मगर
स्थायी ठेगाना : कोर्चाबाङ्ग - ९, रोल्पा
कर्जा शिर्षक : सवारी साधन कर्जा

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

दीनेश रोका ना.प्र.नं. ६८४०/५४१०३१/१०३१२ जारी मिति २०५३/०४/१७ जि.प्र.का. रोल्पा बाबुको नाम : सुर्य बहादुर रोका बाजेको नाम : मन्जीत रोका स्थायी ठेगाना : थवाङ - ६, रोल्पा	**चित्र बहादुर घर्तिमगर** ना.प्र.नं. ६८९०/५४१०२७/६३११ जारी मिति २०५१/०५/२२ जि.प्र.का. रोल्पा बाबुको नाम : देविराज घर्ती बाजेको नाम : तुलविर घर्ती स्थायी ठेगाना : जंकोट - ४, रोल्पा
प्रनिश पुनमगर ना.प्र.नं. : ५४१०२७/२८८ जारी मिति २०६५/१२/३० जि.प्र.का. रोल्पा बाबुको नाम : इखंराम पुनमगर बाजेको नाम : मेहल पुनमगर स्थायी ठेगाना : जंकोट - १, रोल्पा	**बिबेक मान रोका** ना.प्र.नं. १४७/३४८४ जारी मिति २०५०/०१/०४ जि.प्र.का. रोल्पा बाबुको नाम : जगवहादुर रोका बाजेको नाम : इखं रोका स्थायी ठेगाना : थवाङ - १, रोल्पा
रत्न महरा ना.प्र.नं. ५४१०२२/१५४ जारी मिति २०६५/०५/०३ जि.प्र.का. रोल्पा बाबुको नाम : जोख बहादुर महरा बाजेको नाम : खल बहादुर महरा स्थायी ठेगाना : गजुल - २, रोल्पा	

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

डाढी ग्रुप पावर लि.
केन्द्रिय कार्यालय, काठमाडौं
फोन नं. : ०१-५७०५६०८

विशेष साधारण सभा सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०३/२९

श्री शेयरधनी महानुभावहरू,

मिति २०८०/०३/२७ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम डाढी ग्रुप पावर लि.को विशेष साधारण सभा निम्न बमोजिम बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरूका समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान र समय

स्थान : लर्ड पार्टी भेन्यु, धुम्बाराही, काठमाण्डौं।
मिति : २०८०/०४/१४ गते आइतबार (तद्नुसार जुलाई ३०, २०२३)
समय : विहान १०:०० बजे।

छलफलका लागि प्रस्तावित विषयहरू :

(१) कम्पनीको साधारण सभामा पेश गर्न विद्युत नियमन आयोगबाट प्रस्ताव स्विकृत भए बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु.१,८५,१२,७९,२२२/५० को १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने ।
(२) कम्पनीको ठेगाना परिवर्तन गर्न र पूँजी बृद्धि गर्न प्रवन्ध पत्र, नियमावलीमा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने।
(३) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेर बदल वा सुझाव आएमा आवश्यक संशोधन का लागि संचालक समितिलाई अख्तियारी दिने।
(४) कम्पनीले गरेका लगानीहरू तथा ऋण भुक्तानी सम्बन्धमा।
(५) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी थप जानकारी

१. विशेष साधारण सभालाई ध्यानमा राखी मिति २०८०/४/४ गते बिहीबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिकाबन्द रहने छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरूले मात्र कम्पनीको विशेष साधारण सभामा भाग लिन सक्नेछन्।
२. विशेष साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ।
३. शेयरधनी महानुभावहरूको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ९:३० वजे देखि खुल्ला रहनेछ।
४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्तगर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन।
५. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ। तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ।
६. प्रतिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ।
८. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ।

निर्वाचनकेन्द्रित 'नवीन राप्रपा' : एक वर्षमा दुई लाख सदस्य थप्ने लक्ष्य

अनिल यादव/नयाँ पत्रिका

आसन्न निर्वाचनमा ठूला तथा नयाँ राजनीतिक शक्तिसँग सामना गर्ने लक्ष्यसहित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रापा)ले पार्टी संगठनको कार्यशैलीमा व्यापक सुधारको नीति अघि सारेको छ। आफूलाई जनतामाझ 'नवीन राप्रपा'का रूपमा स्थापित गर्न उसले २१बुँदे कार्ययोजना सार्वजनिक गरेको छ।

कार्ययोजनामा आफूलाई नवीन राप्रपाका रूपमा स्थापित गरेर एक वर्षमा दुई लाख सक्रिय सदस्य पुऱ्याउने लक्ष्य छ। कार्ययोजनाका केही बुँदा आक्रामक शैलीमा संगठन विस्तारमा होमिएको राष्ट्रिय स्वतन्त्र पार्टीसँग मिल्छन्। अनलाइनबाट पार्टी सदस्यता, पार्टीमा युवा जिम्मेवारीदेखि प्राइमरी इलेक्सनबाट उम्मेदवार चयनसम्म बुँदाहरू रास्वपाबाट प्रभावित देखिन्छन्।

बिहीबार राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले सार्वजनिक गरेको कार्ययोजनामा अब राप्रपामा काम नगरी नेता हुन नपाउने उल्लेख छ। अध्यक्ष लिङ्देनका अनुसार एकैपटक करिब नौ सयजना नेतालाई एकसाथ संगठन विस्तारमा खटाइएको छ। जसमा केन्द्रीय नेतादेखि प्रदेश, जिल्लास्तरीय र जनवर्गीय संगठनका प्रतिनिधिसम्म छन्। उनीहरूलाई एकसाथ सात सय ५३ वटै स्थानीय तह र ६ हजार सात सय ४३ वटै वडा तथा प्रवासमा समेत यो जिम्मेवारी तोकिएको कार्ययोजनामा उल्लेख छ।

लिङ्देनका अनुसार यसरी भूगोलमा जिम्मेवारी प्राप्त नेताहरूले आफूलाई तोकिएको भूगोलमा ६ महिनासम्म तोकिएअनुसारको संगठन विस्तार र सुदृढीकरणका काम गर्नुपर्नेछ। संगठन विस्तारमा खटाइएका नेताको जिम्मेवारी वडा तहसम्म पुगेर राजसंस्था, हिन्दूराष्ट्र र संघीयतासँग सम्बन्धित पार्टीको अवधारणालाई जनतासमक्ष पुऱ्याउने, भ्रष्टाचार र भ्रष्टाचारविरुद्ध पार्टीको अवधारणालाई प्राथमिकताका साथ राख्ने, पार्टी प्रवेश तथा छोराछोरी पुस्तालाई राप्रपामा जोड्ने विशेष अभियान सञ्चालन गर्ने र स्थानीय पार्टी कार्यकर्तालाई सामाजिक क्रियाकलापमा परिचालन गराउने छ।

भूगोलकेन्द्रित जिम्मेवारीमा रहेका नेता तथा विभिन्न तहका कार्यसमितिका क्रियाकलापको समन्वय तथा अनुगमनका लागि सातवटै प्रदेशमा संयोजक तथा सहसंयोजक तोकिएको छ। अध्यक्ष लिङ्देनसहित पदाधिकारी तहका नेताहरूसम्मलाई भूगोलकेन्द्रित विशेष जिम्मेवारी दिइएको छ। जसअनुसार लिङ्देनलाई धरान उपमहानगरपालिका खटाइएको छ।

उपाध्यक्षहरू बुद्धिमान तामाङलाई सर्लाहीको गोडौता, चक्रघट्टा, रामनगर, विक्रम पाण्डेलाई चितवनको भरतपुर महानगरपालिकाको १ देखि १५ वडासम्म, ध्रुव प्रधानलाई नवलपरासी पश्चिमको रामग्राम र प्रतापपुर, रोशन कार्कीलाई ललितपुर महानगरपालिकाको वडा १३, १४, १५, १७, २०, १८ र २५, हेमजंग गुरुङलाई काठमाडौंका टोखा नगरपालिकाको वडा २, ३, ४, ५, ६, ७ तथा काठमाडौं महानगरको वडा २, ३, ४, ५, मुकुन्दश्याम गिरीलाई सुर्खेतको वीरेन्द्रनगरपालिका, उद्धव पौडेललाई मोरङको विराटनगर महानगरपालिका र प्रवक्ता मोहन श्रेष्ठलाई गोरखाको सहिद लखन गाउँपालिका र भीमसेन थापा गाउँपालिका तोकिएको छ।

अध्यक्ष लिङ्देनले यसअघि कुनै पनि राजनीतिक दलहरूले यसरी केन्द्रीय तहका शीर्ष नेताहरूलाई वडासम्म नखटाएको बताए। 'सम्भवतः यसमा राप्रपा पहिला नै हुनुपर्छ, जसले केन्द्रीय तहका शीर्ष नेतालाई वडास्तरमै संगठन विस्तारमा पठाउने भएको छ,' उनले भने, 'पहिले पहिले केन्द्रीय नेताहरूलाई जिल्लामा तोकिन्थ्यो, उनीहरू जिल्ला तहको कुनै कार्यक्रममा सहभागी हुन जान्थे। तर, हामीले ६ महिनासम्म खटाइएको भूगोलमा अनिवार्य जोडिनुपर्ने भनेका छौं।'

■ डिजिटल राप्रपा

राप्रपाले अब विद्युतीय माध्यमबाटै पार्टीको साधारण र सक्रिय सदस्य लिन सकिने व्यवस्था गरेको छ। 'राप्रपाको सदस्यता अब फोनबाट लिन सकिनेछ,' अध्यक्ष लिङ्देनले भने, 'अब अनलाइनबाटै पार्टीको साधारण, सक्रिय सदस्य बन्न सकिने व्यवस्था गरिएको छ। पुरानो सदस्यताको नवीकरण पनि अनलाइनबाटै गर्न सकिनेछ। आर्थिक सहयोग गर्न इच्छुकले 'डिजिटल पेमेन्ट सिस्टम'मार्फत गर्न सक्नेछन्।

तोकिएको भूगोलको जिम्मेवारीमा नजाने नेता स्वतः पदीय जिम्मेवारीबाट मुक्त हुने कार्ययोजनामा उल्लेख छ। भूगोलकेन्द्रित जिम्मेवारीमा रहेका नेताहरूले आफ्नो दैनिक क्रियाकलाप विद्युतीय माध्यमबाट सचिवालयमा नियमित रूपमा पेस गर्नुपर्ने बताइएको छ। लिङ्देनका अनुसार ६ महिनापछि भूगोलको जिम्मेवारी हेरफेर हुनेछ।

आफूलाई नवीन राप्रपाका रूपमा स्थापित गरेर एक वर्षमा दुई लाख सक्रिय सदस्य पुऱ्याउने राप्रपाको लक्ष्य छ। यसका लागि जिम्मेवारीमा रहेका सबैलाई एकबाट तीन सदस्यता अभियान सञ्चालन गर्ने कार्ययोजनामा उल्लेख छ।

कार्ययोजनाको पहिलो बुँदामै ६ महिनाभित्रमा पार्टीको सबै तहमा ३३ प्रतिशत महिलाको संख्या सुनिश्चित गरिने उल्लेख छ। युवा सहभागिता पनि प्राथमिकतामा छ। 'पार्टीको सबै तहमा ४० वर्षसम्मका युवाहरूको अनिवार्य सहभागिताको व्यवस्था मिलाउन केन्द्रीय कार्यसमितिमा ४० तथा कार्यसम्पादन समितिमा कम्तीमा सातजना विभिन्न प्रक्रियाबाट अनिवार्य ४० वर्षसम्मका युवाहरूको प्रतिनिधित्व गराइनेछ,' कार्ययोजनामा उल्लेख छ। लिङ्देनले राप्रपालाई अब कार्यशैली र सोचका दृष्टिकोणले नवीन राप्रपाको रूपमा जनताको माझमा स्थापित गरिने लक्ष्य लिएको बताए।

सात राजदूत...

पृष्ठ १ बाट क्रमशः

समाप्त भएर राजदूतहरू फर्केपछि सरकारले नियुक्तिको तयारी गरेको हो।

राजदूतहरूको सिफारिस गरेपछि संसदीय समितिले उनीहरूको सुनुवाइ गर्ने र समितिको स्वीकृतिपछि राष्ट्रपतिबाट राजदूत नियुक्त हुने व्यवस्था छ। राजदूतहरूलाई सम्बन्धित देशबाट एग्रिमो (स्वीकृति) प्राप्त भएपछि राष्ट्रपतिले पद तथा गोपनीयताको शपथ खुवाउनेछन्।

चारवर्षे कार्यकाल पूरा गरेका सातै राजदूत परराष्ट्र मन्त्रालयका सहसचिव (करिअर डिप्लोम्याट) हुन्। परराष्ट्रमा राजदूतका लागि सहसचिवहरू लोकबहादुर थापा, धनबहादुर ओली, रामप्रसाद सुवेदी, सुधीर भट्टराई, तेजबहादुर क्षेत्री, घनश्याम लम्साल, प्रकाशमणि पौडेललगायत दाबेदार छन्। परराष्ट्रसचिव भरतराज पौड्यालले न्युयोर्कस्थित नेपाली स्थायी प्रतिनिधिका लागि सिफारिस गर्ने सरकारको तयारी छ। उनको नाम सिफारिस भएपछि परराष्ट्रमा वरीयताका आधारमा सहसचिव सेवा लम्साल परराष्ट्रसचिव हुने बाटो खुल्नेछ। परराष्ट्रका अनुसार ३२ देशमा नेपालका ३९ आवासीय कूटनीतिक नियोग छन्। नेपालका सबै महादेश, सबै शक्तिराष्ट्र, विकास साझेदार मुलुक, श्रम गन्तव्य मुलुकमा दूतावास छ। दक्षिण एसियामा अफगानिस्तान, भुटान र माल्दिभ्समा भने नेपालको दूतावास छैन।

९८ प्रकारका...

पृष्ठ १ बाट क्रमशः

अनुमानित खपतअनुसार माग गरेका थियौं। बल्ल असारमा आएको छ, तर एक वर्षका लागि थोरै मात्र औषधिले पुग्दैन। अहिले सिटामोल, बेटाडिनजस्ता सामान्य औषधि पनि नभएर बिरामीलाई बाहिर पठाउनुपर्ने अवस्था छ।'

काठमाडौं- ३० को सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा महानगरले ८८ प्रकारका औषधि उपलब्ध गराए पनि पर्याप्त नभएको बताउँछिन्- केन्द्र प्रमुख डा. आरती शाह। 'महानगरले औषधिको संख्या बढाउँदै गइरहेको छ, तर बिरामीको चापअनुसार औषधि सधैं अपुग भइरहन्छ। औषधिको मात्रा बढाइदिन आग्रह गरिरहेका छौं,' उनले भनिन्।

काठमाडौंको टोखा चण्डेश्वरी अस्पतालको अवस्था पनि उस्तै छ। प्रदेश सरकारले वर्षमा एकपटक मात्र थोरै औषधि पठाउने, त्यसमा पनि २०-३० प्रकारका मात्र पठाउँदा समस्या भएको बताउँछन् डा. नवीन दर्नाल। 'वर्षभरिलाई पुग्ने गरी औषधि आपूर्ति छैन। बिरामीको चाप बढी भएकाले पनि निःशुल्क औषधि पर्याप्त हुँदैन,' उनले भने, '९८ प्रकारका निःशुल्क भनिए पनि २०-३० प्रकारका मात्रै उपलब्ध हुन्छ।'

आधारभूत स्वास्थ्य सेवामा आधारित स्तरीय उपचार पद्धति (स्ट्यान्डर्ड ट्रिटमेन्ट प्रोटोकल) अनुसार आधारभूत अस्पताल/प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, जिल्ला र प्रादेशिक अस्पतालबाट ९८ प्रकारका औषधि निःशुल्क पाइने व्यवस्था छ।

उक्त प्रोटोकलले ती ९८ प्रकारका औषधि स्वास्थ्य संस्थामा २४ सै घन्टा उपलब्ध हुनुपर्ने र नभएमा जनस्वास्थ्य सेवा ऐन र नियमावलीअनुसार स्वास्थ्य संस्थालाई कारबाही हुने व्यवस्था छ। तर, स्थानीय तहले औषधि खरिद गरेर पठाउने आधारभूत स्वास्थ्य संस्थादेखि प्रदेशअन्तर्गतका प्रादेशिक अस्पताल कुनैमा पनि निःशुल्क तोकिएका सबै औषधि पाइँदैनन्।

संघले प्रत्येक स्थानीय तह र प्रदेशलाई औषधि खरिदका लागि बर्सेनि रकम विनियोजन गर्दै आए पनि स्वास्थ्य संस्थासम्म औषधि पुग्दैन। स्वास्थ्यचौकी अर्थात् आधारभूत स्वास्थ्य केन्द्रमा ९८ मध्ये ९१ प्रकारका औषधि र प्राथमिक स्वास्थ्य केन्द्र अर्थात् आधारभूत अस्पताल र प्रादेशिक अस्पतालमा ९८ प्रकारकै औषधि निःशुल्क पाइने व्यवस्था छ।

तर, हालसम्म अधिकांश स्वास्थ्य संस्थामा पुरानै प्रोटोकलअनुसार औषधि उपलब्ध गराइरहेको पाइएको छ। स्वास्थ्य चौकीबाट ३५, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५८ र जिल्ला अस्पतालबाट ७० प्रकारका औषधि निःशुल्क वितरण गर्ने पुरानो प्रोटोकल थियो।

■ निःशुल्क औषधिका लागि बर्सेनि निकासा हुन्छ डेढ अर्ब

निःशुल्क औषधि वितरणका लागि भन्दै संघ सरकारले बर्सेनि प्रदेश र स्थानीय सरकारहरूलाई डेढ अर्ब बजेट निकासा गर्दै आएको छ। चालू आर्थिक वर्षमा मात्रै निःशुल्क वितरण गर्ने औषधि खरिदका लागि सरकारले सात सय ५३ स्थानीय तहलाई एक अर्ब ३८ करोड ४५ लाख ६३ हजार र सात प्रदेशलाई १८ करोड ५० लाख गरी एक अर्ब ५६ करोडभन्दा बढी निकासा गरेको थियो। तर, प्रदेशअन्तर्गतका प्रादेशिक अस्पताल र स्थानीय तहअन्तर्गतका आधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, सहरी प्रवर्द्धन केन्द्रलगायतका संस्थामा आवश्यकताअनुसार औषधि उपलब्ध छैनन्।

आगामी आर्थिक वर्ष ०८०/८१ का लागि एक अर्ब ४३ करोड एक लाख विनियोजन गरेको छ। स्थानीय तहका लागि गत वर्षभन्दा दुई करोड ७७ लाख ३७ हजारले रकम बजेट बढाएको छ भने प्रदेशका लागि घटाएको छ। यसअघि ०७८/७९ मा स्थानीय सरकारलाई एक अर्ब ३४ करोड र प्रदेश सरकारलाई १९ करोड गरी कुल एक अर्ब ५३ करोड पठाएको थियो। त्यस्तै, ०७७/७८ मा स्थानीय सरकारलाई एक अर्ब २० करोड ३५ लाख ७६ हजार र प्रदेश सरकारलाई १७ करोड ५० लाख गरी कुल एक अर्ब ३७ करोड तथा ०७६/७७ मा स्थानीय तहलाई एक अर्ब १२ करोड ३८ लाख ५० हजार र प्रदेश सरकारलाई १२ करोड ५० लाख गरी कुल एक अर्ब २४ करोडभन्दा बढी निकासा गरेको थियो।

'नियमन र अनुगमनका लागि छुट्याइएको बजेटबाट वर्षभरिमा बढीमा १० देखि १२ वटा स्वास्थ्य संस्थामा अनुगमन गर्न सकिन्छ। यसबाहेक अनुगमनका लागि पर्याप्त जनशक्तिसमेत नहुँदा सबैतिर समेट्न नसकिएको हो,' आधारभूत स्वास्थ्य सेवा सञ्चालन र नियमन गरिरहेको स्वास्थ्य सेवा विभागअन्तर्गतको उपचारात्मक महाशाखा प्रमुख डा. अनुप बास्तोलाले भने। त्यस्तै, प्रदेश र स्थानीय तहले नै निःशुल्क औषधि खरिद गरेर स्वास्थ्य संस्थामा पठाउने भएकाले समेत केन्द्र सरकारले अनुगमनलाई प्राथमिकतामा नराखेको डा. बास्तोलाले बताए।

प्रदेश र स्थानीय सरकारहरूले भने स्वास्थ्य संस्थाको मागअनुसार उपलब्ध भएको औषधि खरिद गरेर नियमित पठाइरहेको बताउँदै आएका छन्। 'सरकारले निःशुल्क दिने भनिएका औषधिमध्ये बढीमा ८०-८२ प्रकारका मात्र उपलब्ध हुन्छन्। बजारमा उपलब्ध औषधि खरिद गरेर हामीले मागअनुसार ३२ वटै स्वास्थ्य संस्थालाई दिइरहेका छौं,' काठमाडौं महानगरका स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलले भने, 'कतिपय स्वास्थ्य संस्थाले माग नै नगरेको भएमा त्यहाँ औषधि नपाइएको होला।'

■ यी हुन् सरकारले तोकेका निःशुल्क ९८ प्रकारका औषधि

१. **जेन्टामाइसिन** – नवजात शिशुमा हुने संक्रमण तथा निमोनिया
२. **एन्टासिट** – ग्यास्ट्रिक, पेटका जलन
३. **फुरोसेमाइड** – हर्ट फेलियर, मिर्गौलामा समस्या
४. **एम्लोडिपिन** – उक्त रक्तचाप
५. **लोसार्टान** – उच्च रक्तचाप
६. **निफेडिपिन** – उच्च रक्तचाप
७. **बिसिजी खोप** – क्षयरोगविरुद्ध
८. **एस्पिरिन** – शरीर तथा टाउको दुखाइ र माइग्रेन
९. **बेन्जाथिन बेन्जाइलपेनिसिलिन** – बाथ तथा मुटुरोगमा
१०. **सेफिट्रियाकजोन** – कडा इन्फेक्सन, टाइफाइड र निमोनिया
११. **आर्टिमिसिमिन** – मलेरिया
१२. **सेफिक्सिम** – मिर्गौला, पिसाब, घाँटी र फोक्सोमा संक्रमण
१३. **सिप्राफ्लोक्सासिन** – पिसाबको संक्रमण, हैजा, टाइफाइड, ज्वरो
१४. **नाइट्रोफ्युरानटिन** – पिसाब तथा अन्य संक्रमण
१५. **डेक्सामेथासोन** – दम र एलर्जी तथा कमन मेडिसिन
१६. **आइरन ट्याब्लेट** – गर्भवती र रक्तअल्पता हुँदा
१७. **म्याग्नेसियम सल्फेट** – गर्भवती महिलामा उच्च रक्तचाप हुँदा
१८. **मेथाइल्डोपा** – गर्भावस्थामा हुने रक्तचाप
१९. **ग्लिमिपिराइड** – मधुमेह
२०. **मेटफर्मिन** – मधुमेह
२१. **हाइड्रोकर्टिसोन** – दम, एलर्जी, आनाफाइलाक्सिस रियाक्सन
२२. **साल्बुटामोल** – दम
२३. **अक्सिजन** – दम तथा अक्सिजन आवश्यक पर्ने बिरामीलाई
२४. **प्रेड्निसोलोन** – दम, एलर्जी, बाथ हुँदा
२५. **जापानिज इन्सेफ्लाइटिस** – बच्चालाई दिने खोप
२६. **ओआरएस** – झाडापखाला लाग्दा
२७. **नर्मल स्लाइन** – रगतको कमी, पखाला, पानीको मात्रा कमी हुँदा
२८. **पारासिटामोल** – ज्वरो कम गर्न
२९. **भिटामिन ए** – भिटामिनको कमी हुन नदिने पोषण
३०. **भिटामिन बी कम्प्लेक्स** – भिटामिनको कमी पोषण
३१. **भिटामिन के वान** – नवजात शिशुलाई दिने भिटामिन
३२. **सोडियम भाल्पोरेट** – छारेरोगमा
३३. **डक्सिसाइक्लिन** – स्क्रब टाइफस संक्रमण, श्वासप्रश्वासमा समस्या र महिलाको तल्लो पेट दुख्दा
३४. **रिसपेरिडोन** – मानसिक रोगीलाई
३५. **पिसिभी खोप** – निमोनिया
३६. **र्‍यानिटिडिन** – ग्याट्राइटिस हुँदा
३७. **प्यारिडोक्सिन** – टिबीका बिरामीलाई भिटामिन
३८. **फ्लुजेटिन** – मानसिक स्वास्थ्य, डिप्रेसन
३९. **सिप्राफ्लोक्सासिन** – पिसाबको संक्रमण, हैजा, टाइफाइड, ज्वरो आदिमा
४०. **एड्रेनालिन** – एलर्जी, एनाफाइलाक्सिस (रियाक्सन)
४१. **अल्बेन्डाजोल** – जुका पर्दा
४२. **एमिट्रिप्टिलिन** – एन्जाइटी, डिप्रेसन, न्युरोप्याथिक पेन, माइग्रेनलगायत हुँदा
४३. एमोक्सिसिलिन - **घाँटीको संक्रमण**, निमोनिया, पिनास भए
४४. **एम्पिसिलिन** – घाँटीको संक्रमण, श्वासप्रश्वाससम्बन्धी संक्रमण र बच्चामा हुने संक्रमणमा
४५. **आर्टेसुनेट** – कडा मलेरियाले बेहोस हुँदा
४६. **एट्रोपिन** – अर्गानोफस्फोरस पोइजनिङ
४७. **एजिथ्रोमाइसिन** – यौनजन्य र घाँटीको संक्रमण, छाला, पिनास, कान पाकेमा, श्वासप्रश्वासमा संक्रमण, स्क्रब टाइफस, हैजा आदि हुँदा
४८. **कालामिन लोसन** – चिलाउँदा तथा ठेउला आउँदा
४९. **क्यालसियम ग्लुकोनेट** – बर्थिङ सेन्टरमा प्रयोग हुने, अचेत भएका बिरामीलाई आकस्मिक रूपमा सेवा गराउने
५०. **कार्बामाजिपिन** – छारेरोग, न्युरोप्याथिक पेन, माइग्रेनमा
५१. **सेट्रिजिन** – एलर्जी तथा छालाको समस्या
५२. **चारकोल एक्टिभेटेड** – विषादी खाएका बिरामीमा प्रयोग
५३. **क्लोरहेक्सिडिन** – मुख संक्रमण, शिशुको नाभीमा लगाउने मल्हम
५४. **क्लोक्विन** – मलेरिया, बाथ हुँदा
५५. **क्लोट्रिमाजोल** – छालाको संक्रमण, योनिमा संक्रमण तथा फंगल इन्फेक्सन भए
५६. **क्लोब बयल** – दाँत दुख्दा
५७. **क्लोक्सासिलिन** – छालाको संक्रमणमा
५८. **पिल्स** – परिवार नियोजनको साधन
५९. **कोट्रिमोक्साजोल** – छाला, घाँटी, पिसाब संक्रमण भए
६०. **एमडिटी कम्बिप्याक** – कुष्ठरोग
६१. **डेक्सट्रोज** – ग्लुकोज
६२. **डाइजेपाम** – छारेरोग, ब्याकपेन, निद्रा नलागे, एन्जाइटी आदि हुँदा
६३. **डाइक्लोफिन्याक** – अत्यधिक पेन, बाथरोग, जोर्नी र ब्याक पेन
६४. **एफआइपिभी खोप** – पोलीविरुद्ध
६५. **फ्लुकोनाजोल** – योनिमा संक्रमण, छालामा संक्रमण, तल्लो पेट दुखेमा
६६. **फोलिक एसिड** – गर्भावस्था
६७. **जेन्सन भायोलेट** – पोलेको, चोटपटक, टाउकोमा संक्रमण
६८. **एचपिभी खोप** – प्यापिलोमा भाइरस
६९. **एचआरजेडई** – क्षयरोग
७०. **हायोसिन ब्युटोब्रोमाइड** – वाकवाकी, दुखाइ, पेट दुखाइ
७१. **आइबुप्रोफेन** – जोर्नी र मांसपेशी दुखाइ
७२. **लेभोनरजेस्ट्रेल** – परिवार नियोजन, गर्भनिरोधक चक्की
७३. **लिग्नोकाइन** – दुखाइ कम गर्ने
७४. **लिग्नोसाइन विथ एड्रेनालिन** – दाँत निकाल्न प्रयोग हुने एनेस्थेसिया
७५. **मिजल्स रुबेला खोप** – मिजल्स रुबेला
७६. **मेड्रिसप्रोजेस्ट्रोन** – परिवार नियोजन
७७. **मेटोक्लोप्रोमाइड** – वाकवाकी, बान्ता
७८. **मेट्रोनिडाजोल** – आउँ तथा मासी हुँदा
७९. **मिफेप्रिस्टोन** – गर्भपतनमा
८०. **मिजोप्रोस्टल** – उच्च रक्तस्राव
८१. **नियमाइसिन** – छालामा संक्रमण भए
८२. **ओरल पोलियो खोप** – पोलियोविरुद्ध
८३. **अक्सिमेटाजोलिन** – नाक बन्द हुँदा वा रगत बगेमा
८४. **अक्सिटोसिन** – रक्तस्राव रोक्न
८५. **पेन्टाभ्यालेन्ट खोप** – डिप्थेरिया, इन्फ्लुइन्जा बी, टिटानास
८६. **पर्मेथ्रिन** – लुतोमा
८७. **फेनिरमिन** – एलर्जिक रिक्याक्सन
८८. **फेनोबार्बिटल** – छारेरोग
८९. **पोभिड्रिन आयोडिन** – छाला तथा घाउ निसंक्रमण, घाउ सफा गर्ने
९०. **प्राजिक्वान्टेल सोडिएम** – पोइजनिङ
९१. **प्रिमाक्विन** – मलेरिया हुँदा
९२. **रिंगर ल्याक्टेट** – रक्तस्राव, झाडापखालामा
९३. **रोटाभाइरस खोप** – रोटाभाइरस खोप
९४. **सिल्भर सल्फाडियाजिन** – पोलेकोलगायत घाउमा लगाउने मल्हम
९५. **टिटानस डिप्थेरिया** – टिटानसविरुद्ध
९६. **टिटानस टक्साइड** – टिटानसविरुद्ध
९७. **टेट्रासाइक्लिन** – आँखाको संक्रमण
९८. **टिनिडाजोल** – आउँ तथा मासी पर्दा

बाढीले सताउन...

पृष्ठ १ बाट क्रमशः

पाइन्छ कि पाइँदैन, ठेगान छैन। बाढी नआए भित्र्याउन पाइएला, बढी बाढी आए धान नष्ट गरिदिन्छ, मिहिनेत र लगानी खेर जान्छ।' बाढीले नष्ट गरिदिएकाले अघिल्लो वर्षको बर्खे सिजनमा रोपेको धान चौधरीले भित्र्याउन पाएनन्। बर्सेनि बाढी लाग्ने भएकाले करिब डेढ बिघा जमिन बाँझो छोड्ने गरेको उनले बताए।

बसन्ता गाउँकै जितेन्द्र रानाले पनि तीन बिघामध्ये आधा बिघा जमिन बाँझै छाडेका छन्। 'खहरे घुराहा खोला उर्लेर आउँछ, अहिले बाँझो छाडेको खेतमा हिउँदमा गहुँ भने लगाउँछु,' उनले भने। बाँकी खेतमा पनि रोपाइँ सकेदेखि नै बाढी आउला कि भन्ने चिन्ता लाग्न थालेको उनले बताए। 'धानबाली कहिले भित्र्याउन पाइन्छ, कहिले पाइँदैन,' जितेन्द्रले भने, 'बाढीबाट जोगिएला कि भन्ने आसले लगाउन भने छोड्दैनौं।'

कैलालीको भजनी र टीकापुर नगरपालिका तथा कैलारी गाउँपालिका बर्खामा बाढीबाट अत्यधिक प्रभावित हुन्छन्। नदी, खोलामा उर्लेर बाढी आउँदा बस्तीहरू डुबानमा पर्नुका साथै धानबालीमा ठूलो क्षति हुने गरेको छ। बाढीले नष्ट गर्ने भएकाले किसानहरू बर्खामा बाली भित्र्याउन नपाइला कि भन्ने चिन्तामा हुन्छन्। अत्यधिक बाढी लाग्ने ठाउँमा कतिपयले रोप्दैनन्।

यो समस्या कैलालीको दक्षिण-पूर्वी क्षेत्रमा पर्ने भजनी र टीकापुर नगरपालिका क्षेत्रमा अझ बढी छ। भजनी- ३ कुसुमघाटका रमेश बोहराले दुई बिघामध्ये डेढ बिघा खेत बर्खामा बाँझै छोड्छन्। कान्द्रा नदीमा हरेक वर्ष आउने बाढीले धान नष्ट गर्न थालेपछि दुई वर्षयता आधा खेत बाँझै छाड्न थालेको उनले सुनाए।

'आधा बिघामा रोपाइँ गरे। त्यो पनि बाढीबाट जोगिँदैन होला,' बोहराले भने, 'रोपेको धान बाढीले नष्ट गरिदिन्छ, त्यसैले जमिन बाँझै छोड्छौं। हिउँदमा गहुँ लगाउने र चामल किनेर खानुपर्ने बाध्यता छ।' यस क्षेत्रमा कान्द्रा नदीको बाढी र कटानले नदी खेतनजिक पुगेको छ भने नदीको सतह पनि माथि उठेकाले डुबान बढेको छ।

भजनीकै लालबोझीका किसान सन्तराम चौधरीले ठूलो बाढी आउँदा धानबालीमा क्षति हुने गरेको बताए। बाढीले पटान गर्ने र धेरै दिनसम्म खेतमा पानी जमेर धान नष्ट हुने गरेको उनले बताए। 'बाढी आउँदा बाली नष्ट गरिदिन्छ, मिहिनेत सबै खेर जान्छ,' उनले भने, 'नदी, खोलाहरूमा ठूलाठूला ड्याम र तटबन्ध बनाउन सकेको भए यो समस्या केही कम हुन्थ्यो।'

भजनी नगरपालिकाका मेयर केवल चौधरीले बाढीबाट वडा नम्बर ३, ५ र ८ सबैभन्दा बढी प्रभावित हुने गरेको बताए। 'बाढी आएको वर्ष धानबालीमा धेरै क्षति हुन्छ। डुबानले धेरै परिवार विस्थापित पनि हुन्छन्,' नगर प्रमुख चौधरीले भने। नदी कटान र बाढी नियन्त्रणका लागि तटबन्धका ठूला योजना आवश्यक रहेको उल्लेख गर्दै उनले नगरपालिकाबाट त्यो सम्भव नभएको बताए। केही ठाउँमा निर्माण गरिएका जैविक तटबन्धले कटान नियन्त्रणमा सहयोग पुगेको चौधरीले बताए।

कृषि ज्ञान केन्द्र कैलालीका अनुसार कैलालीमा ६९ हजार चार सय हेक्टरमा बर्खे धानखेती हुन्छ। तर, त्यसमध्ये पाँच सय हेक्टर खेतको धानमा हरेक वर्ष बर्खामा आउने बाढीले क्षति गर्छ। 'बाढी आए करिब पाँच सय हेक्टरमा ८० प्रतिशतसम्म क्षति हुन्छ,' कृषि ज्ञान केन्द्र प्रमुख प्रमुख खगेन्द्रप्रसाद शर्माले भने, 'त्यसमध्ये केही क्षेत्रमा किसानले रोपाइँ गर्छन्, केही बाँझै छोड्छन्।' बाढी नआएको वर्ष भने त्यस्तो खेतमा उत्पादन राम्रो हुने गर्छ। बाढीले धान भित्र्याउन नपाएपछि भजनीका किसानले पछिल्लो समय चैतेधान पनि लगाउने गरेका छन्। तर, सिँचाइको अभावले बाढी प्रभावित सबै क्षेत्रमा चैतेधान लगाइँदैन।

२५ वर्षअघि राप्ती नदीले लगेको खेत त फर्कियो, तर धान रोप्न पाइएन

बाँके/ २५ वर्षपहिले राप्ती नदीले कटान गरी बगर बनाएको डुडुवा गाउँपालिका- १ पिप्रहवाका सोहनलाल यादवको एक बिघा जमिन अहिले खेतीयोग्य भएको छ। तर, असार सकिन लाग्दा पनि उनले रोपाइँ गर्ने कि नगर्ने भनेर निश्चित गरिसकेका छैनन्। उनले गत वर्ष खेतमा रोपाइँ गरे, बाली राम्रै थियो। तर, पाकेको धानबाली भित्र्याउन पाएनन्। असोज अन्तिम सातातिर राप्ती नदीमा आएको बाढीले धान बगाएर लग्यो। उनलाई ४०-४६ हजार घाटा लाग्यो। 'अहिले रोपाइँ गरे पनि भित्र्याउन पाइन्छ कि पाइँदैन,' उनले भने, 'त्यही भएर बाँझै छाडेको छु। अब पानी कस्तो पर्छ त्यहीअनुसार गर्नुपर्ला।'

डुडुवा गाउँपालिका- १ छोट्की चौफेरीका छाङ्गुर राँढको कथा पनि उस्तै छ। राप्ती नदीले २५ वर्षअघि खेत कटान गऱ्यो। त्यसको करिब १५ वर्षपछि उनको जमिन भएर बग्ने नदी बिस्तारै पूर्वतर्फ लाग्यो। त्यसपछि उनको जमिन बिस्तारै खेतीयोग्य बन्दै गयो। अहिले उक्त जमिनमा धान रोप्न मिल्ने भएको छ। तर, यस वर्ष धान नरोप्ने मनसाय बनाइसकेका छन्। 'हरेक वर्ष धान रोप्छौं। तर, बाढीले बगाएर लैजान्छ,' उनले भने।

साबिक होलिया, बेतहनी, वनकट्टी र कम्दी गाविसका झन्डै २० हजार बिघा जमिन राप्ती नदीले कटान गरी बगर बनाएको छ। यसमध्ये झन्डै हजार बिघा जमिनमा गहुँ, मसुरो, तोरी र तिल लगाउन थालिएको छ। कतै-कतै धान रोप्न पनि सकिन्छ। नदी किनारको करिब २०-२५ बिघा जमिनमा बगर खेती पनि गरिन्छ। 'हिउँदेबाली खान पाए पनि बर्खेबाली खान पाइने निश्चित हुन्न। तैपनि आशैआशामा धानखेती गर्छौं,' डुडुवा गाउँपालिका- १ टेपरीका रामकुमार बाहुनले भने।

डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्रकुमार चौधरीले राप्ती नदीले खेतीयोग्य जमिन कटान गर्दा किसान मारमा परेको बताए। 'डुडुवाका किसानले पहिले धान बिक्री गर्थे। खेत नदीले बगाएपछि किनेर खान बाध्य भएका छन्,' उनले भने।

नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति : २०८०/३/२५

कम्पनी ऐन २०६३ बमोजिम स्थापना भएको प्रा.लि. नं. २१४४१६ को सावित काष्ठमाण्डप एजुकेशन एण्ड करियर बिल्डिंग सर्भिसेज प्रा.लि. कम्पनीको नाम र ठेगाना का.म.पा.वडा नं. ३१ परिवर्तन भई अब उपरान्त कम्पनीको नाम **काष्ठमाण्डप एजुकेशन सर्भिसेज प्रा.लि., (प्रा.लि. नं. २१४४१६)** र ठेगाना **का.जि.का.म.पा.-२८, बागबजार, काठमाडौं** कायम गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ तथा सावित कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति र दायित्व समेत यसै कम्पनीले सकार गर्ने छ।

हकदावीको सूचना

कोशी प्रदेश, झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. ३ मा बस्ने श्री मान बहादुर विष्टको नाती, श्री रुद्र बहादुर विष्टको छोरा, श्री गरे विष्टको मिति २०७९/०९/२७ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. २४१०५३९०००३०३२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती अम्बिका देवी विष्टले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्

अनुभवी पाकिस्तान ‘ए’सँग खेल्दै नेपाल

इमर्जिङ टिम्स एसिया कपमा अन्तर्राष्ट्रिय क्रिकेटका अनुभवी खेलाडी मोहमद ह्यारिस, अर्सद इक्वाल, कामरान गुलाम र मोहमद वासिम सम्मिलित पाकिस्तानविरुद्ध नेपालले आज खेल्दै

नयाँ पत्रिका
काठमाडौं, २८ असार



इमर्जिङ टिम्स एसिया कप क्रिकेट प्रतियोगितामा शुक्रबार नेपाली राष्ट्रिय क्रिकेट टोलीले पाकिस्तानको ‘ए’सँग खेल्दै छ। एसिया कपमा आठ देश सहभागी छन्। नेपाल मात्र सिंगो राष्ट्रिय टोली पठाएको राष्ट्र हो। यसबाहेक अन्य सहभागीले ‘ए’ टोली पठाएका छन्। युएई र ओमानले युवा खेलाडीलाई अवसर दिन आफ्नो ‘ए’ टोली नै पठाएका छन्। नेपालले आसन्न एसिया कपको तयारीलाई मध्यनजर राखी सिनियर खेलाडीलाई प्रतिस्पर्धा गराउन लागेको हो। दुई महिनापछि श्रीलंकामै एसिया कप हुँदै छ।

श्रीलंकाको मौसम र पिचसँग अभ्यस्त हुन पनि सिनियर खेलाडीलाई नै मौका दिन लागेको मुख्य प्रशिक्षक मोन्टी देसाईले प्रतियोगितामा सहभागी हुनुअघि बताएका थिए। प्रतियोगितामा पाँच टेस्ट राष्ट्र छन्। भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र अफगानिस्तानलाई नै उपाधि दाबेदारीका रूपमा हेरिएको छ।

नेपाल सम्मिलित समूह ‘बी’मा भारत, पाकिस्तान र युएई छन्। नेपाली खेलाडीले इमर्जिङ टिम्स कपमा धेरै एक्सपोजर प्राप्त गर्न सकिने कप्तान रोहितकुमार पौडेलले बताएका छन्। ‘हामीसँग सीमित स्रोत र साधन छ, यस्तो अवस्थामा इमर्जिङ टिम्स कप एउटा अवसर हो,’ उनले भने, ‘सिनियर र युवा खेलाडीले धेरैभन्दा धेरै फाइदा लिनुपर्छ।’ पाँच टेस्ट राष्ट्र सहभागी भइरहेको प्रतियोगिता नेपाली क्रिकेट र खेलाडीको विकासका लागि राम्रो अवसरका रूपमा उनले लिएका छन्। ‘टेस्ट राष्ट्रका ‘ए’ टोलीका खेलाडी पनि राम्रा नै छन्, उनीहरूबाट राम्रो अनुभव लिन सकिन्छ,’ उनले भने, ‘समग्रमा यसले हाम्रो नै विकास गर्छ।’

लक्ष्य एसिया कप

आगामी अगस्ट र सेप्टेम्बरमा श्रीलंकामा एसिया कप हुँदै छ। इमर्जिङको अनुभव एसिया कपमा काम लाग्ने कप्तान रोहितले जनाए। ‘हाम्रो नजरमा यो प्रतियोगिता एसिया कपको तयारी पनि हो,’ उनले भने, ‘यहाँको मौसम र पिचबारे हामीले अहिले नै जानकारी लिँदा एसिया कपमा राम्रो हुने देख्छु।’ एसिया कपको समूह ‘ए’ मा नेपालले पाकिस्तान र भारतसँग प्रतिस्पर्धा गर्नेछ। एसिया कपमा राम्रो नतिजा निकाल्ने उद्देश्यका साथ नै नेपाली टोलीमा सिनियर खेलाडीको बाहुल्यता रहेको उनको भनाइ छ।

श्रीलंकामा सहभागी भएको नेपाली टोलीमा पाँच सिनियर खेलाडी छैनन्। गत साता जिम्बाबेमा भएको एकदिवसीय विश्वकप ग्लोबल छनोटमा उनीहरू सहभागी थिए। नेपाल क्रिकेट संघ (क्यान) ले ज्ञानेन्द्र मल्ल र करण केसीलाई आराम दिएको छ। आरिफ शेखले पारिवारिक कारण नाम फिर्ता लिए। दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछाने ग्लोबल टी-२० लिग खेल्न जाने तयारीमा छन्। सिनियर पाँच खेलाडी टोलीमा नरहँदा पवन सर्राफ, सन्दीप जोरा र देव खनाल, श्याम ढकाल र सूर्य तामाङजस्ता युवा खेलाडीले मौका पाउनेछन्। उनले प्रतियोगितामा सिक्ने अवसर भएको बताए। दुई समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन्। प्रतियोगिताको फाइनल ७ साउनमा हुनेछ

ह्यारिसको कप्तानीमा पाकिस्तान

नेपालविरुद्ध खेल्ने पाकिस्तानको नेतृत्व अन्तर्राष्ट्रिय खेलाडी मोहमद ह्यारिसले गरेका छन्। ह्यारिसले पाकिस्तानको सिनियर टोलीबाट पाँच एकदिवसीय र नौ अन्तर्राष्ट्रिय टी-२० खेल खेलेका छन्। पाकिस्तानले पछिल्लोपटक न्युजिल्यान्डसँगको सिरिज खेल्दा ह्यारिससमेत थिए। यसैगरी, अर्सद इक्वाल, कमारान गुलाम र मोहमद वासिमजस्ता अनुभवी खेलाडी छन्। वासिमले दुई टेस्ट, १४ एकदिवसीय र २७ अन्तर्राष्ट्रिय टी-२० खेल खेलेका छन्। पाकिस्तानले पठाएको टोलीमा सबैभन्दा अनुभवी खेलाडी वासिम नै हुन्।

ह्यारिसले सन् २०२२ को ८ जुनमा वेस्ट इन्डिजविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए। गत वर्ष उनले इंग्ल्यान्डसँगको खेलमा टी-२० मा डेब्यु अवसर पाए। सन् २०२१ मा उनले श्रीलंकाविरुद्ध टेस्टमा डेब्यु गरे। पाकिस्तानी टोलीका सबैभन्दा अनुभवी खेलाडी वासिमले १४ एकदिवसीय खेलमा ५७ रन, २७ अन्तर्राष्ट्रिय टी-२० मा ४५ रन तथा दुई टेस्टमा ५५ रन बनाएका छन्। पहिलो लिस्ट ‘ए’मा एकपटक अर्धशतकीय इनिङ्स खेले। अलराउन्डर भूमिका निर्वाह गर्ने वासिमले टेस्टमा दुई, एकदिवसीयमा २४ र टी-२० मा ३५ विकेट लिएका छन्। एकदिवसीयमा उनले एकपटक चार विकेट लिए। वासिमले गत वर्ष नै टेस्ट र एकदिवसीयमा डेब्यु गरेका थिए।

■ निर्वाचनको माहोल बनाउँदै पूर्वकप्तान पारस

पूर्वकप्तान पारस खड्काले क्यानको आसन्न निर्वाचनमा आफ्नो तयारी सुरु गरेका छन्। सोसल मिडियामा बिहीबार खड्काले साउनमा हुने काठमाडौं जिल्ला क्रिकेट संघको निर्वाचनका लागि योग्यता पुगेका सबैलाई सदस्यता लिन र सदस्यता नवीकरण गर्न आग्रह गरेका छन्। उनले राष्ट्रिय खेलाडी, अम्पायर, स्कोरर, क्लब र स्टेकहोल्डरलाई सदस्यता लिन आग्रह गरेका हुन्। ‘अहिलेको सबैभन्दा महत्त्वपूर्ण पक्ष जिल्लाको चुनाव रहेकाले सम्पूर्ण राष्ट्रिय खेलाडी, अम्पायर, स्कोरर, क्लब र स्टेकहोल्डरलाई आ-आफ्नो सदस्यता लिन आग्रह गर्दछु,’ उनले भने।



खड्काले जिल्लादेखि नै असल नेतृत्व छानेर पठाउन आग्रहसमेत गरे। ‘नेपाली क्रिकेट अघि बढ्न चाहन्छ, हामीले जिल्लादेखि नै संरचना परिवर्तन गर्नुपर्ने बेला भइसकेको छ,’ सोसल मिडियामा लाइभ गर्दै उनले भने, ‘सबैलाई विधानअनुसार सदस्यता नवीकरण गरेर नेपाली क्रिकेटलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्नुहुन अनुरोध छ।’ पूर्वकप्तान खड्काले तीन वर्षअघि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका थिए।

१५ असारमा क्यानको केन्द्रीय कार्यसमितिको बैठकले जिल्ला, प्रदेश र केन्द्रीय निर्वाचनको मिति तोकेको थियो। यससँगै अहिले क्रिकेटको चुनावी माहोल तातेको छ। क्यानले १६ असारदेखि १० साउनभित्र साधारण सदस्यता वितरण गर्न सम्बन्धित जिल्ला संघलाई जिम्मेवारी दिएको छ।

काठमाडौं जिल्ला क्रिकेट संघले २६ असारमा सूचना जारी गर्दै सदस्यता लिन र नवीकरण गर्न आग्रह गरेको थियो। जिल्ला क्रिकेट संघको निर्वाचन साउन मसान्तसम्म सकाउनुपर्ने क्यानले जनाएको छ। प्रदेश निर्वाचन १० भदौमा हुनेछ। त्यसपछि क्यानको केन्द्रीय निर्वाचन ५ र ६ असोजमा हुनेछ।

● यो एउटा अवसर हो



रोहितकुमार पौडेल,
कप्तान, नेपाल

हामी इमर्जिङ कपमा हरेक खेल जित्नकै लागि खेल्छौं, सबैले त्यही मानसिकता राखेका छन्, यो एउटा अवसर हो। यसै कारण प्रत्येक खेलमा कडा मिहिनेत हुनेछ।

खेल संक्षेप

पदक विजेता सुमन सम्मानित



काठमाडौं/ नेपाल वादोरियो कराँते डो संघले अमेरिकामा भएको युएस ओपन वर्ल्ड मार्सल आर्ट्स् च्याम्पियनसिपका स्वर्ण विजेता सुमन तिमल्सिनालाई सम्मान गरेको छ। सिनियर पुरुष एकल कातामा स्वर्ण जितेका सुमनलाई वादोरियो कराँते संघको तेस्रो केन्द्रीय महाधिवेशनको उद्घाटन अवसरमा सम्मान गरिएको हो। युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले सुमनलाई प्रशंसापत्र प्रदान गरी एक कार्यक्रमबीच सम्मान गरे। सोही अवसरमा श्रीलंकामा भएको तेस्रो अन्तर्राष्ट्रिय खुला कराँते प्रतियोगिताका पदक विजेता कमरुद्दिन अली (स्वर्ण), संयम कँडेल (स्वर्ण), शोभाकर पन्त (रजत) र पुरुषोत्तम पोखरेल (रजत) सम्मानित भए। १९औँ अन्तर्राष्ट्रिय ओकिनावा गोजुरियो इपोह सिटी ओपन कराँतेका स्वर्ण विजेता देवकुमार शाह, प्रसिद्धि शर्मा, प्रशेष शाही, आरोन शेरचन, सुशान्त खड्का, समीक्षा कार्की, रजत विजेता आकृति कँडेल र कांस्य विजेता वैश्नवी शर्मालाई पनि सम्मान गरियो। भारतमा भएको प्रथम इन्डो-नेपाल खुला कराँते प्रतियोगितामा स्वर्ण जितेका सागर काफ्ले, शरद कुँवर, अर्पण भण्डारी, विवेक विक, रजत जितेका सावित्री भण्डारी र मनीष रोकामगर तथा कांस्य विजेता युगन बस्याल र विसन थापामगर पनि सम्मानित भए।

बागमती हाप्किडो संघमा गुरुङ

काठमाडौं/ नेपाल हाप्किडो संघ बागमती प्रदेशको अध्यक्षमा मनोज गुरुङ निर्वाचित भएका छन्। बिहीबार काठमाडौंमा भएको बागमती प्रदेशस्तरीय भेलाले गुरुङको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको हो। संघको उपाध्यक्षमा मन्दिरा शाक्य र दावादोर्जे योन्जन, सचिवमा सुदीप तमाङ र कोषाध्यक्षमा रेलिमाई गुरुङ रहे। नेपाल हाप्किडो संघका केन्द्रीय अध्यक्ष कालीबहादुर घर्तीमगरको अध्यक्षता तथा बागमती प्रदेशका बोर्ड सदस्य हिक्मत थपलियाले आ-आफ्नो विचार राखेका थिए। भेलामा विभिन्न जिल्लाका प्रतिनिधि, प्रशिक्षक र खेलाडीहरूको उपस्थिति थियो।

महरेजलाई भित्र्याउने अल अहलीको कसरत

दुबई/ साउदी अरेबिया प्रो लिगको अल अहलीले म्यानचेस्टर सिटीका प्रमुख खेलाडी रियाद महरेजलाई भित्र्याउने अभियान थालेको छ। इंग्लिस प्रिमियर लिगको विजेता क्लब सिटीका स्ट्राइकर महरेजलाई ३० मिलियन पाउन्ड प्रस्ताव साउदी क्लबले पठाएको छ। सिटीले साउदी क्लबको प्रस्ताव पुनर्विचार गर्ने जनाएको छ। महरेजले आफ्नो फुटबल करिअर साउदी लिगमा सकाउने जनाइसकेका छन्। महरेजले आफ्नो मार्केट मूल्य ४३ मिलियन पाउन्ड राखेका छन्।

साथसाथै, कम्तीमा दुई वर्षको सम्झौता हुनुपर्ने उनको भनाइ छ। सिटीमा उनको सम्झौता दुई वर्ष बाँकी छ। अल नासेर, अल किलाल तथा अल इतिहाद क्लबले ३३ वर्षीय महरेजमाथि नजर लगाएका छन्। गत सिजनमा सिटीका लागि उनले उत्कृष्ट प्रदर्शन गरेका थिए। साउदी प्रो लिगमा पोर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डोको आगमनसँगै युरोपमा नाम चलेका खेलाडीको अनुबन्ध तीव्र गतिमा भइरहेको छ।

यसैबीच, अल नासेरलाई लेस्टर सिटीको ऋण नतिर्दासम्म खेलाडीलाई अनुबन्ध गर्न प्रतिबन्ध लगाएको छ। फिफाले नासेरलाई लेस्टर सिटीलाई तिर्नुपर्ने रकम नतिरेसम्म खेलाडी अनुबन्ध गर्न प्रतिबन्ध लगाएको फिफाले जनाएको छ। अल नासेरले गत वर्ष क्रिस्टियानो रोनाल्डोलाई अनुबन्ध गर्दै सनसनी मच्चाएको थियो।

सात सय विकेट लिने आश्विन तेस्रो भारतीय



क्यारेबियन/ स्पिनर रविचन्द्रन आश्विन अन्तर्राष्ट्रिय क्रिकेटमा सात सय विकेट लिने तेस्रो भारतीय खेलाडी बनेका छन्। वेस्ट इन्डिजविरुद्धको पहिलो टेस्टमा आश्विनले यो सफलता प्राप्त गरेका हुन्। उनले पहिलो इनिङ्समा पाँच विकेट लिँदा घरेलु टोली वेस्ट इन्डिज एक सय ५० रनमा समेटियो। उनले २४.३ ओभरमा ६० रन खर्चेर पाँच विकेट हात पारे। समग्रमा आश्विनले ९२ टेस्टमा सात सय दुई विकेट लिन सफल भएका छन्। क्रिकेटको तीनवटै फम्र्याटमा सर्वाधिक विकेट लिने सूचीमा उनी १६औँ स्थानमा छन्।

उनले दक्षिण अफ्रिकाका फास्ट बलर डेल स्टेनलाई पछि पारेका छन्। स्टेनले समग्रमा ६ सय ९९ विकेट हात पारेका छन्। भारतका लागि अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा धेरै नौ सय ५६ विकेट लिने खेलाडी अनिल कुम्बले हुन्। भारतका स्पिनर हरभजन सिंहले सात सय ११ विकेट लिए। वेस्ट इन्डिजविरुद्धको खेलमा आश्विनले अर्को एउटा रेकर्ड पनि आफ्नो नाममा राखेका छन्।

उनले टेस्ट करिअरमा ३३ पटक पाँच विकेटभन्दा बढी प्रदर्शन गरेका छन्। एकै इनिङ्समा पाँच विकेटभन्दा बढी संख्या पुऱ्याउने समीकरणमा आश्विनले इंग्ल्यान्डका जेम्स एन्डरसनलाई पछि पारे। आश्विनले ३३ पटक पाँच विकेटको प्रदर्शन गरेका छन्। जेम्सले ३२ पटक पाँच विकेट लिए। टेस्ट क्रिकेटमा श्रीलंकाका स्पिनर मुथैया मुरलीधरणले विश्व रेकर्डका रूपमा ६७ पटक पाँच विकेटभन्दा बढी प्रदर्शन गरका छन्। आश्विनले टेस्टमा ९६ पटक ब्याट्सम्यानलाई बोल्ड गरेको रेकर्ड पनि राखे।

सर्वाधिक विकेट

खेलाडी	राष्ट्र	खेल	विकेट
मुथैया मुरलीधरण	श्रीलंका	४९५	१३४७
सेन वार्न	अस्ट्रेलिया	३३९	१००१
जेम्स एन्डरसन	इंग्ल्यान्ड	३९४	९७५
अनिल कुम्बले	भारत	४०३	९५६
ग्लेन म्याकग्राथ	अस्ट्रेलिया	३७६	९४९
वासिम अक्रम	पाकिस्तान	४६०	९१६
स्टुवार्ट ब्रोड	इंग्ल्यान्ड	३४२	८४१

सावित्राको गोलमा नेपाल जोगियो

बंगलादेशविरुद्ध सावित्रा भण्डारीले खेलको अन्तिम इन्जुरी समयमा गोल गर्दै नेपाललाई हारबाट जोगाइन्

नयाँ पत्रिका
काठमाडौं, २८ असार



सावित्रा भण्डारीले अन्तिम इन्जुरी समयमा गोल गरेपछि नेपालले बंगलादेशलाई पहिलो मैत्रीपूर्ण फुटबल प्रतियोगितामा १-१ को बराबरीमा रोकेको छ। ढाकास्थित कमल रंगशालामा बिहीबार बंगलादेशले १-० को अग्रता रक्षा गर्न नसक्दा नेपालसँग बराबरी खेल्न बाध्य भयो। आइतबार दोस्रो खेल हुनेछ। खेलको ६५औँ मिनेटमा बंगलादेशले १-० को अग्रता लियो। मिडफिल्डर सरु लिम्बूले बल फुत्काएपछि बंगलादेशकी कप्तान सविना खातुनले सहजै बक्सभित्रबाट अग्रता गोल गरिन्।

एक गोलले पछि परेपछि नेपाल दबाबमा देखियो। प्रशिक्षक अनन्तराज थापाले कप्तान रेनुका नगरोटीको स्थानमा अनिता केसीलाई मैदान प्रवेश गराएपछि नेपालले खेलमा सुधार ल्यायो। नेपाल निर्धारित ९० मिनेटसम्म १-० ले पछि नै थियो। लगभग नेपाल हारतर्फ उन्मुख भइसकेको थियो। खेलको अन्तिम चार मिनेटको इन्जुरी समयमा सावित्राले बराबरी गोल फर्काइन्।

बंगलादेशको कमजोर रक्षापंक्तिको फाइदामा सावित्राले रेखा पौडेलको पासमा गोल गरेकी हुन्। यसअघि रेनुका बाहिरिएपछि एन्जिला तुम्बाप्पो सुब्बाले कार्यवाहक कप्तानीको ‘आर्म ब्यान्ड’ लगाएकी थिइन्। दोस्रो हाफमा रश्मिकुमारी घिसिङ र रेखाले सावित्रासँगै नेपालको अग्रपंक्ति सम्हालेका हुन्।

■ आक्रमणमा नेपाल बलियो

नेपाल बंगलादेशविरुद्ध पूरै समय आक्रामक रूपमा रह्यो। गत असारमा काठमाडौंमा भएको साफ महिला च्याम्पियनसिपको फाइनलमा नेपाल बंगलादेशसँग १-० ले पराजित भएको थियो। पहिलो मैत्रीपूर्ण खेलको ५६औँ मिनेटमा सावित्राले बक्सभित्रबाट प्रहार गरेको बललाई बंगाली रक्षकले क्लियर गरिन्। खेलको ७३औँ मिनेटमा नेपालले सुनौलो अवसर गुमाएको थियो।

सावित्राको पासमा रश्मिले बक्सभित्रबाट प्रहार गरेको बललाई बंगाली गोलकिपर चक्माले उत्कृष्ट बचाउ गरेकी थिइन्। खेलको ७५औँ मिनेटमा बंगलादेशले दोस्रो गोल गर्ने अवसर गुमायो। सविनाले वान भर्सेस वानको अवस्थामा प्रहार गरेको बललाई नेपालकी गोलरक्षक एन्जिलाले उत्कृष्ट बचाउ गरेकी थिइन्।

चारै टोलीको फाइनल पुग्ने सम्भावना

प्रधानमन्त्री राष्ट्रिय भलिबलको पुरुषतर्फ हेल्प नेपाल, नेपाल पुलिस, त्रिभुवन आर्मी र एपिएफ क्लबमध्ये दुई टोली फाइनलमा पुग्ने



नयाँ पत्रिका
काठमाडौं, २८ असार

सातौं प्रधानमन्त्री राष्ट्रिय भलिबल प्रतियोगिताअन्तर्गत पुरुषतर्फ चारै टोलीले फाइनलको आशा जीवितै राखेका छन्। अब लिग चरणको अन्तिम खेलबाटै फाइनल पुग्न दुई टोलीको छिनोफनो हुनेछ। राष्ट्रिय खेलकुद कभर्डहलमा बिहीबार हेल्प नेपालसँगै नेपाल पुलिस, त्रिभुवन आर्मी र एपिएफले अन्तिम दुई स्थानको आशा कायम राखेका हुन्। पुरुषतर्फ ६ खेलबाट हेल्प नेपाल १३ अंकका साथ शीर्ष स्थानमा छ। दोस्रो स्थानमा रहेको पुलिसले १२ अंक जोडेको छ। आर्मी र एपिएफले समान ११ अंक बटुलेका छन्। लिग चरणको अन्तिम खेलमा एपिएफ र पुलिसबीच खेल हुनेछ। हेल्प नेपालले आर्मीको सामना गर्नेछ। पुरुषतर्फ गण्डकी प्रदेशसँगै शैलुङ बाघढुंगा र दावाली मिलन क्लब बाहिरिइसकेका छन्।

हेल्प नेपाल अपराजित

तीन पाकिस्तानी र भारतीय सेनामा आबद्ध खेलाडीलाई समावेश गरेको हेल्प नेपाल पाँचौं खेलसम्म अपराजित छ। हेल्प नेपालले बिहीबार एपिएफलाई ३-२ को सेटमा हरायो। रोमाञ्चक खेलमा हेल्प नेपालले दुई अंक र एपिएफले एक अंक जोड्यो। हेल्प नेपालले पहिलो सेट २७-२५ र दोस्रो सेट २५-१७ ले जितेको थियो। एपिएफले पुनरागन गर्दै तेस्रो सेट २५-२१ र चौथो सेट २५-२३ ले जित्दै २-२ को बराबरी गऱ्यो।

निर्णायक पाँचौं सेटमा पाँच अंकले पछि रहेको हेल्प नेपाल उत्कृष्ट पुनरागमन गर्दै १६-१४ को जित निकाल्न सफल भयो। हेल्प नेपालले पाँच खेलमा १५ सेटमा केवल चार सेट गुमाएको छ। एपिएफले १३ सेट जित्दा ६ सेटमा हारको सामना गरेको छ।

पुलिसले आर्मीको चौथो खेलसम्मको अपराजित यात्रामा पूर्णविराम लगाएको छ। राष्ट्रिय टोलीको बाहुल्यता रहेको आर्मीलाई पुलिसले ३-० को सोझो सेटमा पराजित गर्दै तीन अंक जोडेर उपाधि दौडमा फर्किएको हो।

एपिएफ अन्तिम दुई नजिक

महिलातर्फ नेपाल पुलिस फाइनल पुगिसकेको छ। न्यु डायमन्डलाई सोझो सेटमा हराएपछि एपिएफ फाइनलनजिक पुगेको छ। एपिएफले न्यु डायमन्डलाई २५-१९, २५-१८ र २५-१२ ले पराजित गऱ्यो। अब पुलिस र न्यु डायमन्डबीच प्रतिस्पर्धा हुँदै छ। न्यु डायमन्ड फाइनल पुग्न पुलिसलाई सोझो सेटमा हराउनुपर्छ। यो नतिजा आउँदा एपिएफ बाहिरिनेछ। पुलिसले चार खेलबाट १२ अंक र एपिएफको ५ खेलबाट ११ अंक छ। न्यु डायमन्डको ४ खेलबाट ८ अंक छ। आर्मी, गण्डकी प्रदेश र एभेरस्ट भलिबल क्लब प्रतियोगिताबाट बाहिरिइसकेका छन्।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आय वर्ष 2079/80 को आयकरको तेस्रो किस्ता वापतको कर दाखिला गर्ने सम्बन्धी जरूरी सूचना

आयकर ऐन, २०५८ को दफा ५४ को उपदफा (१) बमोजिम आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ५५ बमोजिम कारोवारको अनुमानित करको विवरण अनुसार तिर्नुपर्ने आय वर्ष २०७५/८० को अनुमानित करको शतप्रतिशत रकम मध्ये तिर्न बाँकी कर रकम (तेस्रो किस्ता आयकर) २०८० असार महिनाभित्र दाखिला गर्नु पर्ने कानूनी व्यवस्था भएकोले सो अनुसार म्याद भित्रै दाखिला गर्नु हुन अनुरोध छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com